# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २८, अङ्क १७ | २०७६, पुस १-१५ | पूर्णाङ्क ६५९



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री रूद्रप्रसाद पोखेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिष्ट्रार श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री गोपी विश्वकर्मा
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री गीता लुइँटेल
ना.सु. श्री यशोदा निरौला
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री गंगा थापा
बुकबाइन्डर श्री धनमाया मानन्धर

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| पूर्ण इजलास | २ | | |
| संयुक्त इजलास | १३ | | |
| इजलास नं. १ | ४ | इजलास नं. १० | ५ |
| इजलास नं. २ | ५ | इजलास नं. ११ | २ |
| इजलास नं. ३ | ७ | इजलास नं. १२ | २ |
| इजलास नं. ४ | ७ | इजलास नं. १३ | २ |
| इजलास नं. ५ | ५ | इजलास नं. १४ | २ |
| इजलास नं. ६ | ४ | इजलास नं. १५ | २ |
| इजलास नं. ७ | ७ | इजलास नं. १६ | ३ |
| इजलास नं. ८ | १० | | |
| इजलास नं. ९ | ६ | | |
| जम्मा | ७० | जम्मा | १८ |

कूल जम्मा ७० + १८ = ८८

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७६, पुस – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| पूर्ण इजलास | | | १ – ३ |
| १. | हक कायम नामसारी दर्ता खिचोलासमेत | आशामाया महर्जन वि. शिलतारा श्रेष्ठ | १ |
| २. | उत्प्रेषण / परमादेश | दीपक विष्ट वि. जिल्ला स्वास्थ्य कार्यालय, रूकुमसमेत | २ |
| संयुक्त इजलास | | | ३ – १० |
| ३. | अपुताली हक कायम | मोहराति कोरीसमेत वि. पल्टु कोरी | ३ |
| ४. | उत्प्रेषण / परमादेश | पदमकृष्ण न्हुच्छे प्रधानसमेत वि. द्वारिकानाथ महर्जनसमेत | ४ |
| ५. | जग्गा खिचोला अपुताली हक कायम दर्ता चलन | नन्दलालप्रसाद यादव वि. वकिलप्रसाद यादव | ४ |
| ६. | उत्प्रेषण / परमादेश | भिमसेन खतिवडा वि. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसमेत | ४ |
| ७. | उत्प्रेषण / परमादेश | श्यामप्रसाद ढकालसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंसमेत | ६ |
| ८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रमेश भन्ने अमर सिंह कार्की | ७ |

| | | | |
|---|---|---|---|
| ९. | जिउ मास्ने बेच्ने | नेपाल सरकार वि. शिशुपाल चौधरी | ८ |
| १०. | अदालतको अवहेलना | नेत्रप्रकाश पन्त वि. अर्जुनबाबु ढकाल | ९ |
| ११. | उत्प्रेषण / प्रतिषेध | नेत्रप्रकाश पन्त वि. खानेपानी तथा सरसफाइ मन्त्रालयसमेत | ९ |
| १२. | नकबजनी चोरी | वृजकिशोर साह वि. नेपाल सरकार | १० |
| इजलास नं. १ | | | १० – १४ |
| १३. | उत्प्रेषण / परमादेश | बुद्धेश्वर चौधरी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबारसमेत | १० |
| १४. | अंश चलन | मैयादेवी श्रेष्ठसमेत वि. नितु श्रेष्ठ | ११ |
| १५. | निषेधाज्ञा | असगर अली नाउ वि. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत | १३ |
| १६. | लागु औषध (डाइजेपाम र नुर्फिन) | भिमबहादुर विश्वकर्मा वि. नेपाल सरकार | १३ |
| इजलास नं. २ | | | १४ – १९ |
| १७. | जबरजस्ती करणी | नेपाल सरकार वि. गोपाल बस्नेतसमेत | १४ |
| १८. | बन्दी प्रत्यक्षीकरण | मधुसुदन खनाल वि. कास्की जिल्ला अदालत, कास्कीसमेत | १६ |

| | | | |
|---|---|---|---|
| १९. | बन्दी प्रत्यक्षीकरण | अयुषहर्ष बज्राचार्य वि. प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्युरो महाराजगन्जसमेत | १७ |
| २०. | उत्प्रेषण | खगेन्द्र महत वि. दंगा नियन्त्रण प्रहरी गण, कोहलपुरसमेत | १७ |
| २१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. छागुर पासीसमेत | १८ |
| **इजलास नं. ३** | | | **१९ – २७** |
| २२. | लगत कट्टा निर्णय बदर | लम्बोदर मुनकर्मी वि. गुठी संस्थान केन्द्रीय कार्यालय, डिल्लीबजार | १९ |
| २३. | मानव बेचबिखन | मिठ्ठुकुमारी शाहसमेत वि. नेपाल सरकार | २० |
| २४. | उत्प्रेषण | अरूणकुमार ठाकुर वि. शिक्षक सेवा आयोग, सानोठिमीसमेत | २२ |
| २५. | उत्प्रेषण | गीता कोइराला वि. शिक्षक सेवा आयोग, सानोठिमीसमेत | २३ |
| २६. | उत्प्रेषण | सानुमाया महर्जन वि. राजु मुनिकारसमेत | २४ |
| २७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पम्फा मगर | २५ |
| २८. | उत्प्रेषण / परमादेश | इन्द्रबहादुर खत्री वि. सार्वजनिक खरिद पुनरावलोकन समिति, ताहाचलसमेत | २६ |
| **इजलास नं. ४** | | | **२७ – ३३** |
| २९. | कर्तव्य ज्यान | खरिन्द्र वि.क. वि. नेपाल सरकार | २७ |
| ३०. | कर्तव्य ज्यान | लोप्चन तामाङसमेत वि. नेपाल सरकार | २८ |
| ३१. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. कुवेश गुरूङसमेत | २९ |
| ३२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. अनन्तराय यादवसमेत | ३० |
| ३३. | उत्प्रेषण / प्रतिषेध | देवेन्द्रप्रसाद ध्वजु वि. आन्तरिक राजस्व कार्यालय, बुटवलसमेत | ३१ |
| ३४. | उत्प्रेषण / परमादेश | उपेन्द्रकुमार यादव वि. कर सङ्कलन शाखा, आन्तरिक राजस्व कार्यालय, सिमरासमेत | ३२ |
| **इजलास नं. ५** | | | **३३ – ३७** |
| ३५. | उत्प्रेषण / परमादेश | उमा भुसाल वि. साना किसान कृषि सहकारी संस्था लिमिटेडसमेत | ३३ |
| ३६. | कर्तव्य ज्यान | चुल्हाई दाससमेत वि. नेपाल सरकार | ३४ |
| ३७. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. रंजित ठाकुरसमेत | ३५ |
| ३८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. जलाती बोहरासमेत | ३५ |
| ३९. | जबरजस्ती करणी | राधाप्रसाद श्रेष्ठ वि. नेपाल सरकार | ३६ |
| **इजलास नं. ६** | | | **३७ – ४१** |
| ४०. | कर्तव्य ज्यान | उमानाथ गहतराज वि. नेपाल सरकार | ३७ |
| ४१. | लागु औषध (गाँजा) | नेपाल सरकार वि. शम्भुराम | ३८ |

| | | | |
|---|---|---|---|
| ४२. | कर्तव्य गरी ज्यान मारी लास बेपत्ता पारेको | उत्तरबहादुर गिरी वि. नेपाल सरकार | ३९ |
| ४३. | कर्तव्य ज्यान | शंकर थापा मगर वि. नेपाल सरकार | ४० |
| **इजलास नं. ७** | | | ४१ – ४९ |
| ४४. | चेक अनादर | भूपेन्द्र बानियाँ वि. मणिराज श्रेष्ठ | ४१ |
| ४५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. ध्रुवबहादुर सुनुवार | ४२ |
| ४६. | उत्प्रेषण | अधिवक्ता अर्जुनकुमार अर्याल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ४३ |
| ४७. | बन्दी प्रत्यक्षीकरण | साङ्गे शेर्पासमेत वि. राजस्व अनुसन्धान विभाग हरिहरभवनसमेत | ४४ |
| ४८. | लिखत दर्ता बदर दर्ता | मालती देवी वि. नन्दकिशोर राय यादव | ४६ |
| ४९. | भ्रष्टाचार | सुरथ देउजा क्षेत्री वि. नेपाल सरकार | ४७ |
| ५०. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. गोमा भुजेलसमेत | ४८ |
| **इजलास नं. ८** | | | ४९ – ५६ |
| ५१. | जबरजस्ती करणी | नेपाल सरकार वि. बलराम महतो | ४९ |
| ५२. | नामसारी निर्णय बदर, बकसपत्र लिखत दर्ता बदर, दर्ता कायम | कौशिला लिम्बू वि. बसन्तमाया लिम्बूसमेत | ५० |
| ५३. | उत्प्रेषण | रामकुमार थापा वि. महानगरीय प्रहरी आयुक्तको कार्यालय, रानीपोखरी काठमाडौंसमेत | ५० |
| ५४. | उत्प्रेषण | शैलेन्द्रकुमार सिंह वि. मध्य क्षेत्रीय प्रहरी कार्यालय, कर्मचारी प्रशासन शाखा, हेटौंडासमेत | ५१ |
| ५५. | लागु औषध (ब्राउन सुगर) | उदयबहादुर कार्की वि. नेपाल सरकार | ५२ |
| ५६. | दोहोरो जनाएको स्रेस्ता कट्टा गरी जग्गा दर्ता नामसारी गरिपाउँ | हरिकृष्ण प्रधान वि. उर्मिला कुँवर | ५२ |
| ५७. | फैसला बदर | ओमकला रिजालसमेत वि. नारायण रिजालसमेत | ५३ |
| ५८. | लेनदेन | युगिन्द्र मगर वि. कुमारबहादुर राजभण्डारी | ५४ |
| ५९. | बन्दी प्रत्यक्षीकरण | रोशन थापा वि. बाँके जिल्ला अदालतसमेत | ५५ |
| **इजलास नं. ९** | | | ५६ – ६१ |
| ६०. | वैदेशिक रोजगार कसुर | सुनिलकुमार लामा वि. नेपाल सरकार | ५६ |
| ६१. | उत्प्रेषण / परमादेश | मृगेन्द्रबहादुर प्रधान वि. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सानोठिमी, भक्तपुरसमेत | ५७ |

| | | | |
|---|---|---|---|
| ६२. | रैकर परिणत जग्गा दर्ता | तारादेवी मरहट्ठासमेत वि. रामप्रसाद मरहट्ठासमेत | ५८ |
| ६३. | अपहरण तथा शरीर बन्धक | नेपाल सरकार वि. अजय आचार्यसमेत | ५९ |
| ६४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रेम सुब्बासमेत | ६० |
| **इजलास नं. १०** | | | **६१ – ६४** |
| ६५. | बन्दी प्रत्यक्षीकरण | मोहनबहादुर कार्कीको हकमा मोहनमाया कार्कीसमेत वि. गृह मन्त्रालय सिंहदरबारसमेत | ६१ |
| ६६. | बन्दी प्रत्यक्षीकरण | प्रेम न्यौपाने वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | ६२ |
| ६७. | किर्ते जालसाजी | तेतरी थरूनी वि. रामचन्द्र प्रसाद यादवसमेत | ६३ |
| **इजलास नं. ११** | | | **६५ – ६६** |
| ६८. | लिखित बदर | बलराम थापा वि. राधिका लामासमेत | ६५ |
| ६९. | मानव जबरजस्ती करणी | नेपाल सरकार वि. अर्जुन भुजेलसमेत | ६५ |
| **इजलास नं. १२** | | | **६६ – ६९** |
| ७०. | उत्प्रेषण / परमादेश | सुशीला सापकोटा वि. औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, केन्द्रीय कार्यालय, बालाजु, काठमाडौंसमेत | ६६ |
| ७१. | उत्प्रेषण / परमादेश | मिनु श्रेष्ठ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत | ६७ |
| **इजलास नं. १३** | | | **६९ – ७०** |
| ७२. | उत्प्रेषण / परमादेश | तेजकुमारी तिवारी वि. जानुका विष्टसमेत | ६९ |
| **इजलास नं.१४** | | | **७० – ७१** |
| ७३. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. अमितकुमार साह | ७० |
| ७४. | जबरजस्ती करणी | गणेशबहादुर परियार वि. नेपाल सरकार | ७० |
| **इजलास नं.१५** | | | **७१ – ७३** |
| ७५. | लागु औषध साइकोट्रीपिक | नेपाल सरकार वि. दीपक तामाङसमेत | ७१ |
| ७६. | लागु औषध ब्राउन सुगर | नेपाल सरकार वि. इन्द्रबहादुर थापासमेत | ७३ |
| **इजलास नं. १६** | | | **७३ – ७६** |
| ७७. | वैदेशिक रोजगार कसुर | सुवास राई वि. नेपाल सरकार | ७३ |
| ७८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. संजय यादव | ७४ |
| ७९. | कर्तव्य ज्यान | रामउदगार सदा वि. नेपाल सरकार | ७५ |

## पूर्ण इजलास

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे, मा.न्या.श्री डम्बरबहादुर शाही र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७३-NF-००४३, हक कायम नामसारी दर्ता खिचोलासमेत, *आशामाया महर्जन वि. शिलतारा श्रेष्ठ*

पुनरावेदन अदालतको आदेशले भएको नक्साको अवलोकन गर्दा न.नं. ९, १०, ११ र १२ लाई विवादित भनी संकेत गरेको देखियो भने न.नं. १३, १४ र १५ मा प्रत्यर्थी वादीको कि.नं. ७३६ को जग्गामा प्रत्यर्थी वादीले कम्पाउन्ड लगाई शौचालय र टहरा निर्माण गरी भोगचलन गरेको देखियो । न.नं.९ देखि १२ सम्म संकेत गरिएको विवादित कि.नं. १२५ र न.नं. १३-१५ सम्मको प्रत्यर्थी वादीको कि.नं. ७३६ को जग्गालाई एउटै कि.नं. १७८ कायम गरेको देखिन्छ । सोही कि.नं. १७८ भित्र नै विवादित न.नं. ९ देखि १५ सम्मका विवादित घर टहरासमेतका भौतिक संरचना निर्माण भएको देखिन्छ । त्यस कुरालाई पुनरावेदिकाले अन्यथा भन्न सकेको देखिँदैन । पुनरावेदिका प्रतिवादीले कि.नं. १२५ को हाल कायम भएको कि.नं. १७८ को जग्गामा आफूले २०४० सालमा अस्थायी प्रकृतिका घर टहरा बनाई प्रत्यर्थी वादीलाई भाडामा दिएको हो भनी पुनरावेदन जिकिर गरेको भए पनि पुनरावेदिका प्रतिवादीले प्रत्यर्थी वादीलाई घर भाडामा दिएको प्रमाण पेस गर्न सकेको देखिँदैन । प्रत्यर्थी वादीले २०३३ सालदेखि संरचना निर्माण गर्न थालेको देखिन्छ । यसरी पुनरावेदिकाको ससुरा लक्ष्मीनारायण महर्जनले मिति २०२९।१२।३० मा घरसारको लिखत गरी साबिक कि.नं. १२५ को जग्गा प्रत्यर्थी वादीलाई हक हस्तान्तरण गरेको समयदेखि नै प्रत्यर्थी वादीले घर टहरासमेतका भौतिक संरचना निर्माण गरी भोगचलन गर्दै आएको देखिएको र अन्य मिसिल संलग्न प्रमाण कागजहरूबाट पनि उक्त कि.नं.१२५(१७८) को जग्गा एवम् घर टहरामा प्रत्यर्थी वादीको नै हक भोग रहेको देखिने ।

यस अदालतबाट मिति २०७४।२।१९ को मुद्दा पुनरावलोकनको आदेशमा वादी शिलतारा श्रेष्ठले मिति २०२९।१२।३० मा कि.नं.१७८ को जग्गा प्रतिवादी आशामाया महर्जनको ससुरा लक्ष्मीनारायण महर्जनबाट रू.१०,०००।– मा घरसारको राजीनामाबाट खरिद गरी लिएको अवस्थामा उक्त घरसारको राजीनामा लिखतलाई मान्यता दिई जग्गामा वादी शिलतारा श्रेष्ठको हक कायम हुने ठहर्‍याई यस अदालतको संयुक्त इजलासबाट मिति २०७३।३।१ मा भएको फैसला ने.का.प. २०५५, पौष, निर्णय नं.६६००, ने.का.प. २०६५, आषाढ, निर्णय नं. ७९३९, ने.का.प. २०५७, जेष्ठ, निर्णय नं. ६८५५ र ने.का.प. २०६१, भाद्र, निर्णय नं. ७३७५ मा प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल भन्ने उल्लेख भएको छ । ती प्रतिपादित सिद्धान्तको अवलोकन गर्दा अचल सम्पत्ति बिक्री वा अरू कुनै किसिमले हक छाडी दिएको लिखत रजिस्ट्रेसन भएको हुनुपर्छ भन्ने कुराको उजागर भएको देखिन्छ । मुलुकी ऐन, रजिस्ट्रेसन महलको १ नं. मा बिक्री गरी वा अरू कुनै किसिमले आफ्नो हक छोडिदिएको लिखत रजिस्ट्रेसन गराउनु पर्छ भन्ने व्यवस्था छ । उक्त कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्तअनुसार मिति २०२९।१२।३० को लिखतमा रू.१०,०००।– थैली उल्लेख भएको कारण लिखत रजिस्ट्रेसन हुनुपर्ने भए पनि पुनरावेदिका प्रतिवादीको ससुरा लक्ष्मीनारायण महर्जनले मिति २०२९।१२।३० मा आफ्नी श्रीमती पुनमाया र छोराहरू जितमान एवम् कान्छा महर्जनलाई साक्षी राखी लिखत गरेर जग्गाको हक हस्तान्तरण गरेपछि प्रत्यर्थी

वादीले घर टहरा बनाई बसोबास गरी भोग गर्दै आएको कुरा मिति २०६६।१२।१७ र मिति २०४४।१२।११ मा भएको नक्सा मुचुल्काबाट देखिने।

भोगाधिकारको समयावधि कानूनले तोकेको हुनसक्छ। भोगाधिकार एउटा तथ्य हो, जुन अविच्छिन्नरूपमा लामो सयम शान्तिपूर्वक कायम रही स्वामित्व प्राप्त हुने भन्ने सम्बन्धमा र ने.का.प. २०७५, आषाढ, निर्णय नं. ९९७६ मा सिद्धान्त प्रतिपादन भएको छ। यसरी प्रत्यर्थी वादीलाई पुनरावेदिकाको श्रीमान्समेत साक्षी राखी लक्ष्मीनारायण महर्जनले जग्गाको हक हस्तान्तरण गरेपछि जग्गा प्रत्यर्थी वादीकै भोगचलनमा रहेको देखिएको, वादीको ससुरा एवम् श्रीमान्को जीवनकालमा कुनै विवाद नभएको, रजिस्ट्रेसन नभएको मिति २०२९।१२।३० को लिखतको जग्गामा वादीले २०३३ सालदेखि भौतिक संरचना निर्माण गरी बसोबास गरी आएबाट सो घरसारको लिखतमा समावेश भएको जग्गामा वादीको चीर भोगाधिकार रहेको देखियो। त्यस तथ्यलाई माथि उल्लिखित प्रतिपादित सिद्धान्तले पनि पुष्टि भइरहेको हुँदा प्रत्यर्थी वादीको भोगाधिकारले मान्यता पाउने हुँदासमेतका आधार र कारणबाट यस अदालतबाट मुद्दा पुनरावलोकन गरी हेर्न प्रदान भएको अनुमति आदेशसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार कारणबाट मोही नामसारी विवादमा भूमिसुधार कार्यालयबाट कारबाही निर्णय हुने र विवादित घर टहरासहितको जग्गामा पुनरावेदिका प्रतिवादी आशामाया महर्जनसमेतको खिचोला मेटाई साबिकबमोजिम घर टहरासहितको जग्गामा प्रत्यर्थी वादी शिलतारा श्रेष्ठले यथावत् भोगचलन गर्न पाउने ठहर गरेको यस अदालतको संयुक्त इजलासको मिति २०७३।३।१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७५ साल जेठ १७ गते रोज ५ शुभम्।

२

**मा.न्या. श्री तेजबहादुर के.सी., मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, ०७३-WF-०००९, उत्प्रेषण / परमादेश, *दीपक विष्ट वि. जिल्ला स्वास्थ्य कार्यालय, रूकुमसमेत*

मुलत: नेपाल सरकार सचिवस्तरको मिति २०७२।१०।२८ र स्वास्थ्य सेवा विभागको मिति २०७२।१०।१२ को निर्णयले विपक्षी नन्दलाल महतोलाई गरिएको सरूवा संशोधन गैरकानूनी र अनाधिकार भएको भन्ने दाबी रहेको देखिए तापनि विपक्षी नन्दलाल महतोलाई मिति २०७२।७।२९ को निर्णयले जिल्ला जनस्वास्थ्य कार्यालय, रूकुमको दरबन्दीबाट जिल्ला जनस्वास्थ्य कार्यालय, धनुषा पठाएकोमा उक्त सरूवा नन्दलाल महतोले माग गरेअनुसार भएको भन्ने निवेदन दाबी देखिँदैन। विपक्षी नन्दलाल महतोको उमेर ५८ वर्ष भइसकेको र अवकाश हुने समय पनि थोरै बाँकी रहेको तथा निवेदक छैठौं तहको सि.अ.हे.व. भएको र आफू नन्दलाल महतो सातौं तह जनस्वास्थ्य निरीक्षक पदको कर्मचारी भएकोले सरूवा संशोधनको कारण दुवै जनाको पद र तह फरक फरक रहेकोले एक अर्कालाई असर पर्ने अवस्था छैन भन्ने विपक्षी नन्दलालको लिखित जवाफ देखिन्छ। स्वास्थ्य सेवा विभागको मिति २०७२।७।२९ सरूवा पत्र हेर्दा निवेदक दीपक विष्टको पदनाम सि.अ.हे.व. (छैठौं) र नन्दलाल महतोको पदनाम ज.स्वा.नि. छैठौं भए पनि एकै पदनाम देखिन नआउने।

निवेदकलाई मिति २०७२।७।२९ मा स्यालापाखा स्वास्थ्य चौकी रूकुमबाट जिल्ला स्वास्थ्य कार्यालय, रूकुममा सरूवा गर्दा नन्दलाल महतो सरूवा भई रिक्त भएको स्थानमा यी निवेदकलाई सरूवा गरेको भन्ने कुनै बेहोरा खुलेको पनि देखिँदैन। एकातर्फ मिति २०७२।१०।१५ को सरूवा संशोधन पत्रबाट समेत नन्दलाल महतो सरूवा भएको स्थानमा सरूवा भएका कर्मचारीलाई समेत उपयुक्त व्यवस्थापन

गर्नु हुन भनी जिल्ला स्वास्थ्य कार्यालय, रूकुमलाई बोधार्थ दिइए पनि सो बेहोराले यी निवेदकलाई सरूवा नै गरेको भन्ने पनि नदेखिने।

स्वास्थ्य सेवा विभागको च.नं.२२६४ मिति २०७२।१०।२८ को जिल्ला स्वास्थ्य कार्यालय, रूकुमलाई दिएको निर्देशनमा "ज.स्वा.नि. सातौं नन्दलाल महतोको जिल्ला स्वास्थ्य कार्यालय, रूकुमअन्तर्गत समान पदमा अन्य कसैको सरूवा नगरिएकोले दोहोरो नपर्ने गरी ज.स्वा.नि. नन्दलाल महतोको सरूवा संशोधन गरिएको हुँदा सि.अ.हे.व. दीपक विष्टलाई समेत त्यस कार्यालयमै उपयुक्त व्यवस्थापन गर्नु हुन मिति २०७२।१०।२५ को आदेशानुसार अनुरोध छ" भन्ने देखिएको छ। एउटै कार्यालयको एउटै पदमा समान प्रकृतिको काम गर्ने दुईजना व्यक्ति / कर्मचारी सरूवा भएको स्थिति हुन नहुने।

स्वास्थ्य सेवा विभागको मिति २०७२।१०।२८ को निर्देशनअनुसार निवेदक दीपक विष्टलाई मिति २०७२।७।२९ को सरूवाअनुसारको कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, रूकुममा नै व्यवस्थापन गर्ने गरी निर्देशन भइरहेकोले निवेदकले दाबी गरेको स्थानमा नै व्यवस्थापन हुनुपर्ने देखिन आयो। वस्तुत: निवेदकलाई सरूवा व्यवस्थापन गर्ने प्रयोजनको लागि तत्काल अन्यत्र सरूवा गर्ने अवस्थाको विद्यमानता नै नदेखिई निवेदन दाबीको औचित्यता हालको अवस्थामा विद्यमानता नदेखिँदा निवेदनमा जिकिर लिइएको सरूवा कानूनसम्मत भए नभएतर्फ थप केही विवेचना गरिरहनु परेन। निवेदकको निवेदन खारेज हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७४ साल माघ १८ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा.** ०७१-CI-०६३४, अपुताली हक कायम, *मोहराति कोरीसमेत वि. पल्टु कोरी*

प्रतिवादी पल्टु कोरीले मृतक लखन कोरीलाई जीवित हुँदा पालनपोषण र स्याहार सम्भार गरेको र मृत्युपछि मृत्यु संस्कार गरेको भनी अपुतालीको महलको ११ नं. बमोजिम अपुताली प्राप्त गरेको भन्ने प्रतिउत्तर जिकिर लिएकोमा र वादीहरूले आफ्नो नातामा व्यक्ति हुँदा पालन पोषण र मृत्युपछि काजकिरिया वादीमध्येको झिन्कु कोरीले गरेको भनी फोटोहरूसमेत पेस भएको मुद्दामा लखन कोरीको जीवित अवस्थामा स्याहार सम्भार र मृत्युपछि मृत्यु संस्कार को कसले गरेका हुन् भन्ने सम्बन्धमा सर्जमिनलगायतका जो जे प्रमाण बुझ्नुपर्ने हो बुझी फैसला गर्नु भनी भएको फैसला मुद्दामा ठहर गर्नुपर्ने सम्बद्ध प्रमाण बुझ्नु पर्ने सन्दर्भमा भएको निर्णयलाई अन्यथा भनिरहनु परेन। पुनरावेदन सुन्ने अदालतले निर्णयमा पुग्नुअघि के कस्ता प्रमाण बुझ्नु पर्ने हो भन्ने सम्बन्धमा पुनरावेदनको रोहबाट हेर्न सक्ने विषयमा अन्यथा भन्न नमिल्ने।

तसर्थः अपुतालीको महलको २ नं. र ११ नं. को प्रश्न उठेको विवादमा सो सम्बन्धमा सर्जमिन नबुझी भएको सुरू कपिलवस्तु जिल्ला अदालतको फैसला बदर गरी अब सर्जमिनलगायत जो जे प्रमाण बुझ्नुपर्ने हो बुझी निर्णय गर्नु भनी पुनरावेदन अदालत बुटवलबाट मिति २०७१।२।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः ईश्वरीप्रसाद भण्डारी
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७४ साल फागुन ८ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७१-CI-०६३३, राजीनामा दर्ता बदर दर्ता कायम, *मोहराति कोरीसमेत वि. पल्टु कोरी*
- ०७१-CI-०६३६, जालसाजी, *मोहराति कोरीसमेत वि. पल्टु कोरी*

२

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६९-WO-०७३९, उत्प्रेषण / परमादेश, *पदमकृष्ण न्हुच्छे प्रधानसमेत वि. द्वारिकानाथ महर्जनसमेत*

वस्तुतः रिट निवेदक र मोहीबिच जग्गा बाँडफाँडसम्बन्धी निवेदन परी उक्त निवेदन भूमिसुधार कार्यालयमा विचाराधीन रहेको र कुनतर्फ के कति जग्गा मोहीले प्राप्त गर्ने भन्ने सम्बन्धमा भूमिसुधार कार्यालयबाट निर्णय हुन बाँकी रहेको अवस्थामा विवादित जग्गामा बनेको घर भत्काई पाउँ भनी जग्गा धनीले दिएको निवेदनउपर कारबाही गर्न कानूनतः मिल्ने नदेखिने।

मूल रूपमा विवाद रहेको विषयको निरूपण भएपश्चात् त्यसबाट सिर्जित अन्य विवादको निरूपण हुने भएकोले जग्गा बाँडफाँडतर्फ भूमिसुधार कार्यालयमा विचाराधीन रहेको विवाद समाधान भई नसकेको अवस्थामा विवादित जग्गामा सिर्जना भएका संरचना घर आदि भत्काई दिन मिल्ने नमिल्ने कुराको निर्णय गर्न विधिसम्मत नहुने हुँदा ललितपुर जिल्ला अदालतबाट मिति २०६९।४।१७ र पुनरावेदन अदालत पाटनबाट मिति २०६९।६।२५ मा भएको आदेश बदर गरी निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल असार १९ गते रोज २ शुभम्।

३

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CI-००५५, जग्गा खिचोला अपुताली हक कायम दर्ता चलन, *नन्दलालप्रसाद यादव वि. वकिलप्रसाद यादव*

प्रतिवादीहरूमध्येका एउटाको हाँगाको व्यक्ति जदु राय यादवको धर्मपुत्र जय प्रकाश राय यादव र अर्को हाँगा रामप्रसादको छोरा जय प्रकाशले हामीले पालनपोषण नगरेको बहिनीले नै गरेको भनी स्वीकार गरेको अवस्थामा अर्को हाँगाको यी पुनरावेदकसमेतले हामी सबै भएर पालनपोषण र काजकिरिया गरेको हो भन्ने भनाइ विश्वासयोग्य देखिन आएन। यस स्थितिमा पुनरावेदक प्रतिवादीसमेतले फैसला बदर र जालसाज मुद्दामा वादी दाबी नपुग्ने ठहरेउपर पुनरावेदन नगरी लेनदेन मुद्दालाई स्वीकार गरेको र राजपति देवीका दाजु विश्वनाथले खाएको ऋण तिर्ने दायित्व बहिनी राजपतिदेवीले स्वीकार गरिसकेपछि धनमा पनि राजपति देवीको नै हक हुने र विश्वनाथको अपुताली हक निजको पालनपोषण तथा काजकिरिया गर्ने राजपति देवीको कायम हुने गरी पुनरावेदन अदालतबाट भएको फैसला अन्यथा नभई मनासिब नै देखिन आउने।

अतः वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको रौतहट जिल्ला अदालतको मिति २०६७।९।८ को फैसला उल्टी गरी वादी दाबीबमोजिम पुनरावेदक प्रतिवादीसमेतले घर जग्गा खिचोला गरेको मेटाई अपुताली हक कायम गरी चलनसमेत चलाई दिने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।१०।२७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: दिलीपराज पन्त

इति संवत् २०७४ साल असार १९ गते रोज २ शुभम्।

४

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-WO-०८७०,

उत्प्रेषण / परमादेश, *भिमसेन खतिवडा वि. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसमेत*

यातायात व्यवस्था कार्यालय र सुजुकी ड्राइभिङ स्कुलबिच सवारी अनुमतिपत्र वितरणको लागि प्रयोगात्मक परीक्षाको सञ्चालनका निमित्त ट्रायल स्पट र सवारीसाधनसमेत उपलब्ध गराउने सम्बन्धमा भएको सम्झौताले सर्वसाधारणको अहित गरेको भन्न मिल्ने देखिँदैन । संविधानले नै निजी क्षेत्रसँग सहकार्य गरी अर्थतन्त्रको विकास गर्ने राज्यको उद्देश्य रहेको परिप्रेक्ष्यमा ट्रायल स्पट तथा सीमित शुल्क लिई सवारी उपलब्ध गराउने गरी विपक्षी सुजुकी ड्राइभिङ इन्स्टिच्युटसँग यातायात व्यवस्था कार्यालय, एकान्तकुना ललितपुरले गरेको सम्झौतालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

कर भनेको राज्यको सार्वभौम अधिकार प्रयोग गरी जनताबाट असुलउपर गरिने रकम "करको परिभाषाभित्र पर्दछ र कर तिरेबापत तत्काल त्यसबापत करदाताले कुनै प्रतिफल (Return) प्राप्त गर्दैन । तर सेवा शुल्क वा दस्तुर तिरेबापत सम्बन्धित व्यक्ति वा पक्षले तत्कालै केही न केही प्रतिफल प्राप्त गर्दछ । कर (Tax) तथा सेवा शुल्क (Service charge/fee) को प्रयोजन एकै किसिमको हुन्छ भनी अर्थ गर्न नमिल्ने ।

आवश्यकताको सिद्धान्तबमोजिम यातायात व्यवस्था विभागले सर्वसाधारणको सुविधा र हितलाई ध्यानमा राखेर ट्रायल सेन्टर र सवारी साधन प्रयोग गरेबापत न्यूनतम भाडा लिने गरी सम्झौता गरेको हो भन्ने कुरा यातायात व्यवस्था कार्यालयको लिखित जवाफमा उल्लेख भएको देखिन्छ । यस्तो विषय संविधानको धारा ११५ को दायराभित्र पर्ने देखिँदैन । निवेदकको बेहोराबाट कानूनी व्यक्तिले "कर असुल" गर्न नपाउने भन्ने रहेको देखिएको र ड्राइभिङ सेन्टरले सवारी साधनको ट्रायल दिँदा आफ्नो जग्गा तथा गाडीलगायतका कुराहरू उपलब्ध गराएबापत "सेवा शुल्क" सम्म लिएको विषयलाई निजी क्षेत्रले कर असुली गरेको भनी अर्थ गर्न मिल्ने नदेखिने ।

सवारी चालक अनुमतिपत्र वितरणको लागि सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४९ को उपदफा १ को प्रयोजनको लागि सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ६२ समेतले दिएको अधिकार प्रयोग गरी सवारी चालक अनुमतिपत्र वितरणको लागि सञ्चालन गरिने प्रयोगात्मक परीक्षा व्यवस्थित गर्ने निर्देशिका, २०६९ जारी भएको र सो निर्देशिकाको परिच्छेद ३.१ बमोजिम व्यवस्थापनको कार्य यातायात व्यवस्था कार्यालयले गर्नुपर्ने भई सर्वसाधारणको सुविधा र हितको लागि यातायात व्यवस्था विभागले विपक्षी सुजुकी ड्राइभिङ इन्स्टिच्युटसँग गरेको सम्झौताअनुरूप सेवाग्राहीको सेवा सुविधालाई ध्यानमा राखेर सार्वजनिक सुविधाको क्षेत्रमा सार्वजनिक तथा निजी क्षेत्रको साझेदारीअनुरूप गरेको कार्य तथा ड्राइभिङ स्पट तथा गाडी उपलब्ध गराएबापतको सेवा शुल्कलाई अन्यथा भन्न मिलेन । मिति २०७३।१०।२१ मा यातायात व्यवस्था कार्यालय, एकान्तकुना ललितपुर तथा विपक्षी सुजुकी ड्राइभिङ स्कुलबिचमा भएको सम्झौता तथा उक्त सम्झौताका सर्तहरू पूर्ण रूपमा पालना गर्न निर्वाह गर्न र दायित्व वहन गर्न सम्झौताका पक्षहरूलाई कुनै बाधा व्यवधान गर्न गराउन मनासिब पनि देखिँदैन । उक्त कार्य सर्वसाधारण जनताकै हितअनुरूप भएको देखिन आउने ।

नेपालको संविधानको धारा ५० र ५१ मा भएको व्यवस्थाबमोजिम नेपाल सरकारले राज्यको आर्थिक वृद्धि गर्नको लागि सार्वजनिक, निजी तथा सहकारी क्षेत्रका बिचमा सहकार्य गर्न सक्ने व्यवस्था भएबमोजिम यातायात व्यवस्था कार्यालय, एकान्तकुना र विपक्षी सुजुकी ड्राइभिङ स्कुलबिच सवारी अनुमति वितरण गर्नुपूर्व लिइने परीक्षण ट्रायल स्पट तथा सवारी साधन उपलब्ध गराउनेसम्बन्धी भएको सम्झौता कानूनबमोजिम सर्वसाधारण जनताको हितअनुकूल नै

भएको देखिँदा मागबमोजिमको आदेश जारी गर्न मिलेन प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल भदौ १४ गते रोज ४ शुभम्।

५

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री तेजबहादुर के.सी.,** ०७३-WO-००२३, उत्प्रेषण / परमादेश, *श्यामप्रसाद ढकालसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंसमेत*

मनशोभा पाण्डे अध्यक्ष रहेको सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति नवलपरासीको कार्यकालमा छानबिन गरी निवेदकहरूलाई स्वेच्छाचारी रूपमा जग्गा वितरण गरेको नभई हरिराज गौतम संयोजक रहेको समितिले गरेको निर्णय कार्यान्वयनसम्म गरेको अवस्था हुँदा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णय वस्तुगत र कानूनी औचित्यपूर्ण रहेकोसमेत नपाइने।

सरकारी सार्वजनिक तथा राजमार्ग एरिया र वन क्षेत्रमा पर्ने जग्गा व्यवस्थित रूपमा बसोबास गराउने नाममा नेपाल सरकारको स्वीकृतिबेगर वितरण गर्ने अधिकार सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समितिलाई रहेको पाइँदैन। अव्यवस्थित बसोबासभित्र नपर्ने सार्वजनिक पर्ती र राजमार्गको जग्गा सुकुम्बासी र अव्यवस्थित बसोबासीको नाममा जिल्ला समितिले वितरण गरेमा त्यस्तो कार्य कानूनबमोजिमको हुन नसक्ने।

सरकारी र सार्वजनिक वन जंगलभित्रको जग्गा सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति नवलपरासीले दर्ता गरी निवेदकहरूलाई जग्गाधनी दर्ता पुर्जा वितरण गरिएको भनी आयोगमा उजुरी परेमा कानूनत: जग्गाको व्यवस्थापन गर्ने साधिकार निकाय विपक्षी भूमिसुधार मन्त्रालय र सो मातहतका विभाग र जिल्ला कार्यालयबाट आवश्यक छानबिन गर्नु गराउनु निजको कर्तव्य हो। तर नेपाल सरकारले विधिवत् गठन गरेको समितिले गठन आदेशको परिधिभित्र रही वितरण गरिसकेको र निवेदकहरूको स्वामित्व सिर्जना भइसकेको विषयमा साधिकार निकायहरूबाट छानबिन गर्नुभन्दा अगाडि नै सुक्री बिक्री भोगबन्धकी धितो राख्न रोक लगाउने अधिकार भने विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई रहेको नदेखिने।

नेपाल सरकारको नीति निर्देशन र गठन आदेशको परिधिभित्र रही समितिले विधिसम्मत तवरबाट निवेदकहरूलाई वितरण गरी निजहरूले प्राप्त गरेको दाबीका जग्गामा निवेदकहरूको कानूनी स्वामित्व र भोगाधिकार सिर्जना भइसकेको देखिन्छ। निवेदकहरूको स्वामित्व सिर्जना भइसकेको दाबीका जग्गाहरूका स्वामित्वकर्ता निवेदकहरूको हक हित र सम्पत्तिसम्बन्धी अधिकारमा असर पर्ने गरी भोग बिक्री र धितो राख्न नपाउनेसमेतको निर्णय गर्दा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पक्ष निवेदकहरूलाई सुनुवाइको मौकासमेत प्रदान गरेको देखिँदैन। यसरी विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सुकुम्बासी समस्या समाधान आयोग, २०६६ अन्तर्गत गठित जिल्ला समिति नवलपरासीका अध्यक्ष मनशोभा पाण्डेको कार्यकालमा वितरित जग्गालाई पूर्ववत् अवस्थामा राखी छानबिन गर्नु भनी मिति २०६९।९।८ मा गरेको निर्णय सर्वस्वीकार्य प्राकृतिक न्यायको सिद्धान्तको समेत विपरीत रहेको देखिन आउने।

तसर्थ माथि विवेचित कानूनी आधार र कारणबाट मनशोभा पाण्डे अध्यक्ष हुनुभन्दा अगाडि २०५७ सालमा तत्कालीन हरिराज गौतमको अध्यक्षतामा गठित सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति नवलपरासीको मिति २०५७।५।४, २०५७।६।४ र २०५८।२।३ को निर्णय एवम् सोही

समितिका मिति २०५८।१।२१ देखि २०५८।२।३० सम्मका निर्णयहरू कार्यान्वयन भई निवेदकहरूले प्राप्त गरेका जग्गाको हक भोगमा असर पर्ने निवेदकहरूलाई बुझ्दै नबुझी निवेदनमा उल्लिखित जग्गाहरू कुनै पनि बेहोराले हक हस्तान्तरण गर्न र धितो राख्न नदिई पूर्ववत् स्थितिमा राखी छानबिन गर्नु भनी विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०६९।९।८ मा गरेको निर्णय प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल एवम् मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा २ को कानूनी त्रुटिसमेत रहेको हुँदा उक्त मिति २०६९।९।८ को निर्णय र सोको आधारमा विपक्षीहरूबाट भए गरेको मिति २०७२।११।२१ को पत्रसमेत उत्प्रेषणको आदेशले बदर हुने।

सरकारी सार्वजनिक वन क्षेत्रभित्रको जग्गा गैरकानूनी रूपमा निवेदकहरूलाई वितरण गरी जग्गा धनी दर्ता प्रमाण पुर्जासमेत वितरण गरेको देखिएमा कानूनबमोजिम साधिकार प्राप्त निकायले हेरी छानबिन गरी उचित निकासा र निर्णय हुनसक्ने नै हुँदा सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति नवलपरासीले निवेदकहरूलाई वितरण गरेका निवेदन दाबीमा उल्लेख भएका जग्गाहरू कानूनबमोजिम धितो बन्धक राख्न, हक हस्तान्तरणसमेत गर्नबाट निवेदकहरूलाई नरोक्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः कपिलमणी गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल भदौ ८ गते रोज ५ शुभम्।

६

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-CR-००८२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रमेश भन्ने अमर सिंह कार्की*

प्रतिवादीले साथी मुनासँग फोनमा कुरा गर्दै गर्दा अश्लिल गाली गरेको कारण रिस उठी हानेको हुँ भन्ने र मृतकको लासलाई फोहोर फाल्ने ठाउँमा लगी राखेको तथ्यलाई अदालतमा समेत स्वीकार गरेको हुँदा मृतकले गाली गर्दा रिस उठी तत्काल हात मुक्काले मृतकलाई प्रहार गरेको जरियास्वरूप मृत्यु भएको भन्ने तथ्य मिसिलबाट स्थापित नै भएको छ । प्रतिवादीले अदालतमा सलको पासो लगाई मृतकले आत्महत्या गरेकी हुन् भनी लिएको जिकिर प्रतिवादीले साथ सहयोग लिएको भनिएका विरेन्द्र बस्नेत र निजकी साथी भनिएकी मुना ठकुरीको मौकाको कागजबाट समर्थित हुन सकेको नपाइने।

मृतकले गाली गलौज गरेको कारण रिस उठी वादविवादको क्रममा मृतकलाई लात मुक्काले कञ्चटमा हानेको, सोही कारणबाट ढली होसमा नआई मृतकको मृत्यु भएको भन्ने तथ्य प्रतिवादीउपर जाहेरी नपर्दै निज प्रतिवादीले आइसा भन्ने सरिता पौडेललाई भनेको, निजले मुना ठकुरी र मुना ठकुरीले अन्जना महर्जनलाई भनेपछि मात्र अन्जनाले प्रतिवादीका उपर जाहेरी दिएको भन्ने देखिन्छ । उक्त तथ्यलाई प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा खुलाइदिएको र सो कुरा अन्जना महर्जनसमेतको अधिकारप्राप्त अधिकारीसमक्षको कागजसँग मालाकाररूपमा एकआपसमा मिले भिडेको हुँदा प्रतिवादी अमरसिंह कार्कीको कुटपिटबाट मृतक सपना पौडेलको मृत्यु भएको तथ्य स्थापित हुन आउने।

मृतकको मृत्यु भएपछि प्रतिवादीले खोजखबर नगरी लास दबाएको अवस्थाका कारण प्रतिवादीले जानी बुझिकन योजना र मनसायसाथ मृतकलाई हत्या गरेको हो कि भन्ने आशङ्का प्रस्तुत वारदातमा देखिन आउँछ । तर, मिसिल संलग्न कुनै पनि संकलित कागज प्रमाणबाट मृतक र प्रतिवादीबिच पूर्वरिसइवी रहेको भन्ने देखिएको छैन। प्रतिवादी वारदात हुँदा २२ वर्षको र मृतक २० वर्षकी रहेको पाइन्छ। दुवै एकै ठाउँमा काम गर्दा एक अर्काले मन पराई विवाह गरी घरजम गरेको अवस्था छ। साथीसँग फोनमा भएको कुरा सुनी मृतकले अश्लिल

गाली गलौज गरेको कारण तत्काल रिस उठी हातले गरेको प्रहार मृतकको संवेदनशील अङ्ग कञ्चटमा परी त्यसपछि मृतकको टाउको नजिकै रहेको दराजमा ठोक्किन गई ढलेकै अवस्थामा मृतकको ज्यान गएको छ। पटकपटक प्रहार गरेको अवस्था छैन। लाठा तथा अन्य ज्यान जाने अनुमान गर्न सकिने वस्तुको प्रयोग भएको देखिँदैन । अल्लारे उमेरका कारण तत्काल हारगुहार गर्न ध्यान नपुगेको मिसिल संलग्न समग्र प्रमाणबाट देखिएको र वारदातको प्रकृतिसमेतलाई विचार गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम प्रतिवादीलाई सजाय गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला न्यायको रोहमा मिलेकै देखिन आउने।

तसर्थ, विवेचित आधार र कारणबाट प्रत्यर्थी प्रतिवादी रमेश भन्ने अमर सिंह कार्कीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७३।३।३० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल पुस १६ गते रोज १ शुभम्।

७

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६९-CR-०५७४, जिउ मास्ने बेच्ने, *नेपाल सरकार वि. शिशुपाल चौधरी*

प्रतिवादी शिशुपालले आफूलाई भारतमा लगी बिक्री गरेको भन्ने पीडितको जाहेरी र प्रमाणित बयानमा उल्लेख गरे पनि मिति २०६०।५।२८ गते बिहान ७ बजे लक्ष्मी चौधरी, शिशुपाल चौधरी, कन्हैया सोनीसँगै निज पीडित पनि भारत सम्वल साटगाउँमा गएको देखिएकोमा सो अवस्थामा किनबेचको कार्य गरेको देखिँदैन । साथै बेचबिखन गर्ने उद्देश्यले निज पीडितलाई शिशुपाल चौधरीले भारतमा पुऱ्याएको भन्ने पनि पुष्टि हुन आउँदैन । प्रतिवादी शिशुपाल चौधरीले मानव बेचबिखन गरेको वा बेचबिखन गर्ने उद्देश्यले विदेशमा लगेको भन्ने पुष्टि हुन नआए पनि रू.१००००।- मा बेचबिखन गर्ने लक्ष्मी चौधरी र कन्हैया सोनीको घरमा लगी छोडी आएको देखिन आएको छ। पीडितलाई त्यसरी अर्काको घरमा छोडी आएकोमा लामो समयसम्म खोजखबर केही नगरेको, परिवारको अन्य सदस्यलाई उक्त घटनाबारे जानकारी गराएको देखिँदैन। प्रतिवादी शिशुपाल चौधरीको उक्त कार्यबाट मानव बेचबिखन गर्नको लागि परिपञ्च मिलाई मानव बेचबिखन गर्ने कार्यमा सहयोगसम्म पुऱ्याएको देखिन आउँछ। साथै प्रतिवादी शिशुपाल चौधरीले आरोपित कसुरमा प्रतिवाद नगरी बसेको भए पनि मिसिल संलग्न कागजात प्रमाणबाट मानव बेचबिखन गरेको वा बेचबिखन कार्य गरी कुनै रकम लिएको भन्ने देखिन आएको छैन। प्रतिवादी शिशुपाल चौधरी निर्दोष भए पीडितले निज प्रतिवादीलाई किटानी पोल गर्नुपर्ने अन्य कुनै कारण देखिँदैन। पीडितले दिएको जाहेरी, प्रमाणित बयानसमेतमा प्रतिवादी शिशुपाल चौधरी मानव बेचबिखन गर्ने कार्यमा संलग्नता देखाएको भए पनि मानव बेचबिखन गरेको तथ्य पुष्टि हुने कुनै घटना प्रस्तुत गर्न सकेको पाइँदैन। प्रतिवादी गजराज सैनी र रामचन्द्र सैनीले समेत मानव बेचबिखन शिशुपाल चौधरीले गरेको भनी पोल गर्न सकेको नदेखिँदा मिसिल संलग्न कागजातबाट यी प्रतिवादी शिशुपाल चौधरीले अभियोग दाबीबमोजिम मानिस बेचबिखन गरेको तथा बेचबिखन गर्ने उद्देश्यले मानिसलाई विदेशमा लगेको नदेखिने।

पीडितले गरेको प्रमाणित बयान तथा प्रतिवादी गजराज सैनी र रामचन्द्र सैनीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको पोलसमेतका मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादी शिशुपाल चौधरीले पीडितलाई ललाईफकाई भारत लैजाने क्रियामा संलग्न

रहेको तथा भारत पुर्‍याएपछि पनि घर परिवारसमेतलाई कुनै जानकारी नदिई बेचबिखन गर्ने कार्यमा सहयोग पुर्‍याएको देखिएकोले जिउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन, २०४३ को दफा ४(घ) को कसुर गरेको देखिँदा निजलाई सोही ऐनको दफा ८(४) बमोजिम दुई वर्ष छ महिना कैद हुने ठहर्‍याएको सुरू दाङ देउखुरी जिल्ला अदालतको मिति २०६८।९।२९ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत तुलसीपुरको मिति २०६९।१।५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल चैत्र २८ गते रोज ४ शुभम्।

८

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** ०७२-MS-००२६, अदालतको अवहेलना, *नेत्रप्रकाश पन्त वि. अर्जुनबाबु ढकाल*

जहाँसम्म संस्थानका महाप्रबन्धकले अदालतको अन्तरिम आदेश प्राप्त भएपश्चात् मन्त्रालयलाई लेखेको च.नं.३१० मिति २०७३।१।२३ को पत्रको विषय छ, सो पत्रमा अदालतबाट जारी भएको अन्तरिम आदेश कार्यान्वयन नगर्ने किसिमको भाषा प्रयोग भएको देखिँदैन। सो पत्रको बेहोरा हेर्दा विशुद्ध रूपमा संस्थानको सञ्चालक समितिको सदस्यको एकै पदमा नेपाल सरकारको विभिन्न मितिको निर्णयले विभिन्न व्यक्तिलाई नियुक्ति गरिएको हुँदा सोलगायतका विषयमा आवश्यक निर्देशन माग गरेको मात्र देखिएको र विपक्षीको लिखित जवाफमा समेत अदालतको आदेशको अवज्ञा गर्ने मनसायले पत्र नलेखेको भनी उल्लेख गरेको देखिएको र यस अदालतबाट मिति २०७२।१२।२३ मा भएको अन्तरिम आदेश र सोलाई निरन्तरता दिने मिति २०७३।१।१४ को अन्तरिम आदेशअनुसार यी निवेदक नेत्र प्रकाश पन्त खानेपानी संस्थानको सञ्चालक समितिको बैठकमा नियमित रूपमा सहभागी हुँदै आएको भनी दुवै पक्षका कानून व्यवसायीले बहसको क्रममा व्यक्त गर्नुभएको हुँदा निवेदन मागबमोजिम अदालतको अवहेलना भएको अवस्था देखिन नआउने।

अतः उल्लिखित आधार कारणबाट नेपाल खानेपानी संस्थानको महाप्रबन्धकले च.नं.३१० मिति २०७३।१।२३ मा खानेपानी तथा सरसफाइ मन्त्रालयलाई सम्बोधन गरी लेखेको पत्रमा अदालतको आदेशको अवज्ञा हुने र अदालतको अवहेलना हुने खालको भाषा प्रयोग भएको नदेखिएको र लिखित जवाफमा समेत अदालतको अवहेलना गर्ने उद्देश्य छैन भनी उल्लेख गरेको देखिएबाट निवेदन मागबमोजिम विपक्षी अर्जुनबाबु ढकाललाई अदालतको अवहेलनामा सजाय गरिपाउँ भन्ने निवेदन दाबी पुग्न नसक्ने भएकाले निवेदन खारेज हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७४ साल कात्तिक १२ गते रोज १ शुभम्।

९

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** ०७२-WO-०७४४, उत्प्रेषण / प्रतिषेध, *नेत्रप्रकाश पन्त वि. खानेपानी तथा सरसफाइ मन्त्रालयसमेत*

प्रस्ट रूपमा पदावधि तोकेर नियुक्ति गरिएको पदाधिकारीलाई कानूनी प्रक्रियाबिना कुनै आधार कारण माथिल्लो पदाधिकारीलाई मनमा लाग्दैमा पदमुक्त गर्ने र सोही पदमा अर्को व्यक्ति नियुक्ति गर्दा कानून तथा नीति नियमको अवमूल्यन हुनुका साथै त्यसको नागरिकमा सकारात्मक सन्देशसमेत जाँदैन। सरकार र सार्वजनिक पदाधिकारीले निर्णय गर्दा कानून र न्यायका मान्य सिद्धान्तअनुरूप गर्नु पर्दछ। प्रचलित कानूनविपरीत कामकारबाही गरेमा वा त्यस्तो पदाधिकारीलाई दिइएको जिम्मेवारी पूरा गर्न असक्षम भएमा नियुक्ति दिने अख्तियारवालाले अवकाश दिन नपाउने भन्ने हुँदैन। तर त्यस्तो अवकाश बिनाकारण र स्वेच्छाचारी हुन नहुने।

अतः नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ८.१.७ बमोजिम नेपाल खानेपानी संस्थानको सञ्चालक समितिको सदस्य पदमा नियुक्ति गरी नियुक्तिपत्रमा निज रिट निवेदक नेत्रप्रकाश पन्तको पदावधि ४ वर्षको हुने भनी पदावधि तोकिएकोमा सोविपरीत निजको पदावधि बाँकी रहेकै अवस्थामा निवेदकलाई सुनुवाइको मौका नै नदिई उक्त सञ्चालक समितिको सदस्य पदबाट हटाउने भन्ने मन्त्रीस्तरको मिति २०७२।१२।१२ को निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब निवेदक नेत्रप्रकाश पन्तलाई यथावत् रूपमा नेपाल खानेपानी संस्थान सञ्चालक समितिको सदस्य पदमा तोकिएको अवधिसम्म कामकाज गर्न दिनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७४ साल कात्तिक १२ गते रोज १ शुभम् ।

१०

**स.का.मु.प्र.न्या. श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CR-०६३६, नकबजनी चोरी, *वृजकिशोर साह वि. नेपाल सरकार*

प्रस्तुत विवादमा पुनरावेदक प्रतिवादीले जाहेरवालाको घरबाट ल्यापटप चोरी गर्ने अमिन परियारसमेतबाट प्रत्यक्षरूपमा खरिद गरेको देखिँदैन । सहप्रतिवादी सुनिल साहले राख्न दिएको कारण पुनरावेदक प्रतिवादी वृजकिशोर साहले आफ्नो कोठामा राखेको भन्ने कुरा पुनरावेदक प्रतिवादीको अदालतको बयानबाट देखिन्छ । सहप्रतिवादी सुनिल साहले पनि आफूले प्रतिवादी अमिन परियार र सुरज श्रेष्ठले चोरीका सामान बिक्री गर्न ल्याएको थाहा पाएर खरिद गरी वृजकिशोर साहलाई राख्न दिएको होइन भनी बयान गरेको देखिन्छ । यसरी बरामद भएको ल्यापटपसमेत सहप्रतिवादी सुनिल साहले चोरेका हुन् भनी जानीजानी राख्न दिएको भन्ने कुरा पुनरावेदक प्रतिवादीलाई थाहा थियो भन्ने र चोरीको ल्यापटप बढी मूल्यमा बिक्री गर्ने मतसल्लाहमा पुनरावेदक यो यसरी परेका थिए भन्ने तथ्यतः पुष्टि हुन सकेको नदेखिने ।

बरामद भई आएका सामान पुनरावेदक प्रतिवादीले चोरेका हुन् भनी जानीजानी आफ्नो कोठामा राखेको भन्ने कुरा वादी पक्षले शङ्कारहित रूपमा पुष्टि गर्न सकेको देखिँदैन । यस्तो अवस्थामा पुनरावेदक प्रतिवादीले चोरीको ल्यापटप हो भन्ने जानीजानी सो ल्यापटप बिक्री गरी बाँडी खाने नियतले मतियारको भूमिका निर्वाह गरेको भनी मुलुकी ऐन, चोरीको महलको २० नं. को कसुर गरेको भन्न मिलेन । तसर्थ, पुनरावेदक प्रतिवादीलाई कसुरदार ठहर गरी सजायसमेत गर्ने गरेको सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई पुनरावेदक प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

इति संवत् २०७५ साल साउन ३० गते रोज ४ शुभम् ।

- यसै लगाउको ०७३-CR-०६३५, नकबजनी चोरी, *वृजकिशोर साह वि. नेपाल सरकारसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. १

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६८-WO-०२५७, उत्प्रेषण / परमादेश, *बुद्धेश्वर चौधरी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

निवेदकले जिउ मास्ने बेच्ने अपराधमा पक्राउ गरी ल्याएका व्यक्तिहरूबाट रकम लिएर अनुसन्धान नै नगरी छाडिदिएको कारण निजउपर भ्रष्टाचारसम्बन्धी कसुरमा मुद्दा दायर गरिएको कुरामा

विवाद रहेन । तत्काल प्रचलनमा रहेको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २०(२) को अधीनमा रही तत्कालीन प्रहरी नियमावली, २०३३ को नियम ९.५(६) को अभियोगमा ऐजन नियमावलीको नियम ९.१(छ) अनुसार नोकरीबाट निलम्बनमा रहेको मिति २०४५।५।९ गतेदेखि लागू हुने गरी बर्खास्त गर्ने भनी २०४९।४।२३ मा नेपाल सरकारबाट निर्णय भएको देखिने।

आफूलाई नोकरीबाट अवकाश दिने गरी भएको निर्णयउपर निवेदकले गृह मन्त्रालयमार्फत मन्त्रिपरिषद् सचिवालयमा मिति २०४९।५।२३ मा पुनरावेदन पत्र दर्ता गराएको देखियो । उक्त पुनरावेदनउपर यतिका वर्ष बितिसक्दा पनि हालसम्म कुनै निर्णय भएको भन्ने मिसिल संलग्न कागजात तथा लिखित जवाफसमेतबाट देखिन आएन। निवेदकउपर लगाइएको अभियोगको विषय पनि किनारा लागिसकेको अवस्थामा निवेदकले निवेदनमा माग गरेबमोजिमको सेवा सुविधा पाउने नपाउने सम्बन्धमा निर्णय गर्न पनि विचाराधीन पुनरावेदनउपर निर्णय नगरिकन अनिर्णित अवस्थामा राखिरहनु न्यायोचित नदेखिने।

मिति २०४५।५।९ गतेको मितिदेखि लागू हुने गरी मिति २०४९।४।२३ मा निवेदक बुद्धेश्वर चौधरीलाई प्रहरी निरीक्षक पदबाट बर्खास्त गर्नुको आधार नै निजको भ्रष्टाचारसम्बन्धी कसुरमा संलग्नता रहेको भन्ने कुरामा विवाद रहेन। यद्यपि उक्त आरोपउपर दायर भएको मुद्दाको सुनुवाइमा अधिकारविहीन निकाय विशेष प्रहरी विभागबाट हदम्याद गुजारी दायर गरेको अभियोग पत्र खारेज गर्ने गरी मिति २०६७।६।११ गते सर्वोच्च अदालतबाट समेत फैसला भइसकेको अवस्था छ । निवेदकउपर लगाइएको भ्रष्टाचार मुद्दाको अभियोगपत्र खारेज भई अन्तिम रहिरहेको अवस्थामा यी निवेदकलाई नोकरीबाट बर्खास्त गर्ने गरेको विपक्षी नेपाल सरकारको मिति २०४९।४।२३ को निर्णयउपरको पुनरावेदनमा कानूनबमोजिम निर्णय नगरी निवेदकको पुनरावेदन सुन्ने अधिकारक्षेत्रका विषयमा विवाद उठाई हालसम्म पुनरावेदनको निर्णय नगरी राखेको कार्य कानूनसम्मत नदेखिने।

निवेदकले तत्कालीन श्री ५ को सरकार मन्त्रिपरिषद्मा दायर गरेको पुनरावेदनउपर हालसम्म निर्णय भएको देखिँदैन भने सो पुनरावेदन सुन्ने अधिकार नेपाल सरकारको रहेको कुरामा विवाद पनि रहेन। यस्तो अवस्थामा निवेदकको पुनरावेदनमा कानूनबमोजिम निर्णय नगरी गृह मन्त्रालयमा पठाउने र गृह मन्त्रालयले प्रहरी प्रधान कार्यालयमा पठाउने कार्य गरेको मिसिल संलग्न कागजात तथा गृह मन्त्रालय, कानून तथा फैसला कार्यान्वयन शाखाको मिति २०६९।१।१५ को निर्णयलगायतका मिसिल संलग्न पत्रहरूबाट देखिएकोले निवेदकको पुनरावेदन सुन्ने अधिकार नै नभएको गृह मन्त्रालयमा र प्रहरी प्रधान कार्यालयमा निवेदकको पुनरावेदनको फाइल पठाउने गरी भएका पत्राचारहरू प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नेपाल सरकार गृह मन्त्रालयलाई लेखेको मिति २०६८।३।२७ को पत्र तथा गृह मन्त्रालयले पनि प्रत्यर्थी प्रहरी प्रधान कार्यालयलाई लेखेको मिति २०६८।४।९ को पत्रलगायतका तत्सम्बद्ध निर्णय र काम कारबाहीसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने।

अब निवेदकले दायर गरेको पुनरावेदनका सम्बन्धमा कानूनबमोजिम यथाशीघ्र निर्णय गर्नु भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल कात्तिक १८ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७४-CI-०११८, अंश चलन, *मैयादेवी श्रेष्ठसमेत वि. नितु श्रेष्ठ*

कि.नं. ३९ को जग्गामा सगोलको अन्य

अंशियारहरूको आम्दानी (सम्पत्ति) समेत लगानी भई घर निर्माण भएकाले अब उक्त घर जग्गा मैयादेवी श्रेष्ठको मात्र निजी घरजग्गाको रूपमा रहिरहन सक्ने अवस्था देखिएन । घर निर्माणमा सगोलका अंशियारहरूको संयुक्त सम्पत्ति मिसाइएकोले लगानी गर्ने अंशियारहरूको संयुक्त सम्पत्ति (Blended in common stock) को रूपमा उक्त घरजग्गा रहेको देखियो । अन्य सगोलका अंशियारहरूको समेत आय र प्रयासबाट घर निर्माण भएको देखिँदा सो सम्पत्तिमा अन्य अंशियारहरूको हक रहँदैन भनी सम्झन नमिल्ने ।

कि.नं. ४० को जग्गा पुनरावेदक मैयादेवी श्रेष्ठले २०४७ सालमा र.नं. २७८७ को हा.ब.को लिखतमार्फत प्राप्त गरेको देखियो । मैयादेवी श्रेष्ठले निजी तवरबाट प्राप्त गरेको सो जग्गा स्त्री अंशधनअन्तर्गत आफूखुस गर्न पाउने निजी सम्पत्ति देखिँदा मुलुकी ऐन, अंशबन्डाको १८ नं. को कानूनी व्यवस्थाअनुसार कि.नं. ४० को जग्गा बन्डा लाग्ने ठहर गर्न मिलेन । ने.का.प. २०६८ नि.नं. ८६६४ मा प्रतिपादित सिद्धान्त प्रयोगका पनि केही सीमा र परिधिहरू छन् । केही विशिष्ट तथ्यगत सन्दर्भमा बाबु आमाको आर्जन छोराछोरीले बन्डा गरी लिन पाउने मान्यता उक्त नजिर सिद्धान्तले स्वीकार गरेको देखिन्छ । आफ्ना छोराछोरीबाहेकका अन्य व्यक्ति र तहका अंशियारहरूका सन्दर्भमा समेत उक्त सिद्धान्तको अपव्याख्या गरी यसलाई थप विस्तारित गर्दै जानु मनासिब देखिँदैन । यस सन्दर्भमा स्त्री अंशधनसम्बन्धी कानूनले संरक्षण गरेको हकको कुरामा अनुचित बन्देज वा सीमा निर्धारण हुन नपुगोस् भन्नेतर्फ पनि समुचित हेक्का राखिनु पर्दछ । यस दृष्टिले हेर्दा उल्लिखित कि.नं.४० को जग्गा अंशबन्डा लाग्ने ठहर गर्नु मनासिब नदेखिने ।

अविवाहिता छोरी कृतिका श्रेष्ठको विवाह खर्च पर सार्नु पर्ने जिकिर सम्बन्धमा विचार गर्दा निज कृतिका श्रेष्ठ अविवाहित नै रहेको भन्ने तथ्यमा विवाद छैन । मुलुकी ऐन, अंशबन्डाको महल १७ नं. बमोजिम विवाह नभएका छोराछोरीको विवाह खर्च छुट्याई अंशबन्डा गर्नुपर्ने देखिँदा प्रतिवादी कृतिका श्रेष्ठको विवाह खर्च छुट्याई पर सार्नु पर्ने नै देखिने ।

पुनरावेदक प्रतिवादीहरू मैयादेवी श्रेष्ठ र कुमार श्रेष्ठले लिएको भनिएको ऋण सम्बन्धमा विचार गर्दा पुनरावेदक कुमार श्रेष्ठले त्रिभुवन विश्वविद्यालय ऋण सापटी शाखाबाट रू. ७,२७,३२०।-, कैलासकुट बचत तथा ऋण सहकारी संस्था लि. हाँडीगाउँबाट रू. १,५०,०००।- र जय अजिमा बचत तथा ऋण सहकारी संस्था लि.बाट रू. १,००,०००।- ऋण लिएको भनी तथा पुनरावेदक मैयादेवी श्रेष्ठले का.जि. का.म.न.पा. वडा नं.९ बस्ने विनोदकुमार ढकालसँग रू.१०,००,०००।- (दश लाख) ऋण लिएको भनी सुरू अदालतमा तायदाती विवरण प्रस्तुत गर्दा बेहोरा उल्लेख गरेको र सोहीअनुसारको बेहोरा यस अदालतमा पुनरावेदन गर्दासमेत उल्लेख गरी उक्त ऋण बन्डा हुनुपर्ने भनी जिकिर लिएको पाइयो । उल्लिखित ऋणहरूमध्ये पुनरावेदक कुमार श्रेष्ठले त्रिभुवन विश्वविद्यालय ऋण सापटी शाखाबाट २०६७ सालमा लिएको ऋणमध्ये २०७१ फागुन मसान्तसम्ममा रू.१४,९२५।३१ मात्र तिर्न बाँकी रहेको कुरा त्रिभुवन विश्वविद्यालयको मिति २०७२।०१।०६ को पत्रबाट देखियो । संस्थागत रूपमा लिएको ऋण भएको र अंश मुद्दा दायर हुनुअगाडि नै लिएको ऋणमध्येको रकम देखिँदा भुक्तानी गर्न बाँकी रू.१४,९२५।३१ बन्डा लाग्ने देखियो । सोबाहेक त्रि.वि.वि. रजिस्ट्रारको कार्यालय, ऋण सापटी शाखाबाट पुनरावेदक कुमार श्रेष्ठले मिति २०७०।८।२० मा समेत ऋण लिएको र सो ऋणमध्ये रू. ९,०८,३११।७१ तिर्न बाँकी रहेको देखिए पनि उक्त ऋण वादी र प्रतिवादीहरूबिच मानो छुट्टिएको मिति २०६८।११।१० भन्दा पछि लिएको देखिँदा बन्डा लगाउन मिलेन । सोबाहेक अन्य ऋणको हकमा साहुको नालेस परेको अवस्थामा

पछि ठहरेबमोजिम हुने नै हुँदा तायदाती फाँटवारीमा उल्लेख गरिएकै आधारमा अहिले बन्डा लाग्ने ठहर गर्न नमिल्ने।

अतः पुनरावेदन अदालत पाटनबाट मिति २०७२।२।४ मा भएको फैसला केही उल्टी भई प्रतिवादी मैयादेवी श्रेष्ठका नाउँको कि.नं.४० को जग्गा अंशबन्डा लाग्न सक्तैन। प्रतिवादी कुमार श्रेष्ठले त्रिभुवन विश्वविद्यालयबाट २०६७ सालमा लिएको ऋणमध्ये भुक्तानी गर्न बाँकी रू.१४,९२५।३१ बन्डा लाग्छ । अंश मुद्दा दायर भएपछि लिएको भनिएका ऋण बन्डा लाग्दैन । अन्य ऋणका हकमा साहुको नालेस परेका अवस्थामा पछि ठहरेबमोजिम हुन्छ । अविवाहित कृतिका श्रेष्ठको विवाह खर्च अंशबन्डाका महलको १७ नं. बमोजिम पर सारी दिनु पर्ने ठहर्छ। उल्लिखित कुरामा बाहेक अन्य कुरामा पुनरावेदन अदालत पाटनको मिति २०७२।२।४ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः अनुपमा पन्त

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७५ साल कात्तिक २५ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CI-१८६९, निषेधाज्ञा, *असगर अली नाउ वि. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत*

जिल्ला प्रशासन कार्यालयमा झिकाई आफूलाई कागज गराउने, तारिखमा राख्ने तथा थुनामा पठाउनेलगायतको धम्की दिएको भनी निवेदकले जिकिर लिएको भए पनि विपक्षी कार्यालयको लिखित जवाफमा उक्त कुरालाई इन्कार गरेको पाइयो । दुवै पक्षलाई छलफल गराई शान्ति सुरक्षा कायम गर्न झिकाइएको हो, गैरकानूनी कागज गराएको पनि छैन र धम्की दिएको पनि होइन, निवेदन जिकिर खारेज हुनुपर्छ भनी जिल्ला प्रशासन कार्यालय, बाँकेले पेस गरेको लिखित जवाफ मिसिल संलग्न रहेको देखिने।

छोटी मस्जिद सञ्चालक समितिसमेतका स्वामित्वमा रहेका जग्गाहरू २ वर्षसम्म खेतीपाती लगाउने प्रयोजनार्थ नन्कउ बागवानसमेतले सम्झौता गरेको, सम्झौताबमोजिम जग्गा भोगचलन गर्न जाँदा असगर अलीले धाकधम्की दिएको भनी निज विरूद्ध जिल्ला प्रशासन कार्यालय, बाँकेमा शान्ति सुरक्षा गरी पाउन नन्कउ बागवानको निवेदन परेको र त्यसै निवेदनउपरको कारबाहीका क्रममा छलफलका लागि दुवै पक्षलाई झिकाएकोसम्म देखियो । आफ्नो क्षेत्राधिकारभित्र शान्ति सुरक्षा कायम गर्ने जिम्मेवार निकाय जिल्ला प्रशासन कार्यालय हो । जग्गा भोग गर्ने विषयमा यिनै निवेदक र जग्गा ठेक्कामा लिने नन्कउ बागवानसमेतबिच झैझगडाको अवस्था सिर्जना भएपछि दुवै पक्षलाई झिकाई छलफल गराई साधारण तारिखमा सम्म राखेको कार्यलाई अन्यथा मान्न मिल्ने नदेखिने।

अत: विवेचित तथ्य एवम् प्राप्त प्रमाणसमेतका आधारमा निवेदकले दाबी लिएबमोजिमको अवस्था विगतमा पनि रहेको पाइएन भने अहिले पनि उक्त अवस्थामा तात्विक अन्तर रहेको भन्ने वस्तुनिष्ठ प्रमाण निवेदकले पेस गर्न सकेको देखिएन। यस्तो अवस्थामा निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन, प्रस्तुत निवेदन खारेज हुने ठहर्छ भनी पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२।९।८ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल कात्तिक ११ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७१-CR-१३४८, लागु औषध (डाइजेपाम र नुर्फिन), *भिमबहादुर विश्वकर्मा वि. नेपाल सरकार*

पुनरावेदक अदालतमा बयान गर्दा अभियोग दाबीबमोजिम कसुर गरेकोमा इन्कार रही बयान गरेको देखिए तापनि अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा निजले मैले २/३ वर्षअगाडिदेखि लागु औषध सेवन गर्दै आएको र सेवन गर्ने क्रममा नीमा शेर्पालाई लागु औषध बिक्री गर्ने गरेको हो, निजलाई २ पटक मैले लागु औषध बिक्री गरेको छु, निज बसेको गेष्ट हाउसबाट बरामद भएको लागु औषध मैले बिक्री गरेको हो, उक्त लागु औषध बालाजु बस्ने भान्जा भन्ने व्यक्तिसँग मिति २०६६।९।२८ मा खरिद गरी ल्याइदिएको हो । उक्त लागु औषध डाइजेपाम-१ र नुर्फिन-१ गरी जोडीको रू.११५ देखि १३० सम्ममा लिने र बिक्री गर्दा जोडीको १५० मा बिक्री गर्ने गर्छु, उक्त लागु औषध बिक्री गर्दा नाफा हुने र सो रकमले सेवन गर्ने गर्छुसमेत भनी आरोपित कसुरमा पूर्ण रूपमा साबित भएको देखिएको र प्रतिवादी नीमा शेर्पाले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा बरामद भएको लागु औषध भीमबहादुर विश्वकर्माबाट खरिद गरेको भनी लेखाउनुको साथै अदालतमा बयान गर्दासमेत अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानको बेहोरा मेरो हो र सही मेरो हो भनी उल्लेख गरेकोबाट प्रतिवादी भीमबहादुर विश्वकर्माको अधिकारप्राप्त अधिकारीसमक्षको बयान समर्थित भइरहेको देखिन आउँछ भने यी पुनरावेदक प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानलाई यो यस कारणले अन्यथा हो भनी प्रस्ट गर्न सकेको नदेखिने ।

प्रतिवादी भीमबहादुर विश्वकर्माको अधिकारप्राप्त अधिकारीसमक्ष भए गरेको साबिती बयान, निजको सो साबिती बयान अर्का प्रतिवादी नीमा शेर्पाको बयान बेहोराबाट समर्थित भइरहेको र निज प्रतिवादी नीमा शेर्पाकै कोठाबाट लागु औषध बरामद भई आएको देखिएको साथै अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयानलाई अन्यथा पुष्टि गर्न नसकेको अवस्था र प्रतिवादीले अदालतमा भएको इन्कारी बयानलाई वस्तुनिष्ठ कागज प्रमाणबाट पुष्टि गर्न नसकेको र अर्का प्रतिवादी नीमा शेर्पाले आफूलाई पोल गर्नु पर्नाको युक्तियुक्त कारण यी पुनरावेदक प्रतिवादीले दिन सकेको नदेखिएकोलगायतका आधार प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादी लागु औषध बिक्री वितरणको कार्यमा संलग्न रहेको तथ्य पुष्टि भइरहेको देखियो । यस स्थितिमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) अनुसार लागु औषधको बिक्री वितरण गरेको कसुरमा निजलाई कसुरको मात्रा र प्रकृतिसमेतलाई दृष्टिगत गर्दा ऐ. ऐनको दफा १४(१) (झ) अनुसार २ वर्ष कैद र एक लाख रूपैयाँ जरिवाना हुने गरी भएको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिएकोले मुद्दा दोहोर्‍याई हेर्न दिइएको आदेशमा उल्लिखित आधारहरूसँग सहमत हुन नसकिने ।

अतः विवेचित आधार कारणहरूबाट सुरू काठमाडौं जिल्ला अदालतबाट प्रतिवादी भीमबहादुर विश्वकर्मालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) अनुसारको कसुरमा ऐ. को दफा १४(१) (झ) अनुसार २ वर्ष कैद र रू. एक लाख रूपैयाँ जरिवाना हुने र दफा १६ अनुसार थप सजायसमेततर्फको माग दाबी नपुग्ने ठहर गरेको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।१०।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: शकुन्तला कार्की
कम्प्युटर: हर्कमाया राई
इति संवत् २०७४ साल पुस २ गते रोज १ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री जगदीश शर्मा पौडेल**, ०७०-CR-०६४२,

जबरजस्ती करणी, *नेपाल सरकार वि. गोपाल बस्नेतसमेत*

प्रतिवादीहरूको अनुसन्धानमा भएको बयानमा डर धाक देखाई लेखाई सहिछाप गराउनु पर्ने विश्वास गर्न सकिने आधार कारण प्रतिवादीहरूले स्थापना गर्न सकेको देखिँदैन । जाहेरवालासँग यी प्रतिवादीहरूको रिसइवी रहेको भनी प्रतिवादीहरूले उल्लेख गरी पुष्टि गर्न सकेको पनि देखिँदैन । मिसिल संलग्न जाहेरवाला तथा प्रतिवादीहरूको बयान साथै कोशी अञ्चल अस्पतालको शारीरिक परीक्षण कागजातहरूबाट पीडितमाथि जबरजस्ती करणीको अपराध भएको पुष्टि हुने ।

प्रतिवादी गोपाल बस्नेतले अदालतमा इन्कार रही बयान गरे पनि अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा पीडितलाई जबरजस्ती करणी गरेको कुरामा साबित भई बयान गरेको र पीडितले बकपत्र गर्दासमेत गोपाल बस्नेतले जबरजस्ती करणी गरेको हो भनी किटानीसाथ लेखाई दिएको पाइन्छ । अन्य प्रतिवादीहरूले समेत गोपाल बस्नेतले नै पीडित जाहेरवालाकी श्रीमतीलाई जबरजस्ती करणी गरेको हो भनी निजलाई नै पोल गरी बयान गर्नुका साथै सबै प्रतिवादीहरू परस्परका प्रत्यक्ष साक्षीसमेत रहेको देखिन्छ । तसर्थ प्रतिवादी गोपाल बस्नेतले पीडितलाई जबरजस्ती करणी गरेको शङ्कारहित तवरबाट पुष्टि भएको हुँदा मुलुकी ऐन, ज.क.को ३(५) नं.बमोजिम निजलाई कैद वर्ष ६ हुने गरी सुरू अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत विराटनगरको फैसला अन्यथा देखिएन । माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी गोपाल बस्नेतले पीडितलाई जबरजस्ती करणी गरेको पुष्टि हुन आएको र अन्य प्रतिवादीहरूले मद्दत गरेको र करणी भने गरेको नदेखिँदा मुलुकी ऐन, जबरजस्ती करणीको ३क नं. बमोजिम सबै प्रतिवादीहरूलाई थप सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

यसरी पीडितले अदालतमा गरेको बकपत्र र प्रतिवादीहरूको अनुसन्धानमा भएको बयान एवम् सहअभियुक्तको एकआपसको बयानसमेत हेर्दा निज प्रतिवादीहरू दीपक लिम्बू र दिपलुङ्ग राईले पीडितलाई करणी गरेको भन्ने नदेखिएको तर निजहरूले जबरजस्ती करणीका बखत पीडितलाई हातखुट्टा समाएको अवस्था पुष्टि हुन आएको पाइन्छ । निजहरूले उक्त कार्य जबरजस्ती करणीकै मनसायबाट गरेको र हो हल्ला हुन थालेकोले करणीसम्म गर्न नपाएको अवस्था देखिन्छ । यसर्थ निजहरूको कसुर मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. बमोजिम जबरजस्ती करणी उद्योग गरेकोसम्म स्थापित हुने ।

प्रतिवादी दिनेश पोखरेलको हकमा हेर्दा पीडितको अदालतमा आई गरेको बकपत्र, जाहेरवालाको बकपत्र, प्रतिवादीहरूको अनुसन्धानमा भएको बयान एवम् सहअभियुक्तको एकआपसको बयानसमेत हेर्दा प्रतिवादी दिनेश पोखरेलले पीडितलाई करणी गरेको भन्ने नदेखिएको तर वारदातस्थलमा मौजुद रहेको, जाहेरवालालाई कुटपिट गरी कब्जामा लिई राखेकोमा स्वीकारी बयान गरेको र सो स्वीकारोक्तिलाई जाहेरवालाले बकपत्र गरी पुष्टि गरेको देखिँदा निजको कसुर मुलुकी ऐन, जबरजस्ती करणी महलको ४ नं.बमोजिम जबरजस्ती करणीको मद्दत गरेको पुष्टि भएकोले ऐ. महलको ऐ. ४ नं.बमोजिम २ वर्ष कैद हुने ठहर गरेको सुरू अदालतको फैसलालाई सदर गरेको फैसला अन्यथा नदेखिने ।

अर्का प्रतिवादी सरोज पौडेलको हकमा विचार गर्दा, मिसिल संलग्न पीडितले अदालतमा आई गरेको बकपत्र, जाहेरवालाको बकपत्र, प्रतिवादीहरूको अनुसन्धानमा भएको बयान एवम् सहअभियुक्तको एकआपसको बयानसमेतबाट निजले पीडितलाई करणी गरेको भन्ने नदेखिएको तर निज प्रतिवादी सरोज पौडेल वारदातस्थलमा उपस्थित रहेको

कुरामा आफू साबित रहेका सहअभियुक्तबाट समेत सरोजको उपस्थितिको पुष्टि भएको, वारदातस्थलमा उपस्थित भएर पनि आपराधिक कार्यको प्रतिरोध नगरी बसेकोले आपराधिक कार्यमा मद्दत पुग्न गएको र प्र.दिनेश पोखरेलको भन्दा भिन्न रूपमा निज प्र. सरोज पौडेलको संलग्नता रहेको देखिँदा प्रतिवादी सरोज पौडेललाई मुलुकी ऐन, जबरजस्ती करणीको ४ नं.बमोजिम तजबिजी कैद १ वर्ष ६ महिना हुने ठहर गरेको पुनरावेदन अदालत विराटनगरको फैसला मनासिब नै देखिँदा सो फैसलालाई अन्यथा गरिरहनु पर्ने नदेखिँदा सो हदभन्दा बढी सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थः माथि विवेचित आधार प्रमाणबाट सुरू मोरङ जिल्ला अदालतबाट प्रतिवादीमध्येका गोपाल बस्नेतलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम कैद वर्ष ६(छ) र निजबाट पीडितलाई रू. ५०,०००।– (पचास हजार) क्षतिपूर्ति भराइदिने र प्रतिवादीहरू हेम लिम्बू र दिपलुङ राईलाई मुलुकी ऐन, जबरजस्ती करणीको ३(५) नं. बमोजिम ३(तीन) वर्ष कैदको सजाय हुने, प्रतिवादी दिनेश पोखरेल र सरोज पौडेललाई सोही महलको ४ नं. बमोजिम जनही कैद वर्ष २(दुई) हुने ठहर गरेको फैसला केही उल्टी गरी प्रतिवादीमध्येको सरोज पौडेललाई सोही महलको ४ नं. बमोजिम कैद सजायको हकमा तजबिजी १ वर्ष ६ महिना कैद सजाय हुने ठहर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०६९।१२।४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ १२ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री विश्वम्भरप्रसाद श्रेष्ठ**, ०७४-WH-००६५, बन्दीप्रत्यक्षीकरण, *मधुसुदन खनाल वि. कास्की जिल्ला अदालत, कास्कीसमेत*

वादी नेपाल सरकार र पोखरा बैदाम स्थित वरदान होटलका मालिक मदन शर्मासमेत प्रतिवादी भई कास्की जिल्ला अदालतमा ठगी मुद्दा चली कास्की जिल्ला अदालतबाट मिति २०५७।१०।१० मा प्रतिवादी मदन शर्मालाई कैद १ वर्ष र जरिवाना रू.१०,२८,४८४।५० भई फैसला भएको देखिन्छ । प्रतिवादीको तर्फबाट सो फैसलाउपर पुनरावेदन अदालत पोखरा तथा यस अदालतमा समेत पुनरावेदन परेकोमा यस अदालतबाट मिति २०६६।९।६ मा प्रतिवादीलाई १ (एक) वर्ष कैद र जरिवाना रू.१,७१,४७४।७५ हुने गरी फैसला भएको रहेछ। यस अदालतबाट समेत ठहर भएको जरिवाना पुनरावेदक प्रतिवादी मदन शर्माले सर्वोच्च अदालतमा र.नं.०५८५ बाट मिति २०६७।४।१० मा दाखेल गरेको भन्ने लिखित जवाफसमेतबाट देखिन आएको छ। निज प्रतिवादी मदन शर्मालाई ठहर भएको कैद वर्ष १ को लगत असुल हुन बाँकी रहेको भन्ने देखिने।

ठगी मुद्दामा ठहर भएका पोखरा बैदाम स्थित वरदान होटलका मालिक मदन शर्मा भन्ने व्यक्ति म होइन भनी निवेदकले उल्लेख गर्न सकेका छैनन्। जिल्ला अदालतबाट भएको फैसलाउपर पुनरावेदन अदालतमा पुनरावेदन गर्ने व्यक्ति निवेदकले आफू होइन भनी पुष्टि गर्न सकेको छैन। त्यस्तै पुनरावेदन अदालत पोखराबाट भएको फैसलाउपर यस अदालतमा पुनरावेदन गरी यस अदालतको फैसलाअनुसार २०६७।४।१० मा ठहर भएको जरिवाना दाखेल गर्ने ठगी मुद्दाका प्रतिवादी मदन शर्मा भन्ने अर्कै व्यक्ति हुन् निवेदक मदन खनाल होइन भन्नेतर्फ पनि निवेदकले कुनै ठोस प्रमाण पेस दाखिल गर्न सकेका छैनन्। उक्त ठगी मुद्दाको पुनरावेदनको रोहमा प्रतिवादी मदन शर्मा यस अदालतमा तारेखमा रहिरहेको पनि देखिन्छ। सो तारेखमा रहेको व्यक्ति म होइन भनी निवेदकले सो तथ्यको कुनै खण्डन गरी रिट

निवेदनमा उल्लेख गर्न सकेका छैनन् । प्रतिवादी मदन शर्मा स्वयम्ले जरिवानासमेत दाखिला गरेको स्थिति छ । उक्त आधारहरूबाट प्रतिवादी मदन शर्मा र निवेदक मदन खनाल भन्ने व्यक्ति एउटै भएको भन्ने देखिने ।

अत: अदालतको फैसलाबमोजिम कैदको लगत रहेको निवेदकलाई पक्राउ गरी थुनामा राखेको हुँदा निवेदकको थुना गैरकानूनी नदेखिने ।

तसर्थ, विवेचित आधार प्रमाणबाट अदालतको फैसलाबमोजिम कैदको लगत रहेको निवेदकको थुनालाई गैरकानूनी घोषित गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएकोले निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: शिवहरि पौड्याल

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७४ साल चैत २ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री विश्वम्भरप्रसाद श्रेष्ठ**, ०७४-WH-००७१, बन्दीप्रत्यक्षीकरण, *अयुषहर्ष बज्राचार्य वि. प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्युरो महाराजगन्जसमेत*

विवादित कि.नं.९७१ को ०-८-३ को जग्गाको सम्बन्धमा अदालतमा मुद्दा परी यस अदालतबाट मिति २०६७।३।२३ मा निवेदकको आमा जमुनादेवीको हक नरहने गरी अन्तिम निर्णय भएको देखिन्छ । यसरी अदालतबाट हकै नपुग्ने ठहर गरी अन्तिम निर्णय भइसकेको जग्गा निवेदकले आफ्नो नाममा नामसारी गराई विपक्षी माछापुच्छ्रे बैंकबाट मिति २०७३।६।१२ मा रू.१,४२,००,०००।– (एक करोड बयालिस लाख) कर्जा लिएको भन्ने देखिने ।

आफ्नी आमाको नै अदालतबाट हक समाप्त भइसकेको जग्गा आफ्ना नाउँमा नामसारी गरी विपक्षी बैंकमा धितो राखी कर्जा लिएको हुँदा सो कच्चा (Default) धितो राखी कर्जा लिएको तथ्य देखिन आएकोले बैंकले यसबारेमा उजुर गरी अनुसन्धानको लागि थुनामा राख्न अदालतबाट म्याद थप भई थुनामा रहेको देखिने ।

प्रस्तुत विवादमा निवेदकलाई बैंकबाट कर्जा लिँदा दिएको धितो कच्चा रहेको भन्ने विषयमा बैंकिङ कसुरको जाहेरी परी मुद्दा दर्ता भई अनुसन्धान प्रक्रियामा म्याद थपसमेत गरी गराई थुनामा राखेको अवस्थामा गैरकानूनी थुना भयो भन्ने निवेदकको जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, माथि विवेचित आधार र कारणबाट रिट निवेदक अशोक हर्ष बज्राचार्यलाई गैरकानूनी रूपमा थुनामा राखेको नदेखिएको, निजलाई बैंकिङ कसुर मुद्दामा अनुसन्धानको सिलसिलामा म्याद थप गरी कानूनबमोजिम थुनामा राखिएको देखिँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः शिवहरी पौड्याल

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल चैत २ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. डा.श्री आनन्दमोहन भट्टराई**, ०७०-WO-०४१०, *उत्प्रेषण, खगेन्द्र महत वि. दंगा नियन्त्रण प्रहरी गण, कोहलपुरसमेत*

प्रहरी ऐन, नियमबमोजिम जनताको जिउ धनको सुरक्षार्थ ड्युटी गर्नुपर्ने निवेदक जस्तो जिम्मेवार पदमा रहेको व्यक्तिले आफ्नो पदीय कर्तव्य दायित्व र जिम्मेवारीप्रति बेवास्ता गरी आचरणविपरीतको कार्य गरेको साथै चोरीलगायतका अपराध नियन्त्रण गर्नुपर्नेमा आफैँले चोरीको अपराध गरेको अवस्थामा कानूनमा तोकिएका अख्तियारवालाबाट विभागीय कारबाही भएको र सो निर्णयउपर पनि कानूनमा तोकिएको पुनरावेदन सुन्ने अधिकारीबाट पुनरावेदन सुनी गरेको निर्णयमा कुनै कानूनी त्रुटि नदेखिँदा

उपर्युक्त निर्णयहरू प्रहरी ऐन, नियममा व्यवस्थित कानूनी प्रक्रिया अवलम्बन गरी कानूनसम्मत नै भएको देखिने।

प्रहरी कर्मचारीलाई सदैव अनुशासित बनाई शान्ति सुरक्षा कायम गर्ने अभिभारा पूरा गर्ने दायित्व बोकेको प्रहरी संगठनका अधिकारप्राप्त अधिकारीले प्रहरी ऐन र नियमले प्रदान गरेको अख्तियारीभित्र रहेर निवेदकलाई भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी गरेको कारबाही एवम् निर्णय कानूनअनुरूप भएको देखिँदा निवेदकको मागबमोजिम उत्प्रेषणसमेतको रिट जारी हुन नसक्ने।

तसर्थ, माथि विवेचित आधार कारणबाट रिट निवेदक खगेन्द्र महतले पटकपटक पदीय आचरणविपरीतको कार्य गरेको र मोबाइल चोरीको आपराधिक कार्यसमेत गरेको भन्ने आधारमा दङ्गा नियन्त्रण प्रहरी गण कोहलपुर, बाँकेबाट प्रहरी नियमावली, २०४९ को नियम ८८ को देहाय (ज) को कसुरमा नियम ८४ को देहाय (छ) बमोजिम निजलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी मिति २०६९।१०।१५ मा भएको निर्णय र सोउपरको पुनरावेदन सुनी सुरू निर्णयलाई सदर गर्ने गरी मध्यपश्चिमाञ्चल क्षेत्रीय प्रहरी कार्यालय, सुर्खेतबाट मिति २०७०।५।१० मा भएको निर्णयसमेत कानूनसम्मत नै देखिँदा निवेदकको निवेदन मागबमोजिम उत्प्रेषणसमेतको आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शिवहरि पौड्याल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल जेठ ७ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई**, ०७२-CR-०४१४ र ०७४-RC-१३६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. छागुर पासी र नेपाल सरकार वि. वकिल मियाँ मुसलमान*

प्रतिवादी वकिल मियाँले नविन गुरूङलाई गोली हानेको भनी प्रतिवेदक महेश्वर उपाध्यायले निजउपर किटान गरी जाहेरी प्रतिवेदनमा उल्लेख गरेको र अदालतमा उपस्थित भई बकपत्र गर्दा पनि प्रतिवादी वकिल मियाँ मुसलमानले गोली प्रहार गरेका कारण प्र.ज.नविन गुरूङको मृत्यु भएको भनी उल्लेख गरेको देखिन्छ। मृतकको लास जाँच मुचुल्का तथा शव परीक्षण प्रतिवेदनसमेतबाट मृतकको मृत्यु गोली लागी भएको तथ्य निर्विवाद रूपमा स्थापित भई उक्त प्रमाणहरूले सहप्रतिवादीहरूको पोल तथा प्रतिवेदकको बकपत्र कथनलाई पुष्टि गरिरहेको देखिन्छ। हत्या हुनुभन्दा तत्कालअघि मृतक नविन गुरूङको साथमा रहेका प्र.ज.राजु लोधले मौका अनुसन्धानको क्रममा गरेको कागज र अदालतसमक्ष गरेको बकपत्रबाट निज राजु लोध र मृतक नविन गुरूङ गस्तीमा गइरहेको अवस्थामा घटनास्थलमा देखिएको ४ जनामध्ये ३ जना प्रतिवादीहरू भाग्न सफल भएका र पर्शुराम केवटलाई समातेकोमा त्यसपछि मोटरसाइकलमा आएका मोहम्मद अजमल मुसलमानसमेत २ जना व्यक्तिहरूलाई निजहरूको सहयोग लिनको लागि रोकी तीमध्ये एक जना र निज राजु लोधले पर्शुराम केवटलाई चौकीमा पुऱ्याई फर्की आउँदा नविन गुरूङको गोली हानी हत्या भइसकेको र मृतकको साथमा बसेको मोहम्मद अजमल मुसलमानलाई छर्रा लागेको भन्ने देखिन्छ। उक्त वारदात भएको तत्कालपछि घटनास्थल पुगेका बुझिएका अर्का साक्षी प्र.ज. बलबहादुर रायमाझीले मौकामा गरेको कागज तथा बकपत्रसमेतबाट यी प्रतिवादीहरू वकिल मियाँ र छागुर पासी वारदातमा संलग्न रहेको भनी लेखाएको देखिन्छ। स्वतन्त्र प्रमाणबाट समर्थित भएको सहअभियुक्तको पोल तथा प्रतिवेदकको बकपत्र, बुझिएका प्र.ज.राजु लोधको बकपत्रसमेतका प्रमाणहरू प्रमाण ग्राह्य रहे भएको देखिने।

अतः मिसिल संलग्न जाहेरी प्रतिवेदन,

सहअभियुक्तहरूको बयान, प्रतिवेदकको बकपत्र, लास जाँच प्रकृति मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदनसमेतका सबुद प्रमाणबाट यी प्रतिवादी वकिल मियाँ मुसलमानले हानेको गोली प्रहारबाट प्रहरी जवान नविन गुरूङको मृत्यु भएको तथ्य स्थापित भई निजले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुर गरेको पुष्टि भएकाले निजलाई कपिलवस्तु जिल्ला अदालतबाट अभियोग दाबीअनुसार ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी भएको फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत बुटवलको मिति २०७१।१०।१८ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहर्छ । ०७४-RC-०१३६ को साधकको लगत कट्टा हुने ।

मिति २०६३।७।२४ को प्र.ज.नविन गुरूङलाई गोली प्रहार गरेको वारदातस्थलमा खडा गरिएको घटनास्थल प्रकृति मुचुल्काबाट वारदात स्थलमा S.P.4 लेखिएको रातो रङको कार्ट्रिजका दुईवटा टुक्रा र एक KF१२ लेखिएको कार्ट्रिज खोका थान १ समेत फेला परेको भन्ने देखिन्छ । मृतकको लास जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट मृतक लासको छातीमा गोली लागेको एउटा मात्र घाउ चोट रहेको देखिन्छ । लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन तथा घटनास्थल प्रकृति मुचुल्कासमेतबाट सहअभियुक्तको पोल समर्थित भएको र प्रतिवादी वकिल मियाँले चलाएको गोली नविन गुरूङको छातीमा लाग्न गई निजको मृत्यु भएको देखिन आउँछ । साथै प्रतिवादी छागुर पासी हतियार साथमा लिई मृतकको ज्यान मार्नको लागि घटनास्थलमा मौजुद रहेको भन्ने तथ्य मिसिल संलग्न आधार प्रमाणहरूबाट स्थापित हुन आएको देखिन्छ । प्रतिवादी छागुर पासीले आफ्नो साथमा हतियार लिई घटना वारदातस्थलमा उपस्थित रही मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(१) नं. बमोजिमको कसुर गरेको देखिएकाले सोही १७(१) नं. बमोजिम कैद वर्ष १०(दश) सजाय गरेको कपिलवस्तु जिल्ला अदालतको फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत बुटवलको मिति २०७१।१०।१८ को फैसला अन्यथा नभई मनासिब देखिने ।

अतः मृतक प्र.ज. नविन गुरूङको छातीमा एक मात्र गोली लागेको देखिएको र उक्त गोली वकिल मियाँ मुसलमानले हानेको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिई रहेको परिप्रेक्ष्यमा प्रतिवादी छागुर पासी हतियार लिई वारदातस्थलमा उपस्थित रहेको तर निजले प्रहार गरेको गोलीबाट प्र.ज.नविन गुरूङको मृत्यु भएको नदेखिएको अवस्थामा निजले वादी नेपाल सरकारको अभियोग मागदाबीबमोजिम ज्यानसम्बन्धीको १३(१) नं. बमोजिमको कसुर गरेको नदेखिई सोही महलको १७(१) नं. बमोजिमको कसुर गरेको देखिएबाट अभियोग दाबीबमोजिम ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम नै पूरा सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, विवेचित आधार र कारणहरूबाट प्रतिवादी छागुर पासीलाई १०(दश) वर्ष कैद सजाय हुने गरी भएको पुनरावेदन अदालत बुटवलको मिति २०७१।१०।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: शिवहरि पौड्याल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल असोज ७ गते रोज १ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CI-०५५८, लगत कट्टा निर्णय बदर, *लम्बोदर मुनकर्मी वि. गुठी संस्थान केन्द्रीय कार्यालय, डिल्लीबजार*

संवत् १९९५ सालमा तत्कालीन श्री ५

को सरकारतर्फ गुठी लगत जाँच अड्डाबाट खडा भएको भक्तपुर क्वाठण्डौ मठ गुठीको लगत उतारमा खरिपाटीको २ नाले २ तले ४ कवलको पौवा फुलबारीसमेतको १, ऐ. उत्तरपट्टि चौधरातर्फ झिंगटी छाना भएको सत्तल १, श्री नारायण कायम भएको १ तले ३ कवलको पाटी १, भन्ने उल्लेख भई सोको मुनिपट्टि २००२।८।२२।६ मा श्री ५ को सरकार गुठी बन्दोबस्त अड्डाबाट भक्तपुर खरिपाटीको श्री कृष्ण लक्ष्मी नारायणलाई फूल चढाई दिं दिं पूजा गरी खाने फूलबारीको पाखाको दोयम रोपनी १। को मकै ।२।१।१ (दुई पाथी एक माना एक मुरी) साबिक तिरो केही नलागेकोमा तिरो लागेबाट बढ हुन आएकोले सोहीबमोजिम जनिन आएको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । कुत बाली बुझेको रसिद गरी दिने भक्तपुर काठमाडौं मठ गुठीका महन्त डिल्लीनाथ पुरीले प्रस्तुत जग्गा साबिकमा तिरो नलागेको र पछि २००२ सालको लगतमा जनिएबमोजिम कुत बुझेको हुँ, गुठीको लगतमा जनिएबमोजिम कायम भएको कि.नं. २१० मा श्री को मन्दिर विराजमान छ, कि.नं. २११ मा गुठीको सत्तल पाटी कायम भएको सोमा यिनै पुनरावेदकको परिवारले बसोबास गरी आएका र यसैको प्राङ्गणमा रहेको कि.नं २१२ को जग्गा फुलबारी बगैँचा हो, यसमा मोही कायम गर्न मिल्दैन, यो जग्गा गुठी तैनाथी प्रकृतिको हो भनी मिति २०५८।३।२९ र मिति २०५३।१०।२३ मा कागज गरी दिएको देखिन्छ । गुठी संस्थान शाखा कार्यालय, भक्तपुरका प्रमुखसमेतले स्थलगत निरीक्षण गर्दा, कि.नं. २१० मा मन्दिर, कि.नं. २११ मा पाटी सत्तल र कि.नं. २१२ मा फूलबारी बगैँचा देखिएको भन्ने बेहोरा उल्लेख गरेको देखिएबाट उक्त जग्गाको लगत गुठीको नै रहेको भन्ने कुरा थप समर्थन हुन गएको देखिने ।

जग्गाको पृष्ठभूमि र कानूनी व्यवस्थासमेतको आधारमा कि.नं. २१२ को जग्गा गुठीको र सो जग्गासँग सम्बन्धित कि.नं.२१० को श्री कृष्ण लक्ष्मीनारायण मन्दिर र कि.नं. २११ को पाटी सत्तलसँग जोडिएको जग्गा भई सोमा मन्दिरको फूलबारी र बगैँचासमेत रहेको हुँदा, त्यस्तो जग्गामा मोहीले जोताहा लेखाउँदैमा ऐनको दफा २६(१) र ऐ. ऐनको दफा २७(ख) ले मोहियानी हक कायम हुनसक्ने देखिएन । यस स्थितिमा विवादित कि.नं. २१२ को जग्गामा निवेदिकाको पतिले ऐनको दफा २७(ख) बमोजिम मोहियानी हक पाउने नभई उक्त जग्गाउपर गुठी संस्थानको नै हक र स्वामित्व कायम रहिरहने भनी प्रत्यर्थी संस्थानबाट निर्णय भएको देखिने ।

निवेदकको पतिको नाममा मोही कायम भएको नदेखिएको स्थितिमा प्रस्तुत मुद्दा दोहोर्‍याई हेर्न अनुमति दिँदाका बखत लिइएका आधार, कारणहरूसँग सहमत हुन नसकिने ।

तसर्थ उपर्युक्त विवेचित आधार कारणबाट कि.नं. २१२ को क्षेत्रफल १-१२-० को जग्गामा पुनरावेदकका पिता शंकर मुनकर्मीले जोताहा महलमा लेखाएको नाउँ कट्टा भई साबिकबमोजिम काठमाडौं मठ गुठीको फूलबारी बगैँचा नै कायम हुने ठहर्‍याई सुरू गुठी संस्थानका प्रशासकले मिति २०५९।८।६ मा गरेको निर्णय सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६७।७।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कमलकान्त जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७५ साल चैत ४ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-CR-०६८३, ०७१-CR-०६९८ र ०७१-CR-११५७, मानव बेचबिखन, *मिठ्ठुकुमारी शाह वि. नेपाल सरकार, प्रकाश पुन वि. नेपाल सरकार र नेपाल सरकार वि. मिठ्ठुकुमारी शाहसमेत*

पुनरावेदक प्रतिवादीहरूमध्ये मिठ्ठु शाह

(हमाल) को सम्बन्धमा विचार गर्दा पीडिता पुष्पा थापालाई विष्णु नेपाली भन्ने महिलाले ललाईफकाई साउदी अरबमा रोजगारी दिलाउँछु भनी नेपालबाट बम्बई लगेर मिठ्ठु शाह (हमाल) सँग परिचय गराई निजकै कोठामा बसाई त्यहाँबाट साउदी अरबतर्फ पठाएको भनी प्रस्तुत वारदातमा सहयोग गर्न मिठ्ठु शाह (हमाल) को संलग्नता रहेको भन्ने पीडिताको किटानी जाहेरी तथा अदालतबाट प्रमाणित बयानबाट देखिन आउँछ। पीडिता पुष्पा थापाले साउदी अरबमा आफ्नो काम गर्ने ठाउँमा पुगेपछि त्यहाँका मालिकले रू.१,२०,०००।- (एक लाख बीस हजार) मा किनेर ल्याएको भनी निजलाई शारीरिक तथा मानसिक शोषण गर्न थालेपछि निजले घरमा खबर गरेको र तत्पश्चात् पीडिताकी आमाले छोरी फिर्ता नगरे मुद्दा हाल्छु भनी धम्काएपछि पीडितालाई साउदी अरबबाट भारत झिकाइएको भन्ने पीडिताको बयानसमेतबाट देखिन आउँछ। भारत झिकाई आएपछि पीडिताको घाउचोट निको नहुन्जेलसम्म निजलाई १३ दिन प्रतिवादी मिठ्ठु शाह (हमाल) कै बम्बईस्थित कोठामा राखेको र सो अवधिमा प्रतिवादीले पीडितालाई नेपाल फर्केर मुद्दा चलाएमा खानदान नै खतम गरिदिन्छु भनी डरत्रासमा पारेको देखिन्छ। प्रतिवादी मिठ्ठु शाह (हमाल) ले आफू निर्दोष रहेकाले अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भनी बयान गरे तापनि अर्का प्रतिवादी प्रकाश पुनले समेत आफ्नो बयानमा पीडितालाई नेपाल लगिदिनु भनी विष्णु नेपाली र प्रतिवादी मिठ्ठु शाह (हमाल) ले भनेको भनी उल्लेख गरेको देखिन्छ। साथै पीडिताले गरेको बयानमा समेत प्रकाश पुनले आफूलाई नेपाल ल्याउँदाका बखत मिठ्ठु शाह (हमाल) सँग फोन सम्पर्कमा रहिरहेको भनी उल्लेख गरेको पाइन्छ। यसरी मिसिल संलग्न प्रमाणहरूबाट पीडितालाई बेच्ने कार्यमा प्रतिवादी मिठ्ठु शाह (हमाल) को प्रत्यक्ष रूपमा सहयोग रहेको पुष्टि भइरहेकोमा निजको पुनरावेदन जिकिरबमोजिम सफाइ दिनु मनासिब नदेखिने।

जाहेरवाली पुष्पा थापाले दिएको जाहेरी दरखास्त एवम् अदालतबाट प्रमाणित बयानमा समेत प्रस्तुत मुद्दाको वारदातमा प्रतिवादी प्रकाश पुनको संलग्नता जाहेरवाली भारतबाट नेपाल फर्कने बेलाबाट मात्र रहेको भनी उल्लेख गरेको देखिन्छ। प्रतिवादी प्रकाश पुनले अदालतसमक्ष गरेको बयानमा निज रोजगारीका लागि साउदी जानको लागि भारतको बम्बईमा गएकोमा साउदी अरब जान रूपैयाँ नपुगेकाले रूपैयाँ लिन घरमा आउन लाग्दा पुष्पा थापाले आफू पनि साउदी गई दु:ख पाई बम्बई फर्की आएकोले निजलाई पनि घर पुऱ्याई दिन आग्रह गरेकाले अलपत्र परेकी महिलालाई नेपालमा सँगै ल्याइदिँदा निजको उद्धार हुने देखी बम्बईबाट नेपालगन्जसम्म ल्याइदिएको हुँ भनी उल्लेख गरेको पाइयो। उक्त बयानबाट निज प्रतिवादी स्वयम् वैदेशिक रोजगारीका लागि साउदी अरब जाने क्रममा रहेको देखिन्छ। निज प्रतिवादीको पीडितासँग कुनै पुरानो चिनजान नरही नेपाल फर्कने क्रममा बम्बईमा मात्र भेट भएको देखिन्छ। त्यसभन्दा अगाडि जाहेरवालीलाई नेपालबाट बम्बई हुँदै साउदी अरब पुऱ्याउँदासम्म यी प्रतिवादी प्रकाश पुनको संलग्नता रहेको भन्ने मिसिल संलग्न कुनै पनि प्रमाणबाट देखिन आउँदैन। यस अवस्थामा निज प्रतिवादीले बम्बईमा रहँदा बस्दा जाहेरवालीलाई मानवीय सहयोग गरी नेपाल फर्कनसमेत सहयोग मात्र गरेका हुन् भन्ने देखिन्छ। अर्का प्रतिवादी मिठ्ठु शाह (हमाल) सँग सामान्य चिनजान मात्र रहेको भनी अदालतसमक्षको बकपत्रमा उल्लेख भएकोमा निजलाई केबल अर्को प्रतिवादी मिठ्ठु शाह (हमाल)सँग सम्पर्क भएको भन्ने आधारमा उजुर परी अभियोग लगाइएको देखिन्छ। अभियोजन गरेर मात्र हुँदैन त्यसलाई प्रमाणले पुष्टि पनि गर्नुपर्ने।

प्रतिवादी प्रकाश पुनमाथि लगाएको अभियोगलाई पुष्टि गर्ने आवश्यक प्रमाणको अभाव रहेको देखिन्छ। वस्तुनिष्ठ प्रमाणको अभावमा केवल

अनुमान तथा अड्कलका भरमा अभियोगलाई स्थापित गर्न खोज्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन्छ। निज प्रतिवादी प्रकाश पुनको अभियोग दाबीबमोजिमको अपराधमा संलग्नता रहेको भनी पुष्टि गर्ने पर्याप्त प्रमाणको अभावमा निजलाई अभियोग दाबीबमोजिम सजाय गर्नु न्यायोचित नदेखिने।

अत: माथि विवेचित आधार कारणहरूको आधारमा प्रतिवादीहरू मिठ्ठु शाह (हमाल) र प्रकाश पुनलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४(क) बर्खिलापको कसुर अपराधमा ऐ.ऐनको दफा १५(१)(क) बमोजिम सजाय हुन र ऐ. ऐनको दफा १७ बमोजिम अभियुक्तहरूबाट पीडिता पुष्पा थापालाई मनासिब माफिकको क्षतिपूर्तिसमेत दिलाई भराइदिने अभियोग दाबी रहेको प्रस्तुत मुद्दामा प्रतिवादी मिठ्ठु शाहको हकमा अभियोग दाबीबमोजिम सुरू बाँके जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत नेपालगन्जबाट भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी प्रकाश पुनको हकमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४(क) बर्खिलापको कसुरमा ऐ.ऐनको दफा १५(१)(ज) बमोजिम १० वर्ष कैद र रू.१ लाख जरिवाना हुने ठहर गरेको पुनरावेदन अदालत नेपालगन्जको फैसला निजको हकमा सम्म उल्टी भई निजले प्रस्तुत अभियोग मागदाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: इशा सुवेदी

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल साउन १७ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-WO-०५६७, उत्प्रेषण, *अरूणकुमार ठाकुर वि. शिक्षक सेवा आयोग, सानोठिमीसमेत*

भुरेन्द्र पण्डित कुम्हारको जन्ममिति २०३२।१।२३ रहेको भन्ने मिसिल संलग्न निजको नागरिकता प्रमाणपत्रबाट देखिन्छ । निजले शिक्षा सेवा आयोगको विज्ञापन नं. २०५१।०७१।०७२ र १०५२।०७१।०७२ मा मिति २०७२।०१।०८ मा आवेदन फाराम दर्ता गराएको र सो आवेदन दर्ता गराउँदाको दिन निज उमेर ३९ वर्ष ११ महिना १५ दिन मात्र रहेको देखियो । सो आधारमा शिक्षा सेवा आयोगको उल्लिखित विज्ञापनमा सिफारिस भएका उम्मेदवार भुरेन्द्र पण्डित कुम्हारले दरखास्त बुझाउँदाको मिति २०७२।०१।०८ मा निर्धारित उमेर ४० वर्ष पूरा गरेको नदेखिँदा दाबीबमोजिमको आदेश जारी गर्न मिल्ने नदेखिने।

रिट निवेदकले सो विज्ञापन सूचनाको सिफारिस प्रकाशित भएपछि मिति २०७२।०८।१३ मा मात्र शिक्षक सेवा आयोगमा निवेदन दर्ता गरेको देखिन्छ । उक्त निवेदनमाथि कारबाही भई निर्णयको जानकारी दिँदा "...*निज भुरेन्द्र पण्डित कुम्हारको दरखास्त पेस गर्दा निजको उमेर ३९ वर्ष ११ महिना १५ दिन मात्र भएकोले निजको सिफारिस प्रतिकूल नदेखिएको*" भन्ने बेहोरा उल्लेख भएको मिसिल संलग्न शिक्षक सेवा आयोगको पत्रबाट देखिने।

उमेरको हदका कारण अयोग्य भएको भन्ने दाबी आवेदन फाराम दर्ता गराउँदाकै अवस्था देखी रहेको भए सोही अवस्थामा नै कानूनी उपचार खोज्नु पर्ने थियो । सो अवस्थामा कानूनी उपचार नखोजी विपक्षी शिक्षक सेवा आयोगबाट प्रकाशित सूचनालाई स्वीकार गरी लिखित तथा मौखिक प्रतियोगितात्मक परीक्षामा सामेल भई आफू उक्त प्रतियोगितामा असफल भएपछि मात्र उपचारको लागि अदालत प्रवेश गरेको देखिने।

रिट निवेदकले शिक्षक सेवा आयोगको मिति २०७२।६।१८ को सिफारिस तथा निर्णय मात्र उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउन माग गरेको देखिन्छ । निज भुरेन्द्र पण्डित कुम्हार शिक्षक

सेवा आयोगको मिति २०७२।०६।१८ को निर्णयले सिफारिस भई मिति २०७२।१०।१३ को निर्णयले निजको नियुक्ति प्रक्रिया अगाडि बढाउने निर्णय भएको रहेछ । सोपश्चात् जिल्ला शिक्षा कार्यालय, रौतहटको मिति २०७२।१०।१८ को निर्णयानुसार शारदा उच्च माध्यमिक विद्यालय, पिपरियामा माध्यमिक तह, तृतीय श्रेणीमा सामाजिक विषयको पदमा नियुक्ति तथा पदस्थापन भएको मिसिल संलग्न पत्रबाट देखियो । उक्त निर्णयहरूका सम्बन्धमा विपक्षीले अन्यथा जिकिर लिन सकेको अवस्था छैन । साथै, उक्त शिक्षक सेवा आयोगको मिति २०७२।१०।१३ को निर्णय र जिल्ला शिक्षा कार्यालय, रौतहटको मिति २०७२।१०।१८ को निर्णय बदर नभएसम्म निजको नियुक्ति बदर हुनसक्ने देखिँदैन । सो आधारमा समेत रिट निवेदन मागबमोजिमको आदेशहरू जारी हुनुपर्ने अवस्था विद्यमान नदेखिने ।

अतः उपर्युक्त प्रकरणहरूमा विवेचित आधार र कारणहरूबाट प्रस्तुत मुद्दासँग सम्बन्धित विज्ञापन सूचनामा स्पष्ट रूपमा कुन मितिमा निर्धारित उमेर पुगेको मान्ने भन्नेबारे स्पष्ट व्यवस्था नभएको हुँदा सिफारिस गरिएका भुरेन्द्र पण्डित कुम्हारले दरखास्त पेस गर्दा ४० वर्ष नपुगेको अवस्थामा सूचनाबमोजिम योग्यता नपुगेको मान्न मिल्ने अवस्था देखिएन । सो अवस्थामा शिक्षक सेवा आयोगले निज भुरेन्द्र पण्डित कुम्हारलाई शिक्षा सेवा आयोग नियमावली, २०५७ को नियम १० विपरीत सिफारिसको निर्णय गरेको मान्न मिलेन । तसर्थ, रिट निवेदन मागबमोजिमका आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दीपिका थापा मगर

इति संवत् २०७५ साल पुस ५ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री तेजबहादुर के.सी.,** ०७१-WO-०३१७, उत्प्रेषण, *गीता कोइराला वि. शिक्षक सेवा आयोग, सानोठिमीसमेत*

निवेदिका सीता अधिकारीको निवेदनउपरको कारबाही हुँदा लिखित परीक्षा र अन्तर्वार्तासम्बन्धी सम्पूर्ण गोप्य सामग्रीहरू भएको सिलबन्दी लाहाछाप गरिएको प्याकेट खोली नतिजा प्रकाशनसम्बन्धी सम्पूर्ण सामग्रीहरूको अध्ययन र छानबिन गर्ने भनी विपक्षी शिक्षक सेवा आयोगले मिति २०७१।२।११ मा निर्णय गरेको देखिन्छ। आयोगको उक्त निर्णयबमोजिम छानबिन हुँदा "लिखित परीक्षाको नतिजाबाट खुला र महिलातर्फबाट अन्तर्वार्ताका लागि छनौट भएकी निज सीता अधिकारीको लिखित परीक्षा, अन्तर्वार्ता र शैक्षिक योग्यतासमेतको अङ्क जोड्दा अन्य उम्मेदवारभन्दा प्राप्ताङ्क कम भई खुलातर्फ सिफारिस हुन नसकेको पाइएको तर निजको नाम प्राविधिक त्रुटिका कारणले महिलातर्फ छुट्न गई नतिजा प्रकाशन हुन गएको" भनी समावेशी समूहअन्तर्गत महिलातर्फ विपक्षी आयोगले पुनः (संशोधित) परीक्षाफल प्रकाशित गरेको देखियो। जसअनुसार विपक्षी सीता अधिकारीको नाम रिक्त पदमा सिफारिस भई गुञ्जाकुमारी गुप्ता अनुत्तीर्ण र रिट निवेदिका वैकल्पिक नं. १ मा यथावत् रहेको देखिन्छ। नतिजा संशोधित भएबमोजिम निज विपक्षी सीता अधिकारी रिक्त पदमा सिफारिस भएको कुरा रिट निवेदिकाले आफ्नो निवेदनमा उल्लेख गरेको देखिँदैन। यसरी रिट निवेदिकाले वास्तविक तथ्यलाई नदेखाई भएको तथ्यलाई गुम पारी अदालत प्रवेश गरेको देखिने।

शिक्षक आयोगबाट नियुक्तिको लागि सिफारिस भएको कुनै उम्मेदवारले नियुक्ति लिन नपाउँदै बिचैमा नियुक्त नगर्नुपर्ने प्रामाणिक कारण आयोगले प्राप्त गरेमा त्यस्तो उम्मेदवारको नियुक्ति बदर गर्न सक्ने अधिकार निजमा रहेको नै देखिन्छ। प्रस्तुत निवेदनका सन्दर्भमा महिलातर्फ सिफारिस भएकी मूल उम्मेदवार गुञ्जाकुमारी गुप्ता नियुक्तिका लागि सिफारिस

भएको देखिए तापनि निजले आफ्नो नियुक्ति नबुझेको अवस्थामा नै विपक्षी सीता अधिकारीको तर्फबाट परेको निवेदनउपर आयोगले छानबिन गरी निज सीता अधिकारीको लिखित परीक्षा, अन्तर्वार्ता र शैक्षिक योग्यतासमेतको अङ्क जोड्दा अन्य उम्मेदवारभन्दा प्राप्ताङ्क कम भई खुलातर्फ सिफारिस हुन नसकेको पाइएको तर निजको नाम प्राविधिक त्रुटिका कारणले महिलातर्फ छुट्न गई नतिजा प्रकाशन हुन गएको भन्दै उक्त प्राविधिक त्रुटि सच्चाइएको सूचना विपक्षी आयोगले मिति २०७१।५।३१ मा आफ्नो वेबसाइटमा राखेको देखिने।

निवेदनमा एकातिर विपक्षी सीता अधिकारीले आफूसँग सम्बन्धित विषयको बारेमा चित्त नबुझे कानूनबमोजिम उजुर, निवेदन गर्न पाउने नै देखिएको, निजको उक्त कार्य कानूनविपरीतको नदेखिएको र अर्कातिर विपक्षी शिक्षक सेवा आयोगले कानूनविपरीतको कार्य गरी अन्तर्वार्ताको परिणाम फेरबदल गरेको भन्ने स्थिति नदेखिएकोले विपक्षी आयोगले आफ्नो प्राविधिक त्रुटि सच्याई निज विपक्षी सीता अधिकारीलाई उक्त पदमा सिफारिस गर्ने गरेको कार्य अन्यथा भन्न मान्न मिल्ने देखिएन। यस स्थितिमा मूल उम्मेदवारले नियुक्ति नलिएकोले वैकल्पिक उम्मेदवारका रूपमा रहेकी रिट निवेदिकालाई उक्त पदमा सिफारिस गर्नुपर्नेमा अनुत्तीर्ण उम्मेदवार विपक्षी सीता अधिकारीलाई सिफारिस गर्ने विपक्षी आयोगको कार्य कानूनविरीतको हुँदा बदर गरिपाउँ भन्ने बेहोराको निवेदन जिकिर र सोही बेहोराको निजका तर्फबाट रहनुभएका विद्वान् कानून व्यवसायीको बहससँग समेत सहमत हुन नसकिने।

यसर्थ उल्लिखित विवेचित आधार, कारणबाट विपक्षी सीता अधिकारीको तर्फबाट परेको निवेदनउपर विपक्षी आयोगले गरेको छानबिनबाट नतिजा संशोधन हुन गई निज विपक्षी सीता अधिकारी मूल उम्मेदवारका रूपमा सिफारिस भएको देखिएको अवस्था, विपक्षी आयोगको कार्य शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २६(२) अन्तर्गतको देखिएको एवम् विपक्षीहरूको काम कारबाही कानूनको अख्तियारीभन्दा बाहिरको नदेखिएको स्थितिमा विपक्षीहरूको काम कारबाहीबाट रिट निवेदकको संवैधानिक एवम् कानूनी हकमा आघात परेको भन्ने अवस्थाको विद्यमानता नदेखिँदा विपक्षीहरूको नाममा मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिएन । रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७५ साल चैत १७ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-WO-००४५, उत्प्रेषण, *सानुमाया महर्जन वि. राजु मुनिकारसमेत*

जिल्ला अदालतमा चलेको दर्ताफारी मुद्दाको प्रतिवादी आशाभाइ मुनिकारको मृत्यु भएपछि निजको छोरा राजु मुनिकारले पिताको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि साथै राखी अ.बं.६२(३) नं. बमोजिम मुद्दा सकार गराई पाउँ भनी निवेदन दिएपछि सो निवेदनसाथ पेस भएको मृत्यु दर्ताको प्रमाणको आधारमा मुद्दा सकार गराइदिने अधिकार स्रेस्तेदारको अनुपस्थितिमा शाखा अधिकृतलाई हुन्छ । त्यस्तो आदेशउपर उजुरी निवेदन परेमा सो आदेश मिले नमिलेको जाँच गरी आदेश दिने अधिकार जिल्ला न्यायाधीशलाई हुन्छ । सो आदेशउपर निवेदन परेमा जिल्ला अदालतबाट भएको आदेश रीतपूर्वक भए नभएको परीक्षण गर्न सक्ने अधिकार पुनरावेदन अदालतलाई हुन्छ। दर्ताफारी मुद्दामा भएको आदेश बेरीतपूर्वकको हो होइन ? भन्ने विषय सम्बन्धित मुद्दाबाट हेरिसकेको अवस्थामा रिट निवेदनबाट निर्णय गर्दा मातहत अदालतमा चलेको मुद्दासमेतमा असर पर्न सक्ने हुन्छ । त्यसकारण मातहत अदालतमा साधारण

क्षेत्राधिकारअन्तर्गत चलेको दर्ताफारी मुद्दामा भएको आदेशको निरूपण रिट क्षेत्राधिकारबाट गर्नु उचित नहुने।

तसर्थ साधारण उपचारको बाटो अवलम्बन गरी मुद्दाको प्रक्रियामा काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।१२।२ मा मुद्दा सकार गराइदिने गरी भएको आदेश र सो आदेशलाई कायम गरी मिति २०७१।१२।२० मा भएको आदेशलाई सदर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।३।३१ मा भएको आदेशले यी रिट निवेदकको कुन कुन संवैधानिक तथा कानूनी हक अधिकार उपभोग गर्न के कसरी आघात पुगेको हो। सो कुरा रिट निवेदनमा स्पष्ट खुलाउन सकेको पाइँदैन । कानूनबमोजिम भएको आदेशको विषयले निवेदकको संवैधानिक हक एवम् कानूनी हक अधिकार हनन् हुने अवस्था आउँदैन। सिद्धान्ततः मौलिक हक एवम् कानूनी हक प्रचलन गराउन रिट जारी गरिन्छ। कानूनबमोजिम भएको कार्यले निवेदकको हक अधिकार हनन् नभएको अवस्थामा त्यस्तो कार्यउपर रिट निवेदन जारी गर्न मिल्ने देखिँदैन। अतः प्रस्तुत रिट निवेदनमा काठमाडौं जिल्ला अदालत र पुनरावेदन अदालत पाटनसमेतले कानूनबमोजिम गरेको आदेशबाट यी रिट निवेदकको मौलिक हक एवम् कानूनी हकअधिकार हनन् भएको अवस्था मिसिल संलग्न प्रमाणबाट नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रामचन्द्र खड्का

इति संवत् २०७५ साल फागुन ८ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७५-RC-००८३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पम्फा मगर*

१० वर्ष पहिले परिवार नियोजन गरेको श्रीमान्‌बाट गर्भ रहेकोले लोकलाजले पेटमा पानी जमेको भन्दै आएकी थिएँ। बच्चा जन्मेपछि लात्तीले हानेको र रोइकराई नगरे पनि चलेको जस्तो लागेको थियो । रूने कराउने चल्ने छटपटाउने नगरेकोले आफ्नै सुरूवालले छोपी फोहोर फाल्ने ठाउँमा लगी फालिदिएकी हुँ भनी प्रतिवादीले बयान गरेको देखिन्छ। यसरी प्रतिवादीले नै बच्चाले लात्तीले हानेको र चलेको जस्तो लागेको थियो भनी बयान गरेबाट मृतक बच्चा जिउँदो जन्मेको तथ्यमा विवाद नरहने।

मृतक बच्चा रहेको जङ्गलमा डढेलो लागी झारपातसमेत जलेको, सो स्थानमा साल नालसहितको मृत अवस्थाको शिशु रहेको भन्ने घटनास्थल मुचुल्का भएको र प्रतिवेदक भरतबहादुर दुराको बकपत्रबाट पनि डढेलोले आधा शरीर जलेको भन्ने देखिन आएको छ। लास प्रकृतिबाट पनि जलेको अवस्था देखिन आएको छ । यसका अतिरिक्त Autopsy report मा respiratory activity took place after the baby was born, ante mortem burn भन्ने उल्लेख भएको देखिन्छ । आगो लागी जली मरेको देखिए पनि प्रतिवादीले जिउँदो जन्मेको बच्चालाई आगो लगाई मारेको भन्ने पुष्टि हुने चश्मदिद गवाहसमेतका वस्तुनिष्ठ प्रमाण नरहेको र सो तथ्यलाई प्रतिवादीले अस्वीकार गरी बयान गरेको देखिन्छ । प्रतिवादीले मृतक बच्चालाई कर्तव्य गरी मारेकोमा अस्वीकार गरेको भए पनि मृतक बच्चा जिउँदो जन्मेको भन्ने तथ्यमाथि दफा २१ बाट समेत स्थापित भएको छ। यसरी जिउँदो जन्मेको बच्चालाई प्रतिवादीले स्याहार सम्भार नगरी लापरवाही गरी राखेको कारण बच्चाको मृत्यु भएको र मृत्यु भइसकेपछि फोहर फाल्ने स्थानमा लगी फालेको र जङ्गलमा डढेलो लागेको कारणबाट बच्चा आगोले जलेको भन्ने देखिने।

नवजात शिशुको मृत्यु आगोका कारणबाट भएको भन्ने Autopsy Report समेतबाट देखिएकोमा उक्त आगो लगाउने कार्य यी प्रतिवादीबाट भएको भन्ने स्थापित हुने प्रमाण नरहे पनि जन्मेको जिउँदो

बालक फालिएकोमा जेसुकै कारणबाट मरे पनि फाल्ने व्यक्तिउपर कसुर कायम हुने ज्यानसम्बन्धीको १८ नं. को मक्सद देखिन आएको र नवजात शिशुलाई यी प्रतिवादीले नफाली दिएको भए उक्त नवजात शिशुको मृत्यु हुने थियो भनी अनुमान गर्न मिल्ने अवस्थासमेत रहेन । सो हुँदा निज प्रतिवादी पम्फा मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई सुरू धादिङ जिल्ला अदालतबाट भएको फैसलालाई सदर कायम हुने ठहर्‍याई उच्च अदालत पाटनबाट मिति २०७४।२।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

सबै बन्ध्याकरण सफल नहुन पनि सक्छन् भन्ने कुराको ज्ञान प्रतिवादीलाई नभएका कारण साधारण समझकी यी प्रतिवादीले लोक लाजबाट बच्न सकिन्छ भन्नेसम्मको अभिप्रायले बच्चालाई स्याहार सम्भार नगरी फाली दिएको देखिन्छ । अनिच्छित गर्भ रहेको स्थितिमा गर्भपतन गराउन सक्ने कानूनी व्यवस्थासमेत रहेकोमा सोबमोजिमको होसियारीसमेत अपनाउन सक्षम नभएकी र मार्ने नै नियतले निजले फाली दिएको भन्ने कुराको स्पष्ट प्रमाण सङ्कलन हुन नसकेकोले प्रतिवादीले बच्चा फालिदिएको स्थानमा नै डढेलो लाग्न गएबाट बालिकाको मृत्यु भएको भन्ने देखिन खुल्न आएबाट निज प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिई निज हालसम्म थुनामा रहेको अवधि २ वर्ष ९ महिना ६ दिन कैद गर्दा नै सजाय पर्याप्त हुने र ऐनको मक्सदसमेत पूरा हुने देखिँदा अ.बं.१८८ नं. बमोजिम सोही सजाय हुने ।

इजलास अधिकृत: चिन्तामणि शर्मा

इति संवत् २०७५ साल माघ २२ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-WO-०८६९, उत्प्रेषण / परमादेश, *इन्द्रबहादुर खत्री वि. सार्वजनिक खरिद पुनरावलोकन समिति, ताहाचलसमेत*

बोलपत्रदाताहरूबाट पेस भएका नमुना चामल जिरा मसिनो चामलसँग मेल खान्छ खाँदैन ? भनी जिल्ला कृषि विकास कार्यालय, सुर्खेतमा नमुनासहित सोधी पठाएकोमा निर्मल सप्लायर्सले पेस गरेको चामलको नमुना जिरा मसिनो चामलको नमूनासँग मेल खाएको र न्यू भेरी कर्णाली सप्लायर्सले पेस गरेको चामलको नमुना मेल नखाएको भनी उक्त कार्यालयबाट मध्यपश्चिम पृतना हेडक्वाटरलाई जवाफ पठाएको देखिन आएबाट निवेदकबाट पेस भएको बोलपत्रमा माग गरिएबमोजिमको चामलमा गुणस्तर भएको देखिन आएन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ मा पेस भएको बोलपत्र सारभूत रूपमा प्रभावग्राही नभएमा बोलपत्र अस्वीकृत हुने भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । विपक्षी निर्मल सप्लायर्सको भन्दा निवेदकको बोलपत्र कम दररेटको भए पनि चामलको गुणस्तर प्रभावग्राही भएको नपाइएकाले निवेदकको बोलपत्र न्यूनतम मापदण्ड नै पूरा गरेको देखिएन । कम दर रेटको बोलपत्र भएकै आधारमा मात्र अन्य गुणस्तरसमेतका विषय हेर्नु पर्दैन सोही नै बोलपत्र स्वीकृत गर्नुपर्छ भन्ने कानूनी व्यवस्था छैन । गुणस्तरमा सम्झौता हुन नसक्ने ।

बोलपत्रदाताहरूमध्ये यी निवेदक इन्द्रबहादुर खत्रीले अर्जुन जनरल स्टोर्स एण्ड अर्डर्स सप्लायर्सका तर्फबाट बोलपत्र पेस गरेका र यिनै निवेदकले न्यू भेरी कर्णाली सप्लायर्सको तर्फबाट अधिकार प्राप्त गरी सार्वजनिक खरिद पुनरावलोकन समितिमा निवेदन दिएकोले प्रस्तुत विषयमा निज निवेदकको स्वार्थ बाझिएको देखिँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ (२)(त) बमोजिम निजले पेस गरेको बोलपत्रउपर कारबाही हुनसक्ने अवस्था नदेखिने ।

निर्मल सप्लायर्सले देविदल गण सल्ले रूकुमलाई मिति २०७३ साल माघ १ देखि २०७४

साल पौष मसान्तसम्म १ वर्षका लागि रासन उपलब्ध गराउने गरी ठेक्का सम्झौता भएकोमा सो अवधि व्यतित भइसकेको देखिँदा निवेदकको निवेदनको औचित्य समाप्त भएको देखिने।

यसरी विवादित विषयमा यस अदालतबाट मिति २०६९।५।१८ मुद्दा नं.०६८-WO-०५०३, उत्प्रेषण परमादेशको रिटमा निर्देशनात्मक आदेश जारी भएको देखिँदा सो अनुशरण गर्नु गराउनु भनी प्रस्तुत निवेदनको सन्दर्भमा पनि निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत: इशा सुवेदी

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७५ साल वैशाख १० गते रोज २ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-CR-०२६१, कर्तव्य ज्यान, *खरिन्द्र वि.क. वि. नेपाल सरकार*

घटना लगत्तै प्र.नि. जीवलाल चुंदालीले दिएको प्रतिवेदन, मृतकले चलाएको मोटरसाइकलको पछाडि बस्ने घटनाका प्रत्यक्षदर्शी केशव रोकाको अनुसन्धान अधिकारीसमक्षको कागज तथा निजले अदालतमा गरेको बकपत्र र प्रतिवादी सुजित वि.क.लाई केशव रोकाले सनाखत गरेको कागज, किटानी जाहेरी एवम् बकपत्र, मौकैमा अनुसन्धान गर्ने निकायसमक्ष कागज गरी अदालतमा समेत उपस्थित भई बकपत्र गर्ने पुरूषोत्तम घिमिरे, राजु गुरूङ, केशरबहादुर दिसुवा, तेजेन्द्र के.सी. विष्णुबहादुर बस्नेत, सुम राना, होमराज बस्याल, किशोर ढकालसमेतका व्यक्तिहरूको भनाइसमेतबाट प्रचण्ड थैवलाई प्रतिवादी सुजित वि.क. ले नै गोली हानी हत्या गरेको भनी लेखाइदिएको र घटनाका प्रत्यक्षदर्शीको भनाइलाई प्रमाणमा लिने सम्बन्धमा प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) मा "सो काम गर्ने वा काम, घटना वा अवस्था प्रत्यक्ष रूपमा देख्ने वा थाहा पाउने व्यक्तिले" मौकामा वा त्यसको तत्कालअघि वा पछि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्था रहेकोमा घटनाका प्रत्यक्षदर्शी केशव रोकाले अदालतमा गरेको बकपत्रलाई प्रमाणमा लिन मिल्ने नै देखियो । यी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष आफूले नै हत्या गरेको भनी स्वीकार गरेको तथ्य उल्लिखित बुझिएका प्रमाणहरूबाट समर्थित भइरहेकोमा अदालतमा भएको इन्कारी बयानको आधारमा मात्र निज निर्दोष भएको भन्न मिल्ने स्थिति प्रस्तुत मुद्दामा देखिन नआउने।

प्रतिवादी सुजित वि.क. भन्ने खरिन्द्र वि.क. ले वारदातको दिन आफू बुटवलमा नभई बाबुको उपचारार्थ काठमाडौंमा रहेको भनी Alibi जिकिर लिए तापनि उक्त दिन काठमाडौंमा थिएँ भन्ने कुरामा कुनै ठोस प्रमाण पेस गर्न सकेको देखिँदैन। घटनाको प्रत्यक्षदर्शी केशव रोका तथा पुरूषोत्तम घिमिरे र किशोर ढकालले यी प्रतिवादी सुजित वि.क. लाई मिति २०६५।१२।१३ गते बुटवलमै देखेको भनी गरेको बकपत्रबाट यी प्रतिवादी सुजित वि.क. सो वारदात भएको दिन बुटवलमा नै रहेको देखिन आउने।

प्रचण्ड थैवलाई गोली हानिएको घटनास्थलबाट 9mm 2z kf 02 लेखिएको गोलीको खोका बरामद भएको, ३ वटा छुट्टाछुट्टै गोली लागेका घाउ चोट देखिएको भन्ने शव परीक्षण गर्ने चिकित्सकको बकपत्र, मृतकले वारदातको समयमा चढेको लु.४ प २८९८ नं. को मोटरसाइकलको मुचुल्कासमेतबाट देखिएको अवस्थामा मृतक प्रचण्ड थैवको हत्या पेस्तोल फायर गरी भएको कुरामा विवाद देखिँदैन। यी प्रतिवादी सुजित वि.क.ले अर्का प्रतिवादी उदय भन्ने मानबहादुर पुनबाट हत्यामा प्रयोग गरेको पेस्तोल लिएको हो भनी अधिकारप्राप्त अधिकारीसमक्ष साबित रहेको र प्रतिवादी उदय भन्ने मानबहादुर पुनले

हातहतियार खरखजाना मुद्दामा प्रतिवादी सुजित वि.क. लाई पेस्तोल दिएको र पछि फिर्ता लिएको कुरा अधिकारप्राप्त अधिकारीसमक्ष आफू साबित भई बयान गरेको देखिने।

एक अर्कालाई पोलापोल गरेबाट प्रचण्ड थैवको हत्या गर्ने कुरामा प्रतिवादी सुजित वि.क.ले पूर्वयोजना र मनसाय राखी प्रचण्ड थैवलाई गोली हानी हत्या गरेको सम्बन्धमा प्रतिवादीहरूमध्ये हरिनारायण पन्थले बाइक चलाएको र सोही बाइकको पछाडि बसेका प्रतिवादी सुजित वि.क. भन्ने खरिन्द्र वि.क. ले प्रचण्ड थैवलाई गोली हानेको देखेको र निजलाई चिनेको हुँ भन्ने घटनाको प्रत्यक्षदर्शी केशव रोकाको बकपत्र, जाहेरवाला अम्बिकाप्रसाद थैवको बकपत्र, प्रतिवादी सुजित वि.क. भन्ने खरिन्द्र वि.क. ले प्रचण्ड थैवलाई गोली हानेका हरिनारायण पन्थले मोटरबाइक चलाई सहयोग गरेका उदय पुन भन्ने मानबहादुर पुनले पेस्तोल दिई सहयोग गरेको भन्ने वस्तुस्थिति मुचुल्काका मानिसहरूको भनाइ प्रतिवादीहरू सबैको मिलेमतो र सहयोगमा प्रतिवादी सुजित वि.क. भन्ने खरिन्द्र वि.क. ले प्रचण्ड थैवलाई गोली हानी मारेका हुन् भन्ने प्रहरीमा कागज गर्ने राजु गुरूङ, घटना विवरण कागज गर्ने खेम लुइँटेलसमेत र वस्तुस्थिति मुचुल्काका बाबुराम पन्थीसमेतको बकपत्रबाट प्रतिवादी सुजित वि.क. भन्ने खरिन्द्र वि.क.ले कर्तव्य गरी मृतक प्रचण्ड थैवलाई गोली हानी हत्या गरेको मिसिल संलग्न प्रमाण कागजातहरूबाट पुष्टि हुन आएको देखिँदा बिनाआधार र कारण कसुरदार ठहर गरी ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैद हुने गरी सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट भएको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी आरोपित कसुर तथा सजायबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन तथा विद्वान् वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूको वहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, विवेचित आधार र कारणसमेतबाट प्रतिवादी सुजित वि.क. भन्ने खरिन्द्र वि.क. लाई सुरू रूपन्देही जिल्ला अदालतले ज्यानसम्बन्धी महलको १३(१) बमोजिम सर्वस्वसहित जन्मकैद गरेको फैसलालाई सदर हुने ठहर गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७०।११।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

सर्वस्वसहित जन्मकैद गर्ने सजायका सम्बन्धमा विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. मा उल्लेख भएअनुसार सर्वस्वसहित जन्मकैद हुने ठहर भए तापनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन।" भन्ने व्यवस्था भएको देखिँदा निजलाई सर्वस्व गरिरहन परेन। जन्मकैद मात्र हुने।

इजलास अधिकृत: माधव भण्डारी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल साउन २३ गते रोज ५ शुभम्।

- यसमा लगाउको ०७५-CR-१०५८, हातहतियार खरखजाना, खरिन्द्र वि.क. वि. नेपाल सरकार मुद्दा सदर हुने ठहर भई फैसला भएको देखिन्छ।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-CR-१०८२, कर्तव्य ज्यान, *लोप्चन तामाङसमेत वि. नेपाल सरकार*

विवाह भोजमा जाँड रक्सी खाई विवाद सिर्जना भएकोमा सिं लोप्चन तामाङले गाउँमा बस्ने मान्छे मिलेर बस्नु पर्छ भन्दा तँ को होस् भनी उल्टै आइतेले निहुँ खोजेको अवस्थामा यी प्रतिवादीहरूले निजलाई ढुङ्गा र लाठीले हिर्काएपछि मृतक च्यानडाँडा

भिरतर्फ गएको, पुनः ढुङ्गाले हानेपछि मृतक ढलेको ठाउँमा नै मृत्यु भएको र भिरबाट खसाली दिएको भन्ने यी पुनरावेदकहरूले अनुसन्धानको क्रममा उल्लेख गरेको देखिएको छ । मृतकसँग ज्यानै लिनुपर्नेसम्मको पूर्वरिसइवी रहेको तथ्य मिसिलबाट स्थापित भएको देखिँदैन । प्रस्तुत वारदातको दिन यी पुनरावेदकहरू र मृतकसमेत वैवाहिक कार्यमा सरिक भई निजहरू सबैले मादक पदार्थ सेवन गरेको भन्ने देखिन आएको छ । मृतकलाई पूर्वरिसइवीकै कारण यी प्रतिवादीहरूले कर्तव्य गरेको भन्ने तथ्य अदालतमा परीक्षण गरिएको साक्षीहरूको बकपत्रसमेतबाट पुष्टि हुन सकेको नदेखिने ।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुर कायम हुनको लागि मृतकलाई मार्ने मनसायका साथै पूर्वतयारी गरी ज्यान मार्ने कार्य भएको हुनुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा त्यसरी मृतकलाई मार्ने पूर्वतयारी गरी योजनाबद्ध रूपमा कर्तव्य गरी मारेको नभई विवाह भोजमा मादक पदार्थ सेवन गरेका यी प्रतिवादीहरू र मृतकका बिच बाटोमा विवाद भई कुटपिटको कारणबाट मृतकको मृत्यु भएको भन्ने देखिएकोले प्रस्तुत वारदात उल्लिखित ज्यानसम्बन्धीको १३(३) अन्तर्गत पर्ने देखिन नआउने ।

प्रस्तुत वारदात पूर्वनियोजित हत्याको वारदात नभई विवाहको भोजमा मृतक र प्रतिवादीहरू संलग्न भई मादक पदार्थ सेवन गरी तत्काल उत्पन्न भएको आपसी वादविवादको जरियाबाट उसै मौकामा उठेको रिसका कारणले प्रतिवादीहरूले मृतकलाई प्रहार गरेको लाठा ढुङ्गाको चोटबाट मृतकको मृत्यु भएको र मृतकलाई मार्नु पर्नेसम्मको पूर्वरिसइवी यी प्रतिवादीहरूसँग रहेको र मार्नलाई पूर्वतयारी गरी कुटपिट गरेको भन्नेसमेत मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको नदेखिएको परिप्रेक्ष्यमा उल्लिखित कानून र नजिरसमेतको आधारमा प्रस्तुत वारदात ज्यानसम्बन्धी महलको १४ नं. मा परिभाषित कसुरभित्र पर्ने देखिन आएकोले प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेको नदेखिने ।

तसर्थ, विवेचित आधार र कारणसमेतबाट पुनरावेदन अदालत पाटनको मिति २०७१।७।२५ को फैसला केही उल्टी भई प्रतिवादीहरू सिंग लोप्चन तामाङ र काइला भन्ने चिनबहादुर लोप्चन तामाङले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. अन्तर्गतको कसुर गरेको देखिन आएकोले यी पुनरावदेक प्रतिवादीहरू सिंग लोप्चन तामाङ र काइला भन्ने चिनबहादुर लोप्चन तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम जनही १० वर्ष कैद हुने ।

इजलास अधिकृत: माधव भण्डारी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल साउन २३ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७१-CR-१५१७, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. कुवेश गुरूङसमेत*

प्रतिवादी कुवेश गुरूङ मुटुको बिरामी भएको भन्ने मिसिल संलग्न कागजबाट देखिन आएको र निजको उक्त वारदातमा संलग्नता रहेको भन्ने मिसिल संलग्न उल्लिखित पीडितको बकपत्रसमेतबाट पुष्टि हुन आएको देखिँदैन । त्यसैगरी प्रतिवादीमध्येका प्रकाश अर्याल वारदात भएको भनिएको दिन र समयमा आफ्नै तरकारी पसलमा बाबुलाई सघाई तरकारी बिक्री गरी बसेको भन्ने देखिन्छ । यी प्रतिवादीहरूको उक्त वारदातमा संलग्नता रहेको थियो भन्ने तथ्यलाई नि:सन्देह रूपमा पुष्टि हुने आधार मिसिल संलग्न कागजबाट पुष्टि हुन सकेको देखिन नआउने ।

प्रतिवादीहरूले अदालतमा गरेको इन्कारी बयानलाई निजहरूका साक्षीको बकपत्र, पीडित र प्रतिवेदकसमेतले अदालतमा गरेको बकपत्रसमेतबाट समर्थन भएको देखिएकोले यी प्रतिवादीहरूको इन्कारी बयानलाई अन्यथा भन्न सकिने अवस्था देखिन आउँदैन। प्रतिवादीहरूको इन्कारी बयानलाई खण्डन गर्ने गरी वादी पक्षबाट वस्तुनिष्ठ प्रमाण पेस गरी निजहरूउपरको आरोपित कसुर पुष्टि गर्न सकेको देखिन नआएको अवस्थामा यी प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत पोखराको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिएकोले वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थः उल्लिखित आधार कारणहरूसमेतबाट प्रतिवादीमध्येका कुवेश गुरूङ र प्रकाश अर्याललाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत पोखराको मिति २०७१।९।३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : नारदप्रसाद भट्टराई

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७६ साल वैशाख १५ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७२-CR-०१२४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अनन्तराय यादवसमेत*

मृतक खेसरी राउतको मृत्युको कारणमा Gun shoot injury भन्ने शव परीक्षण प्रतिवेदनबाट समेत देखिन आएको छ। मृतकको लासको छातीमा र पेटमा गोली लागेको र घटनास्थल भएको झोरी राय यादवको घरको छतमा गोलीका खोकाहरू फेला परेको भन्ने घटनास्थल मुचुल्काबाट देखिएकोले गोली प्रहार गरी मृतकको मृत्यु भएको देखिन्छ। उक्त वारदातमा को कसको संलग्नता थियो भन्ने सन्दर्भमा विचार गर्दा प्रतिवादी अनत भन्ने अनन्तराय यादवले पुरानो रिसइवीको कारणले सल्लाहबमोजिम प्रतिवादीहरू बलिष्टरप्रसाद यादव, धुमनप्रसाद यादव, पुरूषोत्तम श्रेष्ठ, किरानी भन्ने प्रेम पासवान भन्ने रामचरित्र पासवान र ज्योतिलाल साह कलवारले घरको घेरा हाली प्रतिवादी वीरदेव प्रसाद यादवले गोली प्रहार गरी मृतक खेसरी राउतलाई मारेको भनी अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा साबित भई बयान गरेको देखिने।

निजहरूले अदालतमा बयान गर्दा कसुरमा इन्कार भई बयान गरेको देखिन्छ। जाहेरवाला पुनित राउत यादव, प्रत्यक्षदर्शी तथा घटना विवरण कागज गर्ने वैजनाथप्रसाद यादव र घटना विवरण कागज गर्ने मृतकको श्रीमती ललितादेवी राउतलगायतका घटना विवरणका मानिसहरूले बकपत्र गर्दा उक्त वारदातमा प्रतिवादीहरूको संलग्नता नरहेको र उक्त गोली प्रहार कसले गरेको हो थाहा भएन सो समयमा चुनावी माहोल भएकोले को कसले के कुन रिसइवीले गोली प्रहार गरे थाहा भएन भन्ने बेहोरा लेखाएको देखिने।

प्रमाणको भार शङ्कारहित तवरले पुष्टि गर्ने भार वादी पक्षमा रहने भएकोले यी प्रतिवादीहरू बलिष्टरप्रसाद यादव, धुमनप्रसाद यादव, पुरूषोत्तम श्रेष्ठ, किरानी भन्ने प्रेम पासवान भन्ने रामचरित्र पासवान, ज्योतिलाल साह कलवार, वीरदेवप्रसाद यादव र अनतप्रसाद यादव भन्ने अनन्तराय यादवले कसुर गरेको कुरा वस्तुनिष्ठ रूपमा वादी पक्षले पुष्टि गर्न सकेको देखिँदैन। प्रतिवादीहरूउपर किटानी जाहेरी परे तापनि उक्त जाहेरी जाहेरवालाको बकपत्रबाट नै खण्डित भइरहेको अवस्थामा जाहेरी बेहोरा केवल आवेशमा आई शङ्काका भरमा मात्र दिएको प्रस्ट हुन्छ। त्यसमा पनि जाहेरी आफैँमा प्रमाण हुन सक्दैन। यो घटना भएको, घटनाको सम्भावना रहेको जस्ता अवस्थामा प्रारम्भिकरूपमा सूचित गर्न मात्र दिइने हो जो सत्य नै हुन्छ भनी भन्न

सकिँदैन । यी प्रतिवादीहरूको संलग्नता रहेको भनी दिएको जाहेरी अन्य कुनै प्रमाणबाट पुष्टि नभएको र स्वयम् जाहेरवालाको बकपत्रबाट समेत समर्थित नभएको अवस्थामा यसको प्रामाणिक मूल्य रहेको मान्न नमिल्ने ।

तसर्थ, सुरू बारा जिल्ला अदालतले निज प्रतिवादीहरू वीरदेव राय यादव, अनतप्रसाद यादव भन्ने अनन्तराय यादव, धुमनप्रसाद यादव, पुरूषोत्तम श्रेष्ठ, किरानी भन्ने प्रेम पासवान भन्ने रामचरित्र पासवान र ज्योतिलाल साह कलवारलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको सुरू बारा जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।१।१४ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७६ साल वैशाख १५ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-WO-१२६२, उत्प्रेषण / प्रतिषेध, *देवेन्द्रप्रसाद ध्वजु वि. आन्तरिक राजस्व कार्यालय, बुटवलसमेत*

निवेदकबाट जालसाजी गरी आय विवरण पेस गरेको वा कर निर्धारण गरेको भए उक्त ऐनको दफा १०१ को उपदफा (४) बमोजिम संशोधित कर निर्धारण भएको मिति २०७१।८।५ बाट १ वर्षभित्र अर्थात् मिति २०७२।८।४ सम्म कर निर्धारण संशोधन गरिसक्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्थाको विपक्षीहरूबाट पालना भएको देखिँदैन । उक्त आय वर्षको कारोबार सम्बन्धमा संशोधित कर निर्धारण आय विवरण पेस गर्नुपर्ने मिति २०६९।६।३१ गते हुने भएकोले सो मितिले ४ वर्ष मिति २०७२।६।३० पछि संशोधित कर निर्धारण हुने अवस्था देखिँदैन । कानूनमा तोकिएको हदम्याद वा म्यादको अर्थ उक्त अवधि समाप्त भएपछि सो विषय उठान हुन नसक्ने हो । यसको उद्देश्य कानूनद्वारा निर्धारित समय व्यतित भएपछि मुद्दा चल्न सक्दैन भनी सुनिश्चित गराउनु हो । ढिलो दाबीलाई अन्त्य गर्नु नै यसको मुख्य उद्देश्य रहने हुन्छ । निर्धारित हदम्यादभित्रै कानूनी प्रक्रिया पूरा गरी निर्णय गरिसक्नुपर्ने अनिवार्य सर्त हो । पक्षको अनुकूलता हेरी हदम्याद विस्तार वा संकुचन हुन नसक्ने ।

ने.का.प. २०५६ अङ्क ४ निर्णय नं. ६६९६ को निवेदक प्रतिवादी मैया शाह भन्ने गुणराज्यलक्ष्मी शाहसमेत विरूद्ध विपक्षी वादी उत्तमप्रसाद खरेल भएको दाखिल खारेज नामसारी मुद्दामा "कानूनबमोजिमको हदम्यादभित्र नालिस गरिनुपर्ने हुन्छ । कानूनी म्याद छ छैन सो सम्बन्धमा स्वयम् पक्ष नै जागरूक हुनुपर्दछ, अन्यथा कानूनी हक गुम्न जाने हुन्छ । हदम्यादको प्रश्न भएकोले जुनसुकै अड्डाले पनि मुद्दामा ठहर निर्णय गर्नुपूर्व फिराद कानूनको म्यादभित्रको छ, छैन भनी अनिवार्य रूपले हेरिनुपर्ने हुन्छ । हदम्याद नघाई परेको फिरादमा तथ्यभित्र प्रवेश गरी इन्साफ गर्न नमिल्ने कुराको जानकारी पक्षले अनिवार्य रूपले राख्नुपर्छ", भनी सिद्धान्त प्रतिपादन भएको पाइने ।

संशोधित कर निर्धारण आदेशउपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनको निवेदन दिन सकिने र आन्तरिक राजस्व विभागले गरेको निर्णयमा चित्त नबुझेमा राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सकिने प्रचलित कानूनमा वैकल्पिक उपचारको बाटो भएको अवस्थामा सिधै रिट निवेदन दायर गरेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने आन्तरिक राजस्व विभागको लिखित जवाफ जिकिर सम्बन्धमा विचार गर्दा प्रचलित कानूनमा वैकल्पिक उपचारको बाटो भए पनि पर्याप्त र प्रभावकारी उपचारको बाटो नभएको अवस्थामा र अधिकारक्षेत्र बाहिर गई निर्णय गरेकोमा वा कानूनको प्रत्यक्ष उल्लङ्घन गरी निर्णय गरेको देखिन आएमा अन्य वैकल्पिक उपचारको बाटो भए पनि अवधि नाघेपछि संशोधित कर निर्धारण

गर्ने अधिकार नै नभएकोमा त्यसरी संशोधित कर निर्धारण गरेको कार्य आफैँमा कानूनविपरीत भएको अवस्थामा पुनरावेदकीय अधिकारको वैकल्पिक उपचारको व्यवस्था रहेकोले रिट निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफ जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ कर निर्धारणको अवधि समाप्त भइसकेपछि सपना अटोमोबाइल्स ट्रेडर्सले कर छली गरेकोले कारबाही गरिपाउँ भनी उजुरी परेकोले मिति २०७३।०८।१३ को स्वीकृत अनुसन्धान प्रतिवेदनका आधारमा छानबिन गर्दा आ.व. २०६८।०६९ मा कर छली भएको पाइएकोले मिति २०७४।२।४ मा संशोधित कर निर्धारणको सूचना जारी गरिएको भनी कर निर्धारण गर्न जारी सूचनाबाट निवेदकको मौलिक एवम् कानूनी हकमा आघात पुगेको हुनाले प्रत्यर्थीहरूबाट मिति २०७४।२।४ मा गोरखापत्रमा प्रकाशित भएको आय कर ऐन, २०५८ को दफा १०१ को उपदफा (६) बमोजिमको सूचना उत्प्रेषणको आदेशद्वारा बदर गरी रिट निवेदकको मागबमोजिम रिट जारी हुने ।

इजलास अधिकृत : जगतबहादुर पौडेल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७६ साल वैशाख १७ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०७४-WO-१०२४, उत्प्रेषण / परमादेश, *उपेन्द्रकुमार यादव वि. कर सङ्कलन शाखा, आन्तरिक राजस्व कार्यालय, सिमरासमेत*

कानूनको प्रक्रिया पुऱ्याई लिखित सूचना निज निवेदकले देखाएको व्यावसायिक ठेगानामा हुलाक कार्यालयमार्फत पठाएको कार्यलाई अन्यथा भन्नुपर्ने देखिएन । उल्लिखित प्रक्रियाबाट संशोधित कर निर्धारण गर्नुपूर्व निवेदक व्यावसायिक ठेगानामा पत्र रजिस्ट्री गरी हुलाकमार्फत पठाएको र दैनिक पत्रिकामा सार्वजनिक सूचनासमेत प्रकाशित गरेको देखिएकोले जानकारी नै नदिई संशोधित कर निर्धारण गरेको भन्ने निवेदकको भनाइमा सत्यता रहेको नदेखिने ।

मिति २०६९।१२।८ मा विपक्षी निवेदक कम्पनीको आ.व. २०६८/०६९ को आयविवरण पेसतर्फको संशोधित कर निर्धारण आदेश तथा अन्तिम कर निर्धारण आदेश जारी गरी सोको सूचना करदातालाई बुझाई सकिएको अवस्थामा उक्त निर्णय आदेशमा चित्त नबुझेमा सूचना प्राप्त गरेको मितिले ३० दिनभित्र आन्तरिक राजश्व विभागसमक्ष प्रशासकीय पुनरावलोकनको निवेदन दिन सकिनेमा सो नगरी अवधि व्यतित गरी लामो समयपछि मात्र यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत रिट क्षेत्रबाट सो आदेशलाई चुनौति दिई रिट निवेदकले यस अदालतमा प्रवेश गरेको अवस्था छ । कानूनले नै प्रशासकीय पुनरावलोकन गर्न पाउने साधारण अधिकारक्षेत्रको बाटो सुरक्षित गरेको देखिन्छ । प्रशासकीय पुनरावलोकनको वैकल्पिक उपचार प्राप्त हुन नसक्ने तथ्ययुक्त आधार उल्लेख गरी सम्बन्धित विभागमा पुनरावलोकन गर्नको लागि निवेदन दिन नसकेको भनी निवेदकले सोको औचित्य पुष्टि गर्न सकेको नदेखिने ।

कर दाखिला गरी कर चुक्ता प्रमाणपत्र प्राप्त गरिसकेपछि कर बक्यौतातर्फ कारबाही गर्न नमिल्ने हो कि भन्ने सम्बन्धमा निज निवेदकलाई आयकर नियमावली, २०५९ को नियम २६ को उपनियम २ बमोजिम कर चुक्ताको प्रमाणपत्र दिइएको देखिन्छ । कर चुक्ताको प्रमाणपत्र कर रकम दाखिला भएको आधारमा जारी हुन्छ । त्यस्तो कर चुक्ता प्रमाणपत्र जारी भएकै कारणले संशोधित कर निर्धारण हुन नसक्ने होइन । कर चुक्ता प्रमाणपत्रमा नै संशोधित कर निर्धारण हुनसक्ने बेहोरा करदातालाई जानकारी गराइएको हुन्छ । करदाता छनौट भएको अवस्थामा कानूनबमोजिम जुनसुकै समयमा कर निर्धारण हुने र निर्धारित कर रकम नबुझाएको अवस्थामा बक्यौता रहने हुन्छ ।

विपक्षी निवेदकको हकमा कर चुक्ताको प्रमाणपत्र जारी भए तापनि सोभन्दा पछाडि संशोधित कर निर्धारण हुनसक्ने कानूनी व्यवस्थाबमोजिम संशोधित कर निर्धारण गरी बक्यौता देखिएको कर असुली गर्न विपक्षी कार्यालयहरूबाट भएको पत्राचारहरूमा कुनै कानूनी त्रुटि रहे भएको देखिन नआउने।

तसर्थ, विपक्षी कार्यालयबाट आयकर बक्यौता रकम दाखिला गर्ने सम्बन्धमा निवेदकलाई लेखेको पत्र तथा सो सम्बन्धमा भए गरेका निर्णयसमेत कानूनअनुकूल नै भए गरेको देखिएकोले निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था नहुँदा प्रस्तुत रिट खारेज हुने ठहर्छ। रिट निवेदन खारेज हुने ठहरेकाले मिति २०७५।०३।३२ मा यस अदालतको एकल इजलासबाट जारी भएको अन्तरिम आदेशलाई निरन्तरता दिने गरी मिति २०७५।४।८ मा जारी भएको अन्तरिम आदेश निष्क्रिय गरिदिएको छ।

इजलास अधिकृत: सरिता रिजाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल पुस १७ गते रोज ३ शुभम्।

**इजलास नं. ५**

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-CI-०९९५, उत्प्रेषण / परमादेश, *उमा भुसाल वि. साना किसान कृषि सहकारी संस्था लिमिटेडसमेत*

विपक्षी संस्थाको कर्मचारीसम्बन्धी नियमावली, २०६५ को परिच्छेदको नियम ६(३)(२) मा सजाय दिने अधिकारीले कुनै कर्मचारीलाई नसिहतबाहेक अन्य सजायको आदेश दिनुअघि कारबाही र सजाय गर्न लागेको कारण र आरोप प्रस्ट रूपले उल्लेख गरी सो कर्मचारीलाई सूचना दिई निजलाई लिखितरूपमा सफाइ पेस गर्न मनासिब माफिकको मौका दिनुपर्ने भन्ने व्यवस्था रहेकोमा विपक्षी सञ्चालक समितिले यी पुनरावेदकलाई मिति २०६९।३।१५ बाट ऐ.४।२० सम्म निलम्बन गरी सोको भोलिपल्टै अर्थात् ऐ. ४।२१ मा पदबाट बरखास्त गरेको कुरा मिसिल संलग्न पत्रबाट देखिन्छ। विपक्षी संस्थाले निवेदिकालाई पदबाट बरखास्त गर्दा सफाइको मौका दिनुपर्नेमा सोसमेत गरेको देखिन नआएबाट उक्त निर्णय कानूनसम्मत रहेको भन्न मिल्ने देखिन आएन । सोही कर्मचारी नियमावली, २०६५ को नियम ६(३)(३) मा सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ भनी उल्लेख भएको ऐ. नियम ६(४)(१) मा सञ्चालक समितिले गरेको निर्णयउपर पुनरावेदन लाग्न सक्ने व्यवस्था स्पष्ट रहे भएको नपाइने।

अतः यी विपक्षीहरूले यी पुनरावेदिकालाई पदबाट बर्खास्त गर्ने अधिकार रहेको नदेखिएको अवस्थामा आफ्नो अधिकार क्षेत्रभन्दा बढी अधिकार प्रयोग गरी बर्खास्त गरेको र प्राकृतिक न्यायको सिद्धान्तको अतिक्रमणसमेत गरी निर्णय गरेको कुरा मिसिल संलग्न कागज प्रमाणबाट देखिरहेको र यी पुनरावेदिकाको व्यक्तिगत हकाधिकारमा समेत असर परिरहेको अवस्थामा कानून र प्रमाणको मूल्याङ्कन एवम् विश्लेषण नै नगरी विपक्षीहरूले सफाइको मौकासमेत दिएको देखिँदा रिटक्षेत्रको बाटो प्रयोग गरेको आधारमा उक्त विपक्षी संस्थाको निर्णय मिलेकोले उत्प्रेषणको आदेशले बदर गरिरहनु परेन भनी पुनरावेदन अदालत महेन्द्रनगरले गरेको मिति २०६९।८।२७ को आदेश र विपक्षीहरूका तर्फबाट रहनुभएका विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार कारणहरूबाट विपक्षीहरूले संस्थाको कर्मचारीसम्बन्धी नियमावली, २०६५ मा कर्मचारी हटाउने प्रावधान रहेको अवस्थामा क्षेत्राधिकारबाहिर गई पुनरावेदिका उमा भुषाललाई पदबाट बरखास्त गरेको अवस्थामा कानून एवम्

प्रमाणको मूल्याङ्कन र विश्लेषण नै नगरी निवेदन खारेज गर्ने गरेको मिति २०६९।८।२७ को पुनरावेदन अदालत महेन्द्रनगरको आदेश नमिलेकोले उल्टी भई उत्प्रेषणको आदेशले विपक्षी साना किसान र सहकारी संस्थाको सञ्चालक समितिले मिति २०६९।४।२१ को पदबाट बरखास्त गरेको निर्णय उत्प्रेषणको आदेशले बदर हुँदा सो निर्णय बदर हुने ठहरेकोले निज पुनरावेदिकालाई साबिक पदमा बहाली गर्नु भनी परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: डिल्लीराम प्रसाई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल भदौ २४ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CR-१०९४ र ०७३-CR-०१८२, कर्तव्य ज्यान, *चुल्हाई दास वि. नेपाल सरकार र नेपाल सरकार वि. रूपलाल दाससमेत*

प्रतिवादी मोहित दास र रूपलाल दासले अदालतसमक्ष बयान गर्दा आफूहरूले आरोपित कसुर नगरेको भनी इन्कार बयान गरे तापनि निज प्रतिवादीहरू तत्काल अनुसन्धानका बखत फरार रही पछि पक्राउ परी अदालतमा उपस्थित भई इन्कार रही बयान गरेको देखिन्छ । निज प्रतिवादीहरूलाई प्रतिवादीमध्येकै चुल्हाई दासले समेत किटान गरी आफूसमेतको संलग्नता मृतकहरूको निज प्रतिवादीहरूबाट कर्तव्य गरेको भनी अनुसन्धानमा बयान बेहोरा उल्लेख गरेको देखिन्छ। निज प्रतिवादी चुल्हाई दासको बयान बेहोरा र मृतकहरूको मृत्युको कारण एवम् मृत्युको तौर तरिकासमेतको अवस्था समर्थित रहेको र सो अवस्थालाई प्र. संजिला सिंहको बयानले समेत पुष्टि गरिरहेको देखिन्छ । निजहरूउपरको अभियोगलाई जाहेरवाली रामकुमारी साफी, जोगेन्द्र साफीसमेतको कागज बेहोराले स्थापित गरेको देखिन्छ। मृतक रन्जु दासको आमा भुलीदेवी दासको अनुसन्धानका बखत गरिदिएको बेहोराबाट पनि सो तथ्य अवस्था समर्थित रहेको देखिन्छ । तसर्थ उल्लिखित समग्र प्रमाणको आधार कारणबाट निज मृतकलाई निज प्रतिवादीहरूले मारेको अवस्था शङ्कारहित तवरबाट स्थापित भएकाले निजहरूको इन्कारी बयानलाई प्रमाणमा लिन नमिल्ने।

मृतकहरू उचनीच जातको भई मृतक धर्माकुमार साफीले आफ्नी छोरी भगाई लगेको र छुटाउँदा नछुटेको कारण सामाजिक इज्जतका कारणले निज मृतकहरू दुवै जनालाई मारी दिनमा निजसमेत सहमति सहयोग एवम् षड्यन्त्रसमेतको रहे भएको अवस्था निज स्वयम्को अनुसन्धान अधिकारीसमक्षको बयान, प्र. संजिलादेवी सिंहको बयान, निज प्रतिवादीकै पत्नी भुलादेवी दासको कथनसमेतले स्थापित गरेको छ । साथै जाहेरवाली रामकुमारी साफी, जोगेन्द्र साफीसमेतको अनुसन्धानका बखतको कागज एवम् अदालतसमेतको बकपत्रबाट सो तथ्य स्थापित हुन आउँछ। तसर्थ निज प्रतिवादीको मृतकहरूलाई मार्नमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १६ नं. ले व्यवस्था गरेको भूमिकामा संलग्नता स्थापित हुन आएको छ। निज प्रतिवादीको उमेर, निज स्वयम्की छोरीको कर्तव्यबाट हत्या, हत्याको कारणसमेतका पक्षहरूको आधारमा निज प्रतिवादीलाई सो ज्यानसम्बन्धी महलको १६ नं. बमोजिमको १० वर्ष कैद सजाय गर्दा न्यायको मक्सद पूरा हुने भनी सुरू फैसला सो हदसम्म उल्टी गरी निज प्रतिवादीलाई १० वर्ष कैद सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको फैसला मनासिब देखिने।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट प्रतिवादीहरूमध्ये चुल्हाई दासलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) र प्रतिवादीहरू मोहित दास र रूपलाल दासलाई ऐ. महलको १३(३) नं. बमोजिम सजाय गरेको सुरू सिराहा जिल्ला अदालतबाट मिति २०७०।६।७।२ को

फैसला प्रतिवादी चुल्हाई दासको हकमा सम्म नमिलेको भनी सो फैसला केही उल्टी भई प्रतिवादी चुल्हाई दासलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १६ नं. को कसुरमा सोही नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने र अन्य प्रतिवादीहरूको हकमा सुरू फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको मिति २०७३।५।१५ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

इति संवत् २०७४ साल फागुन १३ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CR-१५४०, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. रंजित ठाकुरसमेत*

प्रतिवादीहरूको प्रहारबाट पीडित मोहन चौधरी बेहोस भएपश्चात् प्रतिवादीहरू आफैँ वारदातस्थलबाट भागी गएको भन्ने देखिँदा वारदातस्थलमा तेस्रो व्यक्तिको उपस्थितिका कारणले बाधा अवरोध भई प्रतिवादीहरूको कार्य अगाडि बढ्न नसकेको कारणले पीडितको ज्यान मर्न नपाएको भन्ने अवस्था पनि नदेखिने।

ज्यान मार्ने उद्योग कसुर स्थापित हुन तेस्रो पक्षको हस्तक्षेप (Third party intervention) का कारण ज्यान मर्न नपाएको भन्ने कुरा स्वतन्त्र प्रमाणबाट पुष्टि हुनुपर्दछ । तर प्रस्तुत मुद्दामा तेस्रो पक्षको उपस्थितिका कारण पीडितको ज्यान मर्न नपाएको भन्ने मिसिलबाट नदेखिएको अवस्थामा अभियोग दाबीबमोजिम प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १५ नं. को कसुरदार ठहऱ्याउनु पर्ने भन्ने पुनरावेदन जिकिर न्यायोचित नदेखिने।

उपर्युक्त विवेचित तथ्यहरूका आधारमा प्रस्तुत वारदातमा ज्यानसम्बन्धीको १५ नं. मा परिभाषित भएबमोजिमको पीडितको ज्यानै मार्ने पूर्वतयारी र उद्देश्यका साथ प्रतिवादीहरू घटनास्थलमा उपस्थित भएको भन्ने देखिन नआएको, प्रतिवादीहरूको पीडितलाई मार्नुपर्नेसम्मको मनसाय वा इवीसमेत रहेको भन्ने पनि नदेखिएको, घटनामा सामान्य काठको चिरपट प्रयोग भएको, प्रतिवादीहरूले घातक वा धारिलो हतियार प्रहार गरेको भन्ने पनि नदेखिएको, तेस्रो पक्षको उपस्थितिका कारण पीडितको ज्यान मर्न नपाएको भन्नेसमेत नदेखिएकोसमेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट प्रस्तुत वारदातमा ज्यान मार्ने उद्योगको कसुर पुष्टि हुन नसकेकोले प्रस्तुत मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्रको नदेखिँदा सुरू नवलपरासी जिल्ला अदालतले मिति २०७१।६।२६ मा गरेको फैसला उल्टी भई प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ। प्रस्तुत मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा परिणत गरिदिएको छ। पीडितले दुनियाँवादी फौजदारी मुद्दामा सकार गर्न आए सकार गराई कानूनबमोजिम कारबाही र किनारा गरिदिनु भनी पुनरावेदन अदालत बुटवलबाट भएको मिति २०७२।६।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगदीशप्रसाद भट्ट

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल कात्तिक २७ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CR-१६५६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जलाती बोहरासमेत*

मृतक र प्रतिवादीहरूको बिचमा ज्यानै मार्नुपर्नेसम्मको इवीलाग रहेको मिसिल संलग्न प्रमाणबाट देखिँदैन। मृतकलाई प्रतिवादीहरूले ढुङ्गा, मुढा तथा हातलातले प्रहार गरी मारेको भनी जाहेरी दरखास्तमा उल्लेख गरेकोतर्फ घटनास्थलबाट प्रतिवादीहरूले मृतकलाई मार्नको लागि प्रयोग गरिएको भनिएको ढुङ्गा, मुढाहरू बरामद भई दशी प्रमाणको

रूपमा पेस हुन सकेको देखिँदैन । मृतकलाई मार्नमा प्रतिवादीहरूमध्ये को-कसको के कस्तो भूमिका रहेको थियो सो पुष्टि हुन सकेकोसमेत छैन। घटनाको चस्मदिद गवाह कोही छैनन्। वादी पक्षको साक्षी गवाहको रूपमा रहेका मौकाको कागज गर्ने र घटनास्थल मुचुल्काका मानिसहरूसमेतले प्रतिवादीहरूले मृतकलाई मारेकोमा शङ्का लाग्छ, मारेको हुनुपर्छ भन्ने जस्ता शङ्का र अनुमानसम्मका कुरा लेखाएको देखिन्छ । कसुर पुष्टि हुने गरी प्रतिवादीहरूउपरको ठोस प्रमाण नरहेको अवस्थामा केवल शङ्का र अनुमानका आधारमा प्रतिवादीहरूलाई कसुरदार कायम गर्न मनासिब हुने देखिँदैन । किनकि शङ्काको सुविधा सधैँ अभियुक्तकै पक्षमा रहन्छ । त्यसैले शङ्काकै भरमा कसैलाई पनि कसुरदार ठहऱ्याउँदा न्यायोचित नहुने।

प्रत्यक्ष प्रमाणको अभाव रहेको यस्तो अवस्थामा परिस्थितिजन्य प्रमाण(Circumstances Evidence) को अवस्था के कस्तो रहेको छ भनी त्यसतर्फ हेर्दा घटनामा यी प्रतिवादीहरूको संलग्नता रहेको भन्ने कुरा एकपछि अर्को मालाकार प्रमाणहरूद्वारा पुष्टि भएको देखिनु पर्दछ। स्वयम् जाहेरवालाको जाहेरी दरखास्त, अनुसन्धान अधिकारीसमक्ष दिएको निवेदन तथा अदालतसमक्ष गरेको निजको बकपत्र हेर्दासमेत परस्पर बाझिएको देखिन्छ। घटनास्थलमै मौजुद रहेका भनिएका पसल साहु देवीचन्द्र बोहराले गरेको कागज र अदालतसमक्ष गरेको बकपत्रको बेहोरा हेर्दा, रक्सी सेवन गरेको अवस्थामा प्रतिवादीहरूसँग मृतकले झगडा गर्न थालेपछि आफूले मृतकलाई आफ्नो पसलभित्र ल्याएको र केही समयपछि घर जान्छु भनी गएको हो, को, कसले कसरी मारे मैले आफ्नो आँखाले देखेको छैन भनी उल्लेख गरेकोबाट प्रमाणको मालाकार रूप त्यहाँ टुटिसकेको भन्ने देखिने।

तसर्थ, माथि विवेचित आधार र कारणबाट प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम जनही १० (दश) वर्ष कैद हुने ठहऱ्याई सुरू बझाङ जिल्ला अदालतबाट भएको मिति २०७१।११।४।२ को फैसला उल्टी भई पुनरावेदक प्रतिवादीहरूले अभियोग मागदाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत दिपायलबाट मिति २०७२।७।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगदीशप्रसाद भट्ट
कम्प्युटर: चन्द्रा तिमल्सेना
इति संवत् २०७४ साल कात्तिक २७ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-CR-०६६२, जबरजस्ती करणी, *राधाप्रसाद श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भनी किटानी जाहेरीको बेहोरालाई जाहेरवालीको बकपत्र तथा पीडितको कागज, बकपत्रले पुष्टि गरेको तथा मेडिकल रिपोर्टको प्रतिवेदनमा पीडितको तिघ्राको भित्री भागमा Abrasions अर्थात् खोस्रिएको घाउहरू पाइएको हुँदा जाहेरी दरखास्त अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि नभएको तथा मेडिकल रिपोर्टमा पीडितको जिउमा संघर्षको चिह्न नदेखिएको भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको तथ्य जाहेरी दरखास्तको बेहोरा, जाहेरवालीले अदालतमा गरेको बकपत्र, मेडिकल रिपोर्ट र निज प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको कागजसमेतले स्थापित गरिरहेको अवस्थामा पीडितसमेतले सोही बेहोरालाई समर्थन गर्ने गरी स्वतन्त्ररूपले बयान कागज गरेको हुँदा साङ्केतिक भाषा विशेषज्ञको रोहबर मात्रले निज प्रतिवादीले गरेको कसुर स्थापित वा विस्थापित गर्न कुनै सार्थक भूमिका खेल्न सक्ने अवस्था नदेखिने।

तसर्थ विवेचित आधार र कारणहरूबाट

प्रतिवादी राधाप्रसाद श्रेष्ठले पीडितलाई जबरजस्ती करणी गरेको पुष्टि हुन आएको देखिँदा निज प्रतिवादी राधाप्रसाद श्रेष्ठलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम ५ वर्ष कैद र ऐ. महलको ३(क) बमोजिम थप ५ वर्ष कैद गरी जम्मा कैद १०(दश) वर्ष र ऐ. ऐनको महलको १० नं. बमोजिम रू.२५,०००।- (पच्चीस हजार) निज प्रतिवादी राधाप्रसाद श्रेष्ठबाट पीडितलाई क्षतिपूर्तिसमेत भराइदिने ठहर्छ भनी सुरू सुनसरी जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत विराटनगरबाट मिति २०७२।१२।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७५ साल भदौ १८ गते रोज २ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७३-CR-१२४२, कर्तव्य ज्यान, *उमानाथ गहतराज वि. नेपाल सरकार*

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष समेत श्रीमतीलाई तत्काल उठेको रिसका कारण छातीमा एक बक्सिङ हिर्काएको कुरा स्वीकार गरी बयान गरेको पाइयो। प्रतिवादीले अदालतसमक्ष समेत मिति २०७१।०३।२५ गते चार महिनाको छोरी, श्रीमती र म सँगै सुत्यौँ। राति श्रीमतीसँग यौन सम्पर्क गर्न मन लाग्यो र श्रीमतीको सुरूवाल खोल्न खोज्दा लात्ताले हानिन्। तत्काल रिस उठी छातीमा बक्सिङले एक पटक हानेको थिए। केही छिनपछि निजको मृत्यु भएजस्तो लाग्यो भनी कसुरमा साबित भई बयान गरेको पाइयो। प्रतिवादीले अदालतसमक्ष पनि मौकाको बयानमा उल्लेख गरेअनुसार नै राति श्रीमतीसँग यौन सम्पर्क गर्न खोज्दा निजले मलाई लात्ताले हानेकाले तत्काल रिस उठी निजको छातीमा बक्सिङले हानेको थिएँ। श्रीमतीको मृत्यु मेरै कारणबाट भएको हो अरू कारणबाट होइन मबाट गल्ती भयो भनी आफ्नो कुटाईको कारणबाट श्रीमतीको मृत्यु भएको भनी आरोपित कसुरमा साबित भई बयान गरेको पाइने।

प्रस्तुत मुद्दाको सन्दर्भमा उपर्युक्त कानूनी व्यवस्थाहरूलाई समायोजन गरी हेर्दा प्रतिवादीको आफ्नो श्रीमती मृतकसँग पूर्वरिसइवी रहेको नदेखिए तापनि श्रीमतीलाई करणी गर्न खोज्दा निजले आफूलाई लात्ताले हानेकोले तत्काल रिस उठी श्रीमतीसँग करणी गर्न नपाएको झोँकमा ४ महिनाकी सुत्केरी श्रीमतीको छातीजस्तो अति संवेदनशील अङ्गमा लात्ताले हिर्काएको र तत्काल मृतकको मृत्यु भएको भन्ने कुरा स्वीकार गरी अदालतसमक्ष बयान गरेको देखिन्छ। यस्तो घटनालाई केवल भवितव्यबाट घटेको मान्न मिल्दैन। तसर्थ प्रस्तुत वारदातलाई भवितव्यतर्फ परिवर्तन गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ र ६ नं. बमोजिम सजाय गरिपाउँ भन्ने प्रतिवादीको विद्वान् अधिवक्ताको बहस तथा यस अदालतबाट प्रत्यर्थी झिकाउँदा भएको आदेश बेहोरासँग सहमत हुन नसकिने।

उपर्युक्त उल्लेख भएअनुसार मिसिल संलग्न सम्पूर्ण तथ्य एवम् यस अदालतबाट प्रतिपादित सिद्धान्तबाट प्रतिवादीलाई आफ्नो श्रीमती (मृतक) ले करणी गर्न नदिई श्रीमतीले लात्ताले हानेको कारण प्रतिवादीलाई तत्काल रिस उठी मुक्काले छातीमा प्रहार गर्दा सोही कारणले मृत्यु भएको प्रमाणित हुन आएकोले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम प्रतिवादीलाई सजाय गर्ने गरेको पुनरावेदन अदालत इलामको फैसला मिलेकै देखिँदा पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर तथा निजतर्फका कानून व्यवसायीको बहससँग सहमत हुन नसकिने।

अत: प्रतिवादी उमानाथ गहतराजलाई

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. को कसुरमा ऐ. को १४ नं. अनुसार १०(दश) वर्ष कैद हुने ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत इलामको मिति २०७३।५।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुदीपकुमार भट्टराई

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७५ साल असार १८ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-CR-१५७७, लागु औषध (गाँजा), *नेपाल सरकार वि. शम्भुराम*

प्रतिवादी शम्भुरामले अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गर्दासमेत आफूले अर्का प्रतिवादी शनी पटेललाई नचिनेको, निजलाई बरामदी गाँजा ओसारपसार गर्न सहयोगसमेत नगरेको र आफू ससुराली जाँदा घटनास्थलमा प्रहरी र अन्य मानिसहरू देखी बुझ्न जाँदा प्रहरीसँग वादविवाद भएकोले प्रहरीले आफूलाई पक्राउ गरेको हो, मैले अभियोग मागदाबीबमोजिम कसुर नगरेकोले सजाय हुनुपर्ने होइन भनी कसुरमा पूर्णरूपले इन्कार रही बयान गरेको देखिन्छ भने अर्का प्रतिवादी शनी पटेलले अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गर्दासमेत प्रतिवादी शम्भुरामलाई चिन्दिन, प्रतिवादी शम्भुरामबाट गाँजा बरामद भएको होइन । बरामदी लागु औषध (गाँजा) ओसारपसार तथा बोक्ने कार्यमा शम्भुराम संलग्न छैन भनी बयान गरेको देखिने।

प्रस्तुत मुद्दामा बरामदी मुचुल्काको बेहोरा मिसिल संलग्न अन्य प्रमाणबाट यी प्रतिवादी शम्भुरामलाई लगाइएको अभियोग समर्थन भएको देखिँदैन । बरामदी मुचुल्कामा प्रतिवादीहरू शनी पटेल र शम्भुरामबाट २० किलो गाँजा बरामद भएको उल्लेख छ। फरक फरक रूपमा कोबाट कति बरामद भएको भन्ने खुल्दैन। दुवैले एकसाथ बोकी गाँजा लग्दै गर्दा पक्राउ परेको हो भने दुवैउपर मूल कारणीसरह अभियोग लगाउनुपर्नेमा शनी पटेललाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ अनुसार र शम्भुरामलाई दफा १७ बमोजिम सजायको मागदाबी भएबाट वादी नेपाल सरकार आफैँले पनि यी दुवै प्रतिवादीहरूको हैसियत र संलग्नता फरक रहेको स्वीकार गरेको पाइने।

प्रतिवादी शम्भुरामले उक्त बरामदी मुचुल्कामा सहिछाप गरे तापनि उक्त बरामदी मुचुल्का झुट्टा हो । आफू उक्त लागु औषध (गाँजा) ओसारपसार गर्ने कार्यमा संलग्न नरहेको र आफूबाट उक्त गाँजा बरामद भएकोसमेत होइन भनी आरोपित कसुरमा पूर्णरूपले इन्कार रही अधिकारप्राप्त अधिकारी र अदालतमा समेत बयान गरेको एवम् घटनास्थलमा प्रत्यक्ष उपस्थित भएका अर्का प्रतिवादी शनी पटेलले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा, वस्तुस्थिति मुचुल्कामा सहिछाप गर्ने फुलचन महरासमेतले वस्तुस्थिति मुचुल्कामा तथा प्रतिवादीका साक्षी रामबाबु पटेलसमेतले अदालतमा गरेको बकपत्रमा समेत उक्त लागु औषध (गाँजा) प्रतिवादी शनी पटेलबाट मात्र बरामद भएको हो । उक्त लागु औषध (गाँजा) ओसारपसार गर्ने कार्यमा यी प्रतिवादी शम्भुराम संलग्न छैनन् । प्रहरीसँग वादविवाद भएको कारण प्रहरीले प्रतिवादी शम्भुरामसमेतलाई पक्राउ गरेको हो भनी एकैमिलानको बेहोरा लेखाई दिएको देखिन्छ । यसरी मिसिल संलग्न अन्य प्रमाणहरूबाट यी प्रतिवादी शम्भुरामसमेतबाट उक्त लागु औषध (गाँजा) बरामद भएको भन्ने बरामदी मुचुल्काको बेहोरा खण्डन भइरहेको अवस्थामा बरामदी मुचुल्कामा यी प्रतिवादी शम्भुरामले सहिछाप गरेकै आधारमा मात्र यी प्रतिवादी शम्भुरामसमेत कसुरदार हुन् भनी भन्ने अभियोग प्रमाणित हुने अवस्था नदेखिने।

प्रतिवादी शम्भुरामले बरामद भएको लागु

औषध (गाँजा) ओसारपसार गर्न अर्का प्रतिवादी शनी पटेललाई सहयोग गरी मतियारको भूमिका निर्वाह गरेको भन्ने आरोपित कसुर वादी नेपाल सरकारतर्फबाट तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि गर्न सकेको नदेखिँदा प्रतिवादी शम्भुरामलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: प्रतिवादी शम्भुरामलाई अभियोग मागदाबीबाट सफाइ दिने ठहर गरी पुनरावेदन अदालत हेटौंडाले मिति २०७२।१।८ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अरूणकुमार कोइराला

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७५ साल असोज १७ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-CR-०४०३, कर्तव्य गरी ज्यान मारी लास बेपत्ता पारेको, *उत्तरबहादुर गिरी वि. नेपाल सरकार*

प्रतिवादी र मृतक पति पत्नी रहेका र अन्य साथीहरूसँग यार्सागुम्बा टिप्न जाँदाको बखत बाटोमा दुवैबिच मनोमालिन्य र झगडा भई उक्त वारदात घट्न गएको भन्ने देखिने।

वारदातस्थलमा मृतक र आफूलाई देखे भेटेका हुन् भनी प्रतिवादीले मौकाको बयानमा खुलाएका टिकाराम कामीसमेतले मौकामा गरिदिएका घटना विवरण कागज साथै अदालतमा उपस्थित भई गरिदिएको बकपत्रबाट समेत यी पुनरावेदक / प्रतिवादीको मौकाको बयान समर्थित भएको पाइने।

पुनरावेदक प्रतिवादीले अदालतसमक्ष बयान गर्दा आफूले मृतकलाई भिरबाट धकेलेको होइन भनी कसुरप्रतिको इन्कारी बेहोरा लेखाए पनि मौकाको बयानमा आफूलाई केटीको फोन आएको कारणबाट आफू र मृतकबिच झगडा भएको स्वीकार गरेका छन्। साथै यी पुनरावेदकले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफू र मृतकबिच साँघुरो र भिरालो बाटोमा झैझगडा र धकेला धकेल भयो, श्रीमतीले मलाई धकेलेकोले मैले पनि रिसको झोकमा श्रीमतीलाई धकेल्दा भिरबाट सुलीगाड नदीमा खसेकी हुन् भनी लेखाएका र निजको उक्त बयानको बेहोरा वारदातपूर्व घटनास्थलमा भेटिएका र मौकामा बुझिएका टीकाराम कामीसमेतको मौकाको एवम् अदालतमा भएको बकपत्रको बेहोरासमेतबाट समर्थित भएको पाइन्छ । मृतकले लगाएको ज्याकेट, सल, मृतकले बोकेको रकम रू.१४,०००।- समेत प्रतिवादीबाट बरामद भएको अवस्थाले समेत प्रतिवादीको मौकाको बयान बेहोरा समर्थित भएको देखिन्छ। मृतकको लास फेला नपरे पनि मृत्यु हुनुपूर्व मृतक र प्रतिवादीसँग साथमा नै रहेका र निजले मौकामा अनुसन्धान अधिकारीसमक्ष गरेको बयानबमोजिम मृतकलाई यी पुनरावेदक प्रतिवादीले धकेल्दा भिरबाट लडी नदीमा खसेकोमा नदीले बगाई लगेकोले तत्काल खोजतलास गर्दा लास फेला नपरेको भन्नेसमेत देखिएकोबाट यी पुनरावेदक प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम कसुर गरेको ठहऱ्याएको पुनरावेदन अदालत जुम्लाको फैसलालाई अन्यथा भन्न मिल्ने देखिन आएन । पुनरावेदक प्रतिवादी र मृतक पत्नीबिच भएको झैझगडाको क्रममा पहाडको भिरको साँघुरो बाटोमा दुवैबिच धकेला धकेल हुँदा मृतक तल नदीमा खसी घट्न गएको वारदातलाई शुद्ध भवितव्यको वारदात हो भनी भन्न मिल्ने अवस्था देखिन्न। तसर्थ प्रस्तुत वारदातलाई भवितव्य कायम गरिपाउँ भनी यी पुनरावेदक प्रतिवादी उत्तरबहादुर गिरीले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदक / प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम कसुरदार ठहऱ्याई निजलाई सर्वस्वसहित जन्मकैद

हुने ठहऱ्याएको पुनरावेदन अदालत जुम्लाको फैसला तत्कालीन कानूनी व्यवस्थाको सन्दर्भ मिलेको भए पनि मिति २०७५।५।१ गतेदेखि लागू भएको मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ४० को उपदफा (२) मा कानूनमा कुनै कसुरबापतमा सर्वस्वको सजाय हुने रहेछ भने यस ऐन प्रारम्भ भएपछि कुनै कसुरमा सजाय निर्धारण गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने व्यवस्था रहेको देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम कसुरदार ठहऱ्याई सजाय गर्दा सर्वस्वको सजाय गर्न नमिल्ने देखिने।

वारदात हुनुपूर्व मृतक र प्रतिवादीबिचको दाम्पत्य जीवनमा कुनै वादविवाद र झैझगडा भएको भन्ने देखिँदैन। साथै यी प्रतिवादीको मृतक पत्नीलाई मार्नुपर्नेसम्मको कुनै पूर्वरिसइवी एवम् तयारी भएको भन्ने पनि देखिँदैन्, जोखिमी हतियारको प्रयोग भएको अवस्था पनि छैन। पतिलाई उनाउ केटीबाट आएको फोन र त्यसमा पतिले दिएको जवाफको जरियाबाट प्रतिवादी / पति र मृतक / पत्नीबिच विवाद उत्पन्न भई भएको झगडाको कारणले दुवैबिच साँघुरो भिरको बाटोमा धकेला धकेल हुँदा मृतक तल नदीमा खसेको वारदातको स्थानको प्रकृति वारदात हुनुपर्ने कारणको पृष्ठभूमिलगायतका आधारबाट उक्त वारदात भवितव्य हो कि ? जस्तो लागी पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने चित्तमा लागी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ५ (पाँच) वर्ष कैद सजाय गर्दा पनि न्यायको मक्सद पूरा नै हुने देखिन आउने।

अतः विवेचित तथ्य, आधार र कारणबाट प्रतिवादीबाट बरामद भएको रू.१४,०००।– (चौध हजार रूपैयाँ) जफत हुने ठहऱ्याएको हदसम्म सुरू डोल्पा जिल्ला अदालतको फैसला केही उल्टी भई सो रकम मृतकको हकवालालाई फिर्ता दिने र प्रतिवादीलाई अभियोग दाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम कसुरदार ठहऱ्याएको हदसम्मको सुरू फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत जुम्लाबाट मिति २०७३।२।२५।३ मा भएको फैसला सदर हुने ठहर्छ। पुनरावेदन अदालत जुम्लाले निज प्रतिवादीका हकमा अ.बं.१८८ नं. बमोजिम ७ (सात) वर्ष सजाय हुने भनी प्रस्तुत गरेको रायको हकमा प्रस्तुत वारदातको पृष्ठभूमि, वारदातको प्रकृति एवम् अवस्था र परिस्थितिसमेतलाई विचार गर्दा उक्त राय मिलेको नदेखिँदा निज पुनरावेदक प्रतिवादी उत्तरबहादुर गिरीलाई कैद वर्ष ५ (पाँच) सजाय हुने।

इजलास अधिकृत: भगवती शर्मा ढुङ्गाना

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७५ साल मङसिर २४ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०७३-CR-१६१७, कर्तव्य ज्यान, *शंकर थापा मगर वि. नेपाल सरकार*

प्रतिवादीले आफ्नो कोठामा पिसाब फेरेको कारणबाट रिस उठेकोले धकेलेर बाहिर पठाएको भन्ने अदालतसमक्ष गरेको बयान बेहोरा अन्य प्रमाणबाट पुष्टि गर्न सकेको देखिँदैन। साथै निजले मृतकलाई कोठाबाट धकेलेको कारणबाट मृतकको टाउकोमा घाउचोट लागेको भन्न सकेको अवस्थासमेत नदेखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६(२) नं. बमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

मृतक जीवन बस्नेतलाई पुनरावेदक प्रतिवादीले काठको नलले टाउकोसमेतमा प्रहार गरेको भन्ने तथ्य माथि विभिन्न प्रकरणमा गरिएको विवेचनाबाट पुष्टि भइसकेको छ भने वारदात मिति २०७१।११।३० पछि मृतक २/३ दिन काममा गएको भन्ने तथ्य प्रतिवादीले अदालतसमक्षको बयानमा उल्लेख गरे पनि सो तथ्य कुनै प्रमाणबाट स्थापित हुन

सकेको देखिँदैन । यिनै पुनरावेदकले हानेको, कुटेको चोटको कारणबाट मृतक जीवन बस्नेतलाई उपचारार्थ मणिपाल अस्पतालमा लगेको, ज्याला मजदुरको काम गर्ने मृतकलाई उपचारको आर्थिक समस्याको कारण कोठामा ल्याई औषधी ख्वाई राखेको भन्ने देखिन्छ । मृतकको उक्त घाउचोट निको भएको भन्ने नदेखिने ।

सोही चोटको कारण फेरि टाउको दुखेकोले पुनः मिति २०७१।१२।१३ गते मणिपाल अस्पतालमा लगी भर्ना गरी उपचार गर्दागर्दै मिति २०७२।१२।२८ मा अस्पतालमा नै मृतकको मृत्यु भएको अवस्था देखिने ।

तसर्थ किटानी जाहेरी, मौकाको प्रतिवादीको बयान कागज, मृतकको घाउ जाँच केस फारम, घटनास्थल तथा लास जाँच मुचुल्का तथा शव परीक्षण प्रतिवेदनसमेतका प्रमाणबाट प्रतिवादीले काठको लिस्टीले मृतकको टाउकोमा प्रहार गरेको घाउचोट पीडा अनवरत रूपमा रही अस्पतालमा उपचार गराउँदा गराउँदै सोही चोटको कारणबाट मृतकको मृत्यु भएको अवस्था पुष्टि हुन आएको देखिँदा यी पुनरावेदकलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत र १३(३) नं. बमोजिमको कसुरदार ठहऱ्याएको उच्च अदालत पोखराको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

उच्च अदालत पोखराले प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखी अ.बं. १८८ नं. बमोजिम कैद वर्ष १० (दश) सजाय हुन राय प्रस्ताव गरेको देखिन्छ । यी पुनरावेदक / प्रतिवादीले मौकामा कसुरमा साबित भई अनुसन्धानमा सहयोग पुऱ्याएको, जोखिमी हतियारको प्रयोग भएको अवस्था पनि नदेखिएको, वारदातको प्रकृति, अवस्थासमेतलाई विचार गर्दा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिएकोले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम आठ वर्ष कैद सजाय गर्दा पनि न्यायको मक्सद पूरा नै हुने देखिन आउने ।

अतः विवेचित तथ्य, आधार र कारणबाट प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम कसुरदार ठहऱ्याएको हदसम्मको सुरू फैसला सदर हुने ठहऱ्याई उच्च अदालत पोखराबाट मिति २०७३।१२।८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: भगवती शर्मा ढुङ्गाना

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७५ साल पुस २६ गते रोज ५ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७२-CR-०४७०, चेक अनादर, *भूपेन्द्र बानियाँ वि. मणिराज श्रेष्ठ*

चेक काटिएकोमा सो चेक अनादर भएमा विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १५ ले चेक काट्ने व्यक्ति (ड्रअर) ले चेक पाउने वा बोक्ने व्यक्ति (धारक) लाई क्षतिपूर्ति तिर्नुपर्छ । काटिएको चेकको भुक्तानी रोक्न चेक काट्ने व्यक्तिले मात्र होइन बैंकले पनि सक्दैन । खातामा पर्याप्त निक्षेप नभएको अवस्थामा बाहेक भुक्तानी नदिएमा बैंकले पनि ऐनको दफा १६ अनुसार दायित्व बेहोर्नु पर्ने हुन्छ । विनिमेय अधिकारपत्रका यी आधारभूत कुरा हुन् । विनिमेय अधिकारपत्र ऐनअन्तर्गतको मुद्दामा पक्षको कानूनी सक्षमताको साथै विवादित कार्य गरेको हो वा होइन, सो कागजमा लागेका सहिछाप सम्बन्धित व्यक्तिको हो वा होइन, यसमा कुनै किर्ते जालसाजी, ठगी आदिको अवस्था छ वा छैन भन्नेबाहेक पक्षका अन्य व्यवहार, अन्य विवाद वा तेस्रो व्यक्तिसँगको सम्बन्ध ऋण धन लेनदेन आदि केही हेरिँदैन । न्यायकर्ताले न्याय निरूपणको क्रममा यी आधारभूत कुराहरूतर्फ ध्यान

दिई निर्णय निष्कर्षमा पुग्नु पर्ने।

प्रस्तुत विवादमा दुईवटा चेक काटिएको कुरा उठेको हुँदा ती चेकहरू प्रतिवादीले काटेको हो वा होइन, चेकमा लेखिएको विवरण ठिक छ वा छैन र चेक अनादर भएको हो वा होइन त्यति मात्र हेरिने हो । फिरादमा चेकमा उल्लिखित रकम प्रतिवादी स्वयम्ले रोकेको भनी बैंकले फिर्ता गरेबाट चेक भुक्तानी हुन नसकी अनादर गर्नु भएको हुँदा उक्त चेकहरूमा उल्लिखित रकम र सोको हर्जनासहितको रकम कानूनबमोजिम मुद्दा अन्तिम किनारा भई भरिभराउ हुँदासम्मको कानूनबमोजिमको ब्याजसमेत भराई पाउँ भन्ने दाबी लिएको र चेक जारी गरेको कुरालाई प्रतिवादीले अस्वीकार नगरेकोबाट चेक अनादर भएको अवस्था स्पष्टरूपमा देखियो । चेक अनादर भएको स्थितिमा वादीलाई हुन गएको नोक्सानीको क्षतिपूर्ति गर्नुपर्ने दायित्व प्रतिवादीमा रहेकै मान्नुपर्ने।

जहाँसम्म प्रतिवादीले रामभगत थापालाई तिर्नु पर्ने रकम वादीकै सहमतिमा तिरिदिएको भन्ने कुरा छ यसलाई वादीले अस्वीकार गरेको अवस्था छ। साथै रामभगत थापासँग आफ्नो लेनदेन करकाप आदि मुद्दाहरू रहेको भन्ने जिकिर पनि वादी पक्षको छ। चेक अनादर मुद्दामा चेक जारी भएको हो वा होइन र खातामा रकम छ वा छैन, चेकको भुक्तानी रोकिई चेक अनादर भएको हो वा होइन भन्ने मात्र हेरिने हुँदा अन्य व्यक्तिसँगको कारोबारका कुराहरू असान्दर्भिक हुन्छन् । विनिमेय अधिकार पत्र ऐन, २०३४ को कुनै दफाले अन्य मुद्दामा यस्ता कुराहरूसमेत तर्फ विचार गरी निर्णय गर्नुपर्ने बाध्यता तोकेको छैन । प्रमाण ऐन, २०३१ कोदफा ३ अनुसार अदालतले असम्बद्ध कुराको प्रमाण बुझ्नु आवश्यक हुँदैन । काटेको चेकको भुक्तानीको सन्दर्भमा अन्य कारोबारका कुराहरू असान्दर्भिक अर्थात् असम्बद्ध कुरा हुँदा यी कुराहरूलाई आधार गरी प्रतिवादीले वादीलाई चेकमा उल्लिखित रकम तिर्नु पर्दैन भन्न मिल्दैन। यसो भन्नु विनिमेय अधिकार पत्र ऐन, २०३४ को व्यवस्था र सम्पूर्ण बैंकिङ प्रणालीको विश्वसनीयतासमेत विपरीत हुने हुँदा वादी दाबी पुग्न नसक्ने भनी पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेको नदेखिने।

अतः माथि विवेचित आधार र कारणहरूसमेतबाट भुक्तानीको लागि वादीलाई चेक दिएपछि सो भुक्तानी नदिने उद्देश्यले जानीजानी भुक्तानी रोक्का गर्ने गरेको प्रतिवादीको कार्य कानूनविपरीत देखिँदा पुनरावेदन अदालत पाटनबाट मिति २०७१।११।२५ मा भएको फैसला नमिलेकोले उल्टी भई भुक्तानीको लागि वादीलाई चेक दिएपछि सो भुक्तानी नदिने उद्देश्यले जानीजानी भुक्तानी रोक्का गर्ने गरेको प्रतिवादीको कार्य पनि विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७क. विपरीतको कार्य हुँदा वादीले प्रतिवादीबाट चेकमा उल्लिखित रकम रू.१,१०,०००।- (एक लाख दश हजार) र सोको कानूनबमोजिमको ब्याजसमेत भरी पाउने ठहरी सोही ऐनबमोजिम प्रतिवादीलाई रू.५००।- जरिवानासमेत हुने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।८।२८ मा भएको फैसला सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७४ साल चैत १ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७५-RC-००२६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. ध्रुवबहादुर सुनुवार*

शव परीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा, बरामदी मुचुल्का र घटनास्थल प्रकृति मुचुल्का, लास जाँच मुचुल्कासमेतका वस्तुगत प्रमाणहरूबाट जाहेरी दरखास्तको बेहोरा, प्रतिवादीको साबिती बयान बेहोरा तथा यी प्रतिवादीले मृतकको घाँटीमा छुराले प्रहार गरेको र सोही कारणबाट निजको मृत्यु भएको भन्ने तथ्य स्पष्ट रूपमा समर्थित हुन आएको छ। मृतककी

पत्नी विन्दा सुनार, मृतककी छोरी बटई सुनार, शान्ति सुनारसमेतले अनुसन्धानको सिलसिलामा गरिदिएको कागजसमेतबाट प्रतिवादीको बयान बेहोरा तथा उल्लिखित तथ्य पुष्टि हुन आउँछ । साथै मृतकको खराब आचरण रहेको र सम्झाउँदा पनि नमानेकोले रिस उठी प्रहार गरेको भन्ने प्रतिवादीकै बयान बेहोराबाट र धारिलो वस्तुले घाँटीजस्तो संवेदनशील अङ्गमा प्रहार गरेको देखिन आएकोबाट यी प्रतिवादीले मनसायपूर्वक नै मृतकलाई प्रहार गरी हत्या गरेको स्थापित हुने ।

प्रतिवादीको बयान मृतकको शव परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादी ध्रुवबहादुर सुनारले मार्ने मनसायले नै आफ्नो बुबा कृष्णबहादुर सुनारलाई प्रहार गरेको र सोही चोटका कारण उपचारका क्रममा निजको मृत्यु भएको देखिएकोले निज प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर अपराध गरेको पुष्टि हुन आएको देखिन्छ । त्यसैले प्रतिवादी ध्रुवबहादुर सुनारलाई अभियोग दाबीबमोजिम कसुरदार ठहर गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई सुरू धादिङ जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट भएको फैसला साधकको रोहबाट जाँच गर्दा मिलेकै देखिन आउने ।

अतः माथि विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी ध्रुवबहादुर सुनारलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुने ठहऱ्याई सुरू धादिङ जिल्ला अदालतबाट मिति २०७१।०९।३० मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।०९।०६ मा भएको फैसला मिलेकै देखिएकोले साधक सदर हुने ठहर्छ । साथै केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ (२)(क) मा कुनै कसुरको सजाय साबिक ऐनमा मुलुकी अपराध संहितामा लेखिएको भन्दा बढी रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ भन्ने कानूनी व्यवस्था भएको परिप्रेक्ष्यमा मुलुकी अपराध (संहिता) ऐन, २०७४ मा सर्वस्वसहित जन्मकैदको कानूनी व्यवस्था नभएको र ऐ. को दफा १७७ (२) मा ज्यान मर्ने कसुर गर्ने गराउने व्यक्तिलाई जन्मकैदको सजाय मात्र हुने भनी कानूनी व्यवस्था रहेभएको देखिएकोले प्रस्तुत मुद्दामा पनि यी प्रतिवादी ध्रुवबहादुर सुनारलाई जन्मकैदको मात्र सजाय हुने ।

इजलास अधिकृत: यदुराज शर्मा
कम्प्युटर: सिजन रेग्मी
इति संवत् २०७५ साल भदौ ५ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-WO-०७९७, उत्प्रेषण, *अधिवक्ता अर्जुनकुमार अर्याल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

नेपालको अन्तरिम संविधानको धारा ३० मा प्रत्येक कामदार र कर्मचारीलाई उचित श्रम अभ्यासको हक हुनेछ । कानूनमा व्यवस्था भएबमोजिम प्रत्येक कामदार र कर्मचारीलाई आआफ्ना हित रक्षाको निम्ति ट्रेड युनियन खोल्ने, संगठित हुने र सामूहिक सौदाबाजी गर्ने हक हुनेछ भन्ने व्यवस्था गरेको पाइन्छ । निजामती सेवा ऐन, २०४९ को दफा ५३ को उपदफा (१) बमोजिम ट्रेड युनियन गठन गर्न पाउने कानूनी व्यवस्था गरिएको छ । त्यस्तै निजामती सेवा नियमावली, २०५० को नियम ११७क मा निजामती कर्मचारीको ट्रेड युनियनसम्बन्धी कानूनी व्यवस्था रहेको छ । ऐनको दफा ५३ को उपदफा (३) को खण्ड (ख) मा उपदफा (१) बमोजिम गठन भएका निजामती कर्मचारीका ट्रेड युनियन संघहरूले कानूनबमोजिम सामूहिक सौदाबाजी गर्न सक्ने नै देखिने ।

निजामती सेवा ऐन, २०४९ को दफा ५३(३) ख मा निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन संघहरूले आपसमा सहमति गरी सामूहिक सौदाबाजी

गर्न पाउने छन् भनी आधिकारिक ट्रेड युनियन गठन नभएसम्मको लागि वैकल्पिक व्यवस्थासमेत गरेकोले आधिकारिक ट्रेड युनियनको निर्वाचनअगावै निजामती कर्मचारीहरूको संघ संगठन दर्ता गर्न मिल्ने नै देखिने।

निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनको मिति २०७३।२।१९ मा निर्वाचन सम्पन्न भइसकेको देखिँदा रिट निवेदनको औचित्य देखिएन । अतः माथि विवेचित आधार प्रमाणबाट निवेदन जिकिरबमोजिमको आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल असार १८ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-WH-००१०, बन्दीप्रत्यक्षीकरण, *साङ्गे शेर्पासमेत वि. राजस्व अनुसन्धान विभाग हरिहरभवनसमेत*

निवेदकहरूबाट चोरी पैठारीका क्रममा बरामद भएको भनिएको १८ किलोग्राम सुनको बिगो रू. ८,६८,०५,०००।- कायम भएको देखिँदा उक्त मुद्दा हेर्ने क्षेत्राधिकार जिल्ला अदालतलाई मात्र देखिन्छ। यसैगरी भन्सार ऐन, २०६४ को दफा ६०ख अनुसार दफा ५७ को उपदफा (१) को खण्ड (ङ) र (च) बमोजिम सजाय हुने मुद्दाको तहकिकात भन्सार अधिकृत वा निजले तोकिदिएको अधिकृतले गर्ने र यसरी तहकिकात भएको मुद्दाको काम सुरू भएको २५ दिनभित्र सम्बन्धित जिल्ला अदालतसमक्ष मुद्दा दायर गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । भन्सार ऐन, २०६४ को उपर्युक्त दफा ५७(१) र दफा ६०ख मिति २०७२।११।१३ मा प्रमाणीकरण भएको केही नेपाल ऐन, संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित र थप भएका व्यवस्था भएको र यी निवेदकहरूलाई मिति २०७३।१।१७ मा पक्राउ गरेको हुँदा उपर्युक्त व्यवस्थाहरू यी निवेदकहरूका सम्बन्धमा लागू हुने देखिने।

निवेदकहरू सुन चोरी पैठारीको अभियोगमा मिति २०७३।०१।१७ मा पक्राउ परेको देखिन्छ । नेपालको संविधानको धारा २० को उपधारा (३) मा पक्राउ गरेको व्यक्तिलाई पक्राउ गरेको समय र स्थानबाट बाटोको म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्ने र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ गरिएको व्यक्तिलाई थुनामा राखिने छैन भन्ने संवैधानिक व्यवस्था रहेको छ। उक्त संवैधानिक व्यवस्थाअनुसार मिति २०७३।१।१७ मा पक्राउ भएका निवेदकलाई पक्राउ परेको मितिबाट बाटोको म्यादबाहेक २४ घण्टाभित्र जिल्ला अदालतमा उपस्थित गराई म्याद थप गरी अदालतको अनुमतिले थुनामा राखी अनुसन्धान कार्य अघि बढाउनु पर्नेमा त्यसो भएको नदेखिने।

नेपालको संविधानको धारा २० को उपधारा (३) अनुसार पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा नराखिने भन्ने व्यवस्था आलङ्कारिक होइन। यस संवैधानिक व्यवस्थाको उद्देश्य भनेको कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता जथाभावी रूपमा अपहरित नहोस्, कुनै पनि व्यक्ति २४ घण्टाभन्दा बढी गैरकानूनी रूपमा थुनामा रहन नपरोस् र त्यसरी पक्राउ परेको व्यक्तिलाई थुनामा राखिरहन आवश्यक छ छैन भनी मुद्दा हेर्ने अधिकारीले न्यायिक जाँच गर्न सकोस् भन्ने हुने।

निवेदकहरूलाई पक्राउ परेको मितिले ३ दिनपछि मात्र धरौटी माग भएको पाइन्छ । यसरी पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्यादबाहेक २४ घण्टाभित्र

मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित नगराई निजको अनुमतिबेगर थुनामा राखेको, जिल्ला अदालतको क्षेत्राधिकारअन्तर्गतको प्रस्तुत मुद्दामा २४ घण्टाको थुना अवधि काटेपछि मात्र अनुसन्धानको क्रममा धरौटी माग भएको कार्यलाई कानूनसम्मत मान्न नमिल्ने।

बन्दीप्रत्यक्षीकरणको निवेदनमा कुनै व्यक्ति दोषी वा निर्दोष के हो भन्ने विषयको निरूपण नगरी थुनाको वैधताको परीक्षणसम्म गरिने हुन्छ । थुनामा राख्नु पर्ने कानूनबमोजिमको कारण भए पनि बाध्यात्मकरूपले पालना गर्नुपर्ने कार्यविधिको पालना नगरी वा अधिकारक्षेत्रात्मक त्रुटि गरी राखिएको थुना गैरकानूनी ठहर्ने।

प्रस्तुत सन्दर्भमा माथि उल्लेख भएअनुसार जिल्ला अदालतबाट म्याद थप नगरी वा अनुमति नलिई थुनामा राख्ने एवम् भन्सार ऐन, २०६४ को दफा ६०ख.(२) बमोजिम तहकिकातको काम सुरू भएको २५ दिनभित्र मुद्दा दायर गर्नु नपर्ने छुट अनुसन्धान अधिकारीले पाउने भन्न मिल्दैन। मिति २०७३।१।१७ मा पक्राउ गरेको निवेदकहरूलाई नेपालको संविधानको धारा २०(३) ले गरेको किटानी व्यवस्थाअनुसार २४ घण्टाभित्र जिल्ला अदालतमा उपस्थित गराई अदालतको अनुमतिले थुनामा राखेको नदेखिएको एवम् भन्सार ऐन, २०६४ को दफा ६०ख. को उपदफा (२) बमोजिम मुद्दाको तहकिकात सुरू भएको मितिबाट २५ दिनभित्र सम्बन्धित जिल्ला अदालतसमक्ष मुद्दा दायर गर्नुपर्नेमा अनुसन्धान अधिकारीले कानूनद्वारा निर्धारित प्रक्रियाविपरीत अधिकारक्षेत्रात्मक त्रुटि गरी असीमित समयसम्म थुनामा राखेको निर्णय एवं कामकारबाही गैरकानूनी रहेको देखिने।

अतः रिट निवेदन मागबमोजिम निवेदकहरू साङ्गे शेर्पा र मिङमार शेर्पालाई मिति २०७३।१।१७ मा पक्राउ गरी मुद्दा हेर्ने अदालतको अनुमतिबेगर थुनामा राखेको देखिएको एवम् भन्सार ऐन, २०६४ को दफा ५७(१) तथा दफा ६०ख (२) बमोजिम समयमा नै सम्बन्धित अदालतमा मुद्दा दायर नगरी तथा ६०ख (३) बमोजिम सरकारी वकिलको राय पनि समयमै नलिई बाध्यात्मक रूपमा पालना गर्नुपर्ने संवैधानिक एवम् कानूनी कर्तव्य पूरा नगरी निवेदकहरूलाई मिति २०७३।१।२० मा माग भएको धरौटी रकम नबुझाएको भनी गैरकानूनी तवरबाट थुनामा राखेको देखिँदा निवेदकलाई तत्काल थुनामुक्त गरिदिनु भनी विपक्षीका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

माथि उल्लेख भएअनुसार बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएसँगै केही महत्त्वपूर्ण विषयमा यस इजलासको ध्यानाकर्षण भएको छ। संगठितरूपमा हुने सुन चोरी पैठारीजस्तो देशको अर्थतन्त्रलाई गम्भीर रूपमा प्रभावित गर्ने गैरकानूनी कार्य र तत्सम्बन्धी अपराधको अनुसन्धान गर्ने जिम्मेवार निकायहरूको गैरजिम्मेवारपूर्ण कार्यबाट वास्तविक अपराधी उम्कन जाने हुन्छ। अपराधीहरू न्यायको पन्जाबाट फुत्कन हुँदैन र निरपराधीले सजाय भोग्नु हुँदैन भन्ने फौजदारी न्यायको मान्यता हो । निवेदक गाडी चालक साङ्गे शेर्पाले उक्त सुन ल्हासाबाट तेन्जिङ डेन्डुपका मानिसले लिपिङ्ग ल्याएर काठमाडौं लैजानु भनी दिएको र सोबापत ज्याला भुक्तानी पाउने उल्लेख गरेबाट उक्त सुन निवेदकहरूको होइन भन्ने निवेदनमा स्वीकार गरी यस अदालतसमक्ष निवेदन लिई प्रवेश गरेबाट यो कार्य संगठित रूपमा नै भएको विश्वास गर्ने पर्याप्त आधार छन्। यस्तो अवस्थामा गम्भीर भएर सूक्ष्म अनुसन्धान हुनु अत्यावश्यक थियो। तथापि यी निवेदकहरू पक्राउ परेपछि सामान्य तरिकाबाट बयान लिने र धरौटी माग गर्ने कामबाहेक अरू सूक्ष्म अनुसन्धान भएको र अपराधको जरोसम्म पुग्ने प्रयत्न भएको मिसिलबाट नदेखिने।

प्रस्तुत विवादमा पक्राउ गरी आफ्नो नियन्त्रणमा राख्ने अधिकृतहरूले देखादेखी नै नेपालको संविधानको धारा २०(३) र भन्सार ऐन, २०६४ को दफा ६०ख.(२) को उल्लङ्घन गरी अनुसन्धान फितलो बनाई वास्तविक अपराधीसम्म पुग्ने वातावरण नबनाई उन्मुक्ति पाउने गरी काम गरेको वा भएको होइन भनी विश्वास गर्न सकिने आधार

देखिएन। भन्सार ऐन, २०६४ को दफा २(द) बमोजिम अधिकारप्राप्त अधिकारीलाई तत्काल प्रचलित कानूनी व्यवस्थाको जानकारी थिएन भनी विश्वास गर्न सकिँदैन । कानूनको अज्ञानता क्षम्य हुँदैन भन्ने कानूनको मान्य सिद्धान्त रहिआएको छ । राजस्वसम्बन्धी कानूनी व्यवस्था विभिन्न ऐन, नियममा छरिएर रहेका र पटकपटक विभिन्न कानूनको माध्यमबाट संशोधन हुने गरेबाट यस्तो अनुसन्धान तहकिकातको जिम्मेवारी लिई बसेका अधिकृत तथा कर्मचारीहरूले प्रत्येक कानूनको व्यवस्था, त्यसमा भएका संशोधन वा परिमार्जनलगायतका विषयमा सदैव सूक्ष्म जानकारी राख्नु आवश्यक हुन्छ । यसो नगरी कानूनविपरीत निर्दोषलाई अनुसन्धानको नामबाट दुःख दिने र दोषीहरूले उन्मुक्ति पाउने अवस्था सिर्जना हुन गएमा नीतिगत भ्रष्टाचार गर्ने एवम् संगठित रूपमा कार्य गर्ने आपराधिक तत्त्वले फाइदा उठाउने अवस्था आइपर्छ । अन्ततोगत्वा यस्तो प्रवृत्तिले समाजमा अपराधको वृद्धिलाई सघाउ पुऱ्याउने। निवेदकहरूबाट चोरी पैठारीका क्रममा बरामद भएको १८ किलोग्राम सुनको बिगो रू.८,६८,०५,०००।- कायम भएको र निजहरूउपर लागेको अभियोगका सम्बन्धमा कानूनबमोजिमको प्रक्रिया पूरा गर्दै समयमा अनुसन्धान कार्य समाप्त गरी मुद्दा दायर नगरेको कारण निवेदकहरूले अनुचित रूपमा कसुरबाट उन्मुक्ति प्राप्त हुनसक्ने अवस्था आएको देखिने।

राष्ट्रसेवक कर्मचारीले आफ्नो जिम्मेवारीप्रति सजग रहनु पर्नेमा गम्भीर लापरबाही गरी सुन चोरी पैठारी जस्ता मुद्दाका योजनाकार तथा काम सम्पन्न गर्नेहरूले उन्मुक्ति पाउने र राज्यले कसुरदारलाई दण्डभागी बनाई बिगो जरिवाना असुल गर्न नसक्ने परिस्थितिको सिर्जना भएको देखिएबाट राजस्व अनुसन्धान विभागका सम्बन्धित अधिकृतहरूलाई लापरबाहीपूर्ण काम कारबाहीको लागि सचेत गराउनु, छानबिनबाट बदनियतपूर्वक वा मिलोमतोमा त्यस्ता कार्य गरेको निष्कर्षमा पुगेमा सेवा सर्तबमोजिम कारबाही गर्नु तथा अब उप्रान्त राजस्व अनुसन्धान विभागबाट यस प्रकारको कार्य नहुने सुनिश्चितता गरी अपराधको प्रभावकारी, विश्वसनीय, स्वच्छ र निष्पक्ष अनुसन्धान एवम अभियोजन हुने व्यवस्था मिलाउनु भनी ध्यानाकर्षणका लागि नेपाल सरकार अर्थ मन्त्रालयलाई लेखी पठाइदिनेसमेत ठहर्ने।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७३ साल मङ्सिर ५ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CI-०४०९ र ०७०-CI-०६५८, लिखत दर्ता बदर दर्ता, *मालती देवी वि. नन्दकिशोर राय यादव र नन्दकिशोर राय यादव वि. मालती देवी*

दाबीको कि.नं.१२६५ को ०-४-० जग्गा र.नं. ४८३ मिति २०६४।५।५ मा पारित राजीनामा लिखतको मूल्य रू.१,२०,०००।– (एक लाख बीस हजार) मात्र उल्लेख भएको उक्त लिखतको प्रतिलिपिबाट देखिएको छ । उक्त मूल्य अंश मुद्दाबाट बन्डा भएको सम्पत्तिको अनुपातमा अत्यन्तै न्यून रहेको देखिन्छ। निज बलदेव राय यादव घरको मुख्य व्यक्ति भएको कुरामा कुनै विवाद रहेको देखिँदैन । उक्त अंश मुद्दामा प्रतिवादीबाट पेस भएको तायदाती फाँटवारीको विवरणमा उल्लिखित कि.नं. १२५९, ७५२, १२५६, ७३८, ३१८, ३२०, २५३, २५४, २५१, २५२, २६८, २६७, २६६ र २६७ मा जम्मा करिब १-०-१८½ जग्गा र घर घडेरी निज बलदेव राय यादवको नाममा बाँकी रहेको देखिन्छ। उक्त जग्गाको विवरणअनुसार बलदेव राय यादवको नाममा रहेको जग्गामध्ये आधा जग्गाको हिसाब गर्दासमेत ०-१०-९ जग्गाभन्दा बढी नै हुन आँउछ। घरको मुख्य व्यक्तिले घर व्यवहार चलाउनको लागि चलमा सबै र अचलमा आधासम्म आफूखुस गर्न पाउने।

बलदेव राय यादवले बिक्री गरेको कि.नं.१२६५ को ०-४-० जग्गा निजको नाममा बाँकी रहेको जग्गामध्ये आधाभन्दा पनि कम जग्गा रहेको देखिन आएको अवस्थामा दाबीको कि.नं. १२६५

को ०-४-० जग्गा घरको मुख्य व्यक्तिको रूपमा रहेको निज बलदेव राय यादवले बिक्री गर्न सक्ने नै हुन्छ । यस्तो अवस्थामा कि.नं.१२६५ को ०-४-० जग्गामध्ये ५ भागको १ भाग वादी दाबीअनुसार लिखत बदर भई वादी नन्दकिशोर राय यादवको नाउँमा दा.खा. नामसारिसमेत हुने ठहऱ्याएको सुरू जिल्ला अदालतको मिति २०६६।५।२४ को फैसला सो हदसम्म केही उल्टी भई कि.नं.१२६५ को ज.वि. ०-४-० मध्ये ०-२-० बिक्री गरेको सदर कायमै गरी बाँकी ज.वि. ०-२-० जग्गामध्ये ५ भागको १ भाग लिखत दर्ता बदर हुने ठहऱ्याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०६९।३।३१ मा भएको फैसला मिलेको नदेखिने।

अतः विवेचित आधार, कारण र प्रमाणहरूबाट सुरू सर्लाही जिल्ला अदालतबाट भएको फैसला र सो फैसला केही उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०६९।३।३१ मा भएको फैसला मिलेको नदेखिँदा सुरू सर्लाही जिल्ला अदालत र पुनरावेदन अदालत जनकपुरबाट भएको दुवै फैसलाहरू उल्टी हुने।

इजलास अधिकृत: गोपी विश्वकर्मा
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७५ साल असोज २ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CR-१४२६, भ्रष्टाचार, *सुरथ देउजा क्षेत्री वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी सुरथ देउजाको प्रमाण पत्रको प्रतिलिपि साथै राखी पुनः प्रमाणीकरणको लागि विहार विद्यालय, परीक्षा समिति, पटना पठाउँदा उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरको च.नं. १०४ मिति २०७२।६।१७ को पत्रबाट "वर्णित रोल कोड क्रमांक एवम् परीक्षा वर्ष पर किसी दुसरे छात्रका नाम / विवरण अंकित है" भन्ने उल्लेख भई आएबाट विवादित प्रमाण पत्र नक्कली भएकोमा विवाद रहेको नदेखिने।

पुनरावेदक प्रतिवादी सुरथ देउजा क्षेत्री कान्ति बाल अस्पतालमा मिति २०५३।११।१९ मा नै खरिदार पदमा प्रवेश गरी सोही पदमा मिति २०६४।५।३१ मा स्थायी भएदेखि अर्थात् मिति २०६४।५।३१ मा स्थायी हुनुभन्दा अघि कार्य गरी आएको ज्यालादारी पदमा पनि सोही शैक्षिक योग्यता नै आवश्यक शैक्षिक योग्यता रहेको अवस्था देखिएको र विवादित प्रमाण पत्र पुनरावेदक प्रतिवादीले कान्ति बाल अस्पतालमा मिति २०५३।११।१९ मा खरिदार पदमा ज्यालादारीमा प्रवेश गर्नुभन्दा अघि नै अर्थात् सन् १९८९ मा लिएको देखिन्छ। पुनरावेदक प्रतिवादीले उक्त प्रमाणपत्र वि.सं.२०४२ सालमा (सन् १९८९ मा) भारतको विहार विश्वविद्यालयबाट प्राप्त गरी त्रिभुवन विश्वविद्यालयबाट सन् १९९२ मा एस.एल.सी. सरहको मान्यता प्राप्त स्तर निर्धारणसहित प्रमाणपत्र सुरू जागिरमा प्रवेश गर्दा पेस गरेको हुँ भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा निज प्रतिवादीले गरेको बयानको सवाल जवाफ ६ मा लेखाई दिएको देखिँदा निज प्रतिवादीले सो प्रमाणपत्र सुरू जागिरमा प्रवेश गर्दा अर्थात् मिति २०५३।११।१९ मा नै पेस गरेको देखिन आयो। यस अवस्थामा वर्तमान भ्रष्टाचार निवारण ऐन, २०५९ लागू हुनुभन्दा अघि नै अर्थात् साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ नै क्रियाशील रहेको अवस्थामा पुनरावेदक प्रतिवादीले उक्त नक्कली शैक्षिक प्रमाण पत्र पेस गरेको देखिन आएकोले प्रस्तुत मुद्दामा तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ नै आकर्षित हुने देखिने।

तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क. ले अनुसन्धानको कारबाही सुरू भएको मितिले २ वर्षको हदम्याद हुने व्यवस्था गरेकोमा अभियोग पत्र मिति २०७१।५।२४ मा मात्र दायर भएकोले प्रस्तुत मुद्दामा हदम्यादको अभाव रहेको छ भनी निष्कर्षमा पुग्न सकिने अवस्था रहँदैन। हदम्याद जटिल कानूनी प्रश्न भएकोले यस सम्बन्धमा

विवेचना गर्नुपर्ने हुन्छ। नक्कली शैक्षिक प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको मुद्दामा वारदात मितिको निर्धारण गर्नु अत्यन्त महत्त्वपूर्ण पक्ष हो । यस्तो अवस्थामा प्रतिवादीले पहिलो पटक त्यस्तो नक्कली प्रमाणपत्र पेस गरेको मितिलाई मात्र वारदात मिति मानेर हदम्यादको विषयलाई सो मितिले सीमित गर्न नमिल्ने।

अत: उपर्युक्त नक्कली प्रमाणपत्रको खुलासा व्यक्तिको साथमा रहेसम्म र नोकरीमा प्रवेश गर्दा वा बढुवाको कारबाही सुरूवात हुँदासम्म मात्र पनि नहुन सक्छ। त्यस विषयमा उजुर परी तथ्यहरू बुझ्दै जाँदा यकिन भइसकेपछि सो विषय खम्बिर भएको मान्नु पर्ने हुँदा त्यही समयबाट नै हदम्याद कायम गर्नुपर्ने हुन्छ । यस्तो प्रकृतिको भ्रष्टाचार मुद्दामा नक्कली प्रमाणपत्र लिएको वा नोकरीमा प्रवेश गर्दा वा बढुवाको प्रयोजनको लागि पेस भएको समयलाई नै थाहा पाएको समय मानी हदम्यादको गणना गर्दा यस क्षेत्रका फौजदारी कसुरहरूले जित्ने र त्यस्तो कसुरलाई नियन्त्रण गर्ने कानूनको भने हार हुन पुग्छ। कानूनको व्यवस्थाको उद्देश्य कानून नै पराजित हुने हुन सक्दैन र त्यसरी सम्झन र व्याख्या गर्न पनि नहुने।

पुनरावेदक प्रतिवादीले पेस गरेको प्रमाण पत्र प्रमाणीकरणबाट नक्कली रहेको पुष्टि हुन आएको हुँदा उल्लिखित नजिर सिद्धान्तसमेतको आधारमा प्रस्तुत मुद्दा हदम्यादभित्रकै रहेको देखिन आएको अवस्थामा यी पुनरावेदक प्रतिवादी सुरथबहादुर देउजा क्षत्रीले नक्कली शैक्षिक योग्यताको प्रमाण पत्र पेस गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेकोले निज प्रतिवादीलाई सोही भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९(२) बमोजिम रू.५००।- (पाँच सय रूपैयाँ) जरिवाना हुने ठहर्‍याई विशेष अदालत काठमाडौंबाट भएको फैसला मनासिब नै रहेको देखिने।

अत: विवेचित आधार, कारण र प्रमाणबाट विशेष अदालतबाट मिति २०७२।७।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गोपी विश्वकर्मा

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७५ साल माघ ८ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-२०१३, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. गोमा भुजेलसमेत*

पीडित अमृतबहादुर भुजेल र प्रतिवादी गोमा भुजेल श्रीमान् श्रीमती नाताका भई घरायसी विषयमा छलफलको क्रममा विवाद हुँदा एक अर्काले हानाहान र चिच्याउने गरेकामा अर्का प्रतिवादी सन्तोष घर्ती क्षेत्री आई हेर्दा हानाहान गरेको देखी छुट्याउने क्रममा उक्त वारदात हुन गएको देखियो। प्रतिवादीहरू गोमा भुजेल र सन्तोष घर्ती क्षेत्रीले पीडित अमृतबहादुर भुजेललाई मार्नको लागि मनसायसाथ कुनै पूर्वयोजना बनाएको र सोअनुसार पीडितलाई मार्नको लागि तयारी गरेको र मार्ने गरी प्रहार गरेको नदेखिने।

प्रतिवादीहरूलाई पीडितलाई मार्नको लागि कुनै अन्य काबुबाहिरको तत्त्वले रोकेको भन्ने पनि देखिन आएन। जोखिमी हतियार प्रहार गरेको नदेखिएको, झुक्याई एक्कासी प्रहार गरेको नदेखिएको, प्रतिवादी गोमा भुजेलको घा जाँच फारमबाट निजको शरीरमा समेत घा चोट रहेको देखिएको स्थितिमा प्रतिवादीहरूले अमृतबहादुर भुजेललाई मार्ने मनसायका साथ प्रहार गरेका र तेस्रो पक्षको अवरोधको कारण मार्न नपाएको भन्ने नदेखिएकोले पीडित र प्रतिवादीहरूबिचमा कुटपिट हुन गई पीडित घाइतेसम्म हुन गएको देखिन आयो । ज्यान मार्ने उद्योगजस्तो गम्भीर फौजदारी कसुरमा कसुर कायम गर्नको लागि आवश्यक आपराधिक मनसाय, सो मनसायअनुरूप पीडितलाई मार्नको लागि तयारी र त्यस्तो तयारीअनुरूप पीडितलाई मार्नको लागि कार्य गरेको सप्रमाण पुष्टि हुन नआएको अवस्थामा पुनरावेदन अदालत पोखराबाट प्रतिवादीहरूलाई

ज्यान मार्ने उद्योगमा सजाय गर्ने गरी सुरू अदालतबाट गरेको फैसला उल्टी गरी कुटपिटमा परिणत गरेको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

अत: उपर्युक्तबमोजिमका आधार र प्रमाणहरूको आधारमा प्रतिवादीहरूलाई ज्यान मार्ने उद्योगमा कसुरदार ठहऱ्याई भएको सुरू फैसला उल्टी गरी प्रतिवादीहरूको कार्यलाई कुटपिटमा परिणत हुने ठहर गरेको पुनरावेदन अदालत पोखराको मिति २०७२।१०।४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल साउन १४ गते रोज २ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा,** ०६८-CR-१०२०, जबरजस्ती करणी, *नेपाल सरकार वि. बलराम महतो*

जबरजस्ती करणी मुद्दामा पीडितको बेहोरालाई नै महत्त्वपूर्ण प्रमाणको रूपमा लिनुपर्ने हुन्छ । जाहेरवाला तथा अनुसन्धानको क्रममा बुझिएका राजेन्द्र, दुर्गी, रामआशिषसमेतका व्यक्तिहरू जाहेरवालाकी छोरी समयमै घरमा नआएकोले खोज्न जाँदा इँटा भट्टाबाट घर आउँदै गर्दा रूँदै प्रतिवादीले जबरजस्ती गऱ्यो भनी भनेको देखेको भनी अनुसन्धान तथा अदालतमा आई बकपत्र गरेबाट प्रतिवादीको अदालतको इन्कारी बयान खण्डित भइरहेको देखिन्छ । अदालतमा कसुरमा इन्कारी हुँदैमा यस्तो इन्कारीले स्वतः प्रमाणको स्थान ग्रहण गर्दैन । प्रतिवादीको यस्तो इन्कारी बयान मिसिल संलग्न वस्तुगत प्रमाणबाट पुष्टि हुन सक्नुपर्ने।

पुनरावेदन अदालतले वारदातभन्दा २२/२३ दिनपछि मात्र जाहेरी परेको, घटनाको प्रत्यक्षदर्शी कोही पनि नरहेको र पीडितको कथनलाई स्वतन्त्र रूपमा पुष्टि गर्ने मेडिकल जाँचलगायत कुनै ठोस प्रमाण नभएको भन्ने आधारमा प्रतिवादीलाई सफाइ दिएको देखिने।

कुनै पनि मुद्दामा जाहेरी ढिलो पर्दैमा प्रतिवादीले उन्मुक्ति पाउने कारण हुन सक्दैन । घटनाको करिब २२/२३ दिनपछि जाहेरी परी पीडितको स्वास्थ्य परीक्षण भएको र परीक्षण प्रतिवेदनमा Old Hymen Rapture भन्ने उल्लेख भएको देखिँदैमा यस्तो परीक्षण प्रतिवेदनलाई मात्र प्रतिवादीको सफाइको आधार बनाउन मिल्ने नदेखिने।

पीडिता इँटाभट्टा जस्तो ठाउँमा काम गर्न जाने १३ वर्षकी मजदुर रहेकी र प्रतिवादी सो इँटाभट्टाको मालिक रहेको भन्ने तथ्य छ । इँटाभट्टामा काम गर्ने १३ वर्षकी पीडितालाई सोही भट्टाका मालिकले कामपछि पर्खाई साथै जाने भनी भनेको तथ्य पीडितको बकपत्रबाट देखिन्छ । अरू कामदार गइसकेपछि साँझ परेपछि पीडितासँग मात्र प्रतिवादी भट्टाबाट निस्केको भन्ने तथ्य पनि देखिन्छ । निज प्रतिवादीले नियतवश पीडितालाई समयमा घर जान नदिई अबेरसम्म बसाई, साँझ परेपछि साथै जाने बहाना पारिएको भन्ने घटनाक्रमले देखाएको छ । मालिकले भनेको मान्नुपर्ने अन्यथा कामबाट वञ्चित हुनुपर्ने हुँदा कामदारलाई प्रतिवादीले अनुचित प्रभावमा पार्ने कार्य गरेको पनि देखिने।

छोरी कामबाट अबेरसम्म फर्की नआएपछि गाउँले समेत भई खोजी गर्न जाँदा रूँदै पीडिता आएकी र निजउपर भएको घटनाको बारेमा निज पीडितले भनेको तथ्यको बारेमा तत्काल निज पीडितलाई भेट्ने घर ल्याउने व्यक्तिहरूले मौकामा अनुसन्धानको क्रममा र अदालतमा आई गरेको बकपत्र प्रस्तुत मुद्दामा महत्त्वपूर्ण छ । बिनाआधार कारण आफू काम गर्ने इँटाभट्टाका मालिकलाई पीडिताले आरोप लगाउनु पर्ने अवस्था पनि देखिन नआउने।

तसर्थ, उल्लिखित आधार कारणबाट प्रतिवादी बलराम महतोले पीडितलाई जबरजस्ती करणी गरेको पुष्टि हुन आएको देखिँदा निजलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालत राजविराजको

मिति २०६८।३।१ को फैसला उल्टी भई प्रतिवादी बलराम महतोलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको तत्काल प्रचलित कानून ३ नं. मा रहेको व्यवस्थाअनुसार ७ वर्ष कैद सजाय हुने ठहर्छ । क्षतिपूर्तिबापत आधा अंश भराइदिनुभन्दा मनासिब क्षतिपूर्ति अङ्क निर्धारण गर्नु वर्तमान सन्दर्भमा मनासिब देखिएको र प्रतिवादी बलराम महतोको अदालतमा भएको बयानको सवाल जवाफ १५ बाट निजको ४।५ विगाह जग्गा रहेको, परिवारको संख्या १५ जना भएको भन्नेसमेत देखिँदा सो तथ्यलाई समेत विचार गरी ईँट्टाभट्टा सञ्चालक प्रतिवादी बलराम महतोबाट पीडित बालिकालाई रू.२५,०००।- (पच्चीस हजार रूपैयाँ) क्षतिपूर्ति भराई दिने ।

इजलास अधिकृतः केदारनाथ पौडेल, कालिबहादुर साम्यू लिम्बू

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ मङ्सिर २७ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६९-CI-०२५९, नामसारी निर्णय बदर, बकसपत्र लिखत दर्ता बदर, दर्ता कायम, *कौशिला लिम्बू वि. बसन्तमाया लिम्बूसमेत*

मालपोत कार्यालय, सुनसरीको मि.नं. १७ मा निवेदक ठाकुर सिंह लिम्बू भएको जग्गा नामसारी गरिपाउँ भन्ने निवेदनमा पत्नी वसन्तमाया लिम्बूका नाउँमा कि.नं. ८९ को ज.वि. ०-१-१२ जग्गा दर्ता रहेको अवस्थामा नै ०३९ सालदेखि घर छाडी बेपत्ता भएकोले उक्त जग्गा मेरो नाममा नामसारी गरिपाउँ भनी निज ठाकुर सिंह लिम्बूको निवेदन परी मालपोत कार्यालय, सुनसरीबाट मिति २०५७।१०।४ मा निवेदन मागबमोजिम नामसारी गरिदिने निर्णय भएको र सोही जग्गा निज ठाकुर सिंह लिम्बूले छोरी कौशिला लिम्बूलाई मिति २०५८।१०।४ मा बकसपत्र लिखत पारित गरिदिएको देखिने ।

वसन्तमाया लिम्बू जीवितै रहे भएको अवस्थामा बेपत्ता भएको भनी नामसारी निर्णय गराई उक्त जग्गा निजको पतिको नाउँमा नामसारी गराएको देखिन्छ । वसन्तमाया जीवित छँदाछँदै निजको नाउँमा दर्ता रहेको जग्गा अन्य व्यक्तिको नाउँमा दर्ता गरी हा.ब. गरिदिने कार्य भएको छ । जग्गावाला स्वयम् जीवितै रहेको अवस्थामा निजका नामको जग्गा जुनसुकै बेहोराबाट नामसारी गराएको वा लिए दिएको कार्य कानूनसङ्गत मान्न मिल्ने नदेखिने ।

नामसारी गर्ने क्रिया नै दूषित भएकोले तत्पश्चात् हकहस्तान्तरण गरिदिने कार्यसमेत स्वतः दूषित हुन्छ । दूषित तवरबाट भएका कार्यहरूमा हदम्याद लाग्ने हुँदैन । विवादित जग्गामा अरू कसैको अंश हक लाग्ने भएमा सोही कानूनी प्रक्रियाबाट कानूनी उपचार प्राप्त हुनसक्ने नै देखिने ।

अतः विवेचित आधार र कारणबाट दूषित तवरबाट भएका कार्य बदर गरी पूर्ववत् रूपमा यथास्थितिमा सम्पत्तिको स्वामित्व कायम गर्ने गरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०६८।१२।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल फागुन ६ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई,** ०६७-WO-०८८१, उत्प्रेषण, *रामकुमार थापा वि. महानगरीय प्रहरी आयुक्तको कार्यालय, रानीपोखरी काठमाडौंसमेत*

निवेदकको घरमा मिति २०६५।५।१६ मा अ.बं. ११० नं. अनुसार म्याद सूचना टाँस भएको देखिन्छ । यी निवेदकको घर ठेगानामा म्याद सूचना टाँस गरी हाजिर हुन आउन सूचित गर्दासमेत कार्यालयमा सम्पर्क राख्न नगएकोले निज भागी पत्ता नलागेको श्रेणीभित्र परेको भन्ने मिसिलबाट देखिन आउँछ । भागी पत्ता नलागेको हकमा नियम ८९(२) अनुसार सेवाबाट हटाउनुअघि सफाइको मौका दिनुपर्ने पनि आवश्यक देखिन आएन । रिट निवेदकको आमा एवम् आफूसमेत

बिरामी भई बिदा बस्नुअगावै बिदा स्वीकृत गरिपाउँ भनी निवेदन दिएको वा हुलाकसमेतबाट बिदाको निवेदन पठाएको भन्ने जिकिर पनि लिन सकेको देखिँदैन। बिरामी परी उपचाररत अवस्थामा रही आफू कार्यालयमा हाजिर हुन नसकेको भन्ने निवेदन जिकिर रहे पनि निजले प्रहरी सेवाभित्रै प्राप्त हुने स्वास्थ्य उपचारको सेवा पनि लिन सकेको नदेखिने।

कुनै पनि क्षेत्रमा कार्यरत व्यक्तिले आफ्नो पेशासँग सम्बन्धित अनुशासन र आचरणको जानकारी हुनुपर्छ र त्यसलाई पालना र त्यसको अनुशरण गर्नुपर्छ भन्ने सामान्य समझको कुरा हो । यी रिट निवेदकले लामो समयसम्म आफूखुसी आफ्नो कार्यस्थलबाट अनुपस्थित रहेकोमा विवाद नरहेको र अख्तियारवालाले आवश्यक कानूनी कार्यविधि अवलम्बन गरी निवेदकलाई नोकरीबाट हटाउने गरेको निर्णयमा कुनै कानूनी त्रुटि विद्यमान रहेको देखिन नआउने।

रिट निवेदक कार्यस्थलमा गैरहाजिर रहेको आधारमा कारबाही गर्ने अधिकारप्राप्त अधिकारीबाट प्रहरी नियमावली, २०४९ को नियम ८८(झ) को कसुरमा ऐ. नियमावली, २०४९ को नियम ८९ को उपनियम (२) को प्रतिबन्धात्मक वाक्यांश (ग) का आधारमा ऐ. नियमावलीको नियम ८४ को देहाय (छ) बमोजिम महानगरीय प्रहरी आयुक्तको कार्यालयका प्रहरी उपरीक्षकबाट मिति २०६५।६।१ मा निवेदकलाई भविष्यमा सरकारी सेवाबाट अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी भएको निर्णय र त्यस निर्णयलाई सदर हुने ठहऱ्याएको पुनरावेदन तह महानगरीय प्रहरी आयुक्तको कार्यालयका प्रहरी नायब महानिरीक्षकबाट मिति २०६७।७।१८ मा भएको निर्णय कानूनसङ्गत नै हुँदा यी निवेदकको संवैधानिक वा कानूनी हकमाथि आघात परेको नदेखिने।

अतः विवेचित कानूनी व्यवस्था, आधार र कारणबाट निवेदकको मागदाबीबमोजिम आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नहुँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: विद्याराज पौडेल
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७४ साल फागुन ८ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६८-WO-०५७३, उत्प्रेषण, *शैलेन्द्रकुमार सिंह वि. मध्य क्षेत्रीय प्रहरी कार्यालय, कर्मचारी प्रशासन शाखा, हेटौंडासमेत*

कुनै पनि क्षेत्रमा कार्यरत व्यक्तिले आफ्नो पेसासँग सम्बन्धित अनुशासन र आचरणको जानकारी हुनुपर्छ र त्यसलाई पालना र त्यसको अनुशरण गर्नुपर्छ भन्ने सामान्य समझको कुरा हो । रिट निवेदकले लामो समयसम्म आफूखुसी आफ्नो कार्यस्थल छोडी अनुपस्थित रहेकोमा विवाद देखिएन । निवेदकलाई यसअघि पनि कार्यालयमा गैरहाजिर रहेको कसुरमा पटकपटक नसिहत पदोन्नति रोक्का तथा तल्लो टाइम स्केलमा घटुवाको कारबाही भएको भन्ने देखिन्छ । निवेदकलाई सुध्रिने अवसर पटकपटक दिइएकोमा सोही कसुर पुनः दोहोऱ्याई ४५ दिनसम्म बिनासूचना आधिकारिक पदाधिकारीबाट स्वीकृति नलिई गैरहाजिर रहेको भन्ने देखियो। अतः अख्तियारवालाले आवश्यक कार्यविधि अवलम्बन गरी निवेदकलाई नोकरीबाट हटाउने गरेको निर्णयमा कुनै कानूनी त्रुटि विद्यमान रहेको नदेखिँदा यी निवेदकलाई सेवाबाट हटाउन गरिएका निर्णयहरू कानूनसङ्गत नै देखिने।

रिट निवेदक मिति २०६६।४।१९ गतेदेखि कोही कसैलाई नसोधी आफूखुसी लाईन ब्यारेक छाडी बिनासूचना ४५ दिनसम्म गैरहाजिर रहेको प्रहरी कर्मचारीलाई संगठनमा राखी राख्न उपयुक्त नभएको भनी प्रहरी नियमावली, २०४९ को नियम ८८(ङ) र (झ) को कसुरमा नियम ८९(२) बमोजिम रीत पुऱ्याई रहन नपर्ने भएकोले नियम ९३(२)(ख) ले दिएको अधिकार प्रयोग नगरी नियम ८४(छ) बमोजिम

भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी जिल्ला प्रहरी कार्यालय, महोत्तरीका प्रहरी उपरीक्षकबाट मिति २०६६।५।३१ गते भएको निर्णय पर्चा र त्यस निर्णयलाई सदर हुने ठहऱ्याएको पुनरावेदन तह मध्य क्षेत्रीय प्रहरी कार्यालय, हेटौंडाका प्रहरी नायब महानिरीक्षकबाट मिति २०६८।६।२५ मा भएको निर्णयले यी निवेदकको संवैधानिक एवम् कानूनी हकमाथि आघात परेको नदेखिँदा निवेदकलाई सेवाबाट हटाउने गरिएका निर्णयहरू गैरकानूनी देखिन नआएको हुँदा उक्त निर्णयहरू निवेदन मागबमोजिम बदर गर्नुपर्ने नदेखिने।

अतः विवेचित कानूनी आधार कारणबाट निवेदकको मागदाबीबमोजिम आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन । प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल फागुन ८ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-CR-००२९, लागु औषध (ब्राउन सुगर), *उदयबहादुर कार्की वि. नेपाल सरकार*

अभियोग पत्रसाथ पेस भएका प्रतिवादीहरूको मौकामा भएको बयान र सुरू अदालतमा भएको बयानलाई विश्लेषण गर्दा प्रदिपकुमार बानियाले भारत रक्सौल बस्ने शेष ओहावसँग खरिद गरिएको लागु औषध तहतह हुँदै विरबहादुर तामाङ र कृष्ण भन्ने उदयबहादुर कार्कीले माइकल भन्ने व्यक्तिलाई बिक्री गर्न लागेको अवस्थामा पक्राउ पर्नुले योजनाबद्ध रूपमा संगठित रूपले वारदात भएको देखिएको र निजहरूले अनुसन्धानको क्रममा गरेको बयान, घटनास्थलको प्रकृति, वारदात भएको लागु औषधको मात्रा हेर्दा आरोपित कसुर गरेको देखिन आउने।

प्रतिवादीहरूको बयान बरामदी मुचुल्का, पक्राउ गर्ने प्रहरी प्रतिवेदनलगायतका कागज प्रमाणबाट पुनरावेदक प्रतिवादी कृष्ण भन्ने उदयबहादुर कार्कीसमेत उल्लिखित लागु औषध बिक्री गर्ने कार्यमा संलग्न भएको पुष्टि हुन आएकाले अभियोग दाबीबमोजिम कसुरदार नै रहेछन् भन्ने देखिन आयो । यसैले यी प्रतिवादी उदयबहादुरको हकमा अभियोग दाबी पुग्ने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर गरी भएको पुनरावेदन अदालत पाटनबाट भएको फैसला कानूनसम्मत नै देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

अत: उपर्युक्त आधार प्रमाण एवम् उल्लिखित सिद्धान्तको रोहमा काठमाडौं जिल्ला अदालतबाट अभियोग दाबीबमोजिम प्रतिवादी कृष्ण भन्ने उदयबहादुर कार्कीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ)(ङ)(च) विपरीतको कसुर अपराधमा ऐ. ऐनको १४(१)(छ)(३) अनुसार १५ वर्ष कैद र रू.पाँच लाख जरिवाना गर्ने गरी भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।१०।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७४ साल मङ्सिर ६ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६८-CI-०८३६, दोहोरो जनाएको स्रेस्ता कट्टा गरी जग्गा दर्ता नामसारी गरिपाउँ, *हरिकृष्ण प्रधान वि. उर्मिला कुँवर*

कि.नं.१७५ को क्षेत्रफल २-२-२-० जग्गासमेत पुष्पराज कुँवर र विष्णुकुमारी कुँवरका नाउँमा संयुक्त दा.खा. दर्ता कायम रहने गरी अंश दपोट मुद्दाका पुनरावेदकहरू पुष्पराज कुँवर र विष्णुकुमारी कुँवर र प्रत्यर्थी तिर्थराज कुँवरका बिचमा पुनरावेदन अदालत पाटनमा मिति २०६४।९।२३ मा मिलापत्र भएकोमा उक्त अंशदपोट मुद्दाको मिलापत्र बदर गरिपाउँ भनी यिनै पुनरावेदक वादी हरिकृष्ण प्रधानले प्रतिवादी तिर्थराज कुँवरको मु.स.गर्ने उर्मिला कुँवर

र विष्णुकुमारी कुँवरसमेतउपर काठमाडौं जिल्ला अदालतमा दायर गरेको ०७१-CP-३१७३ नं. को मुद्दामा यिनै पुनरावेदक वादीले तारेख गुजारेको कारण मिति २०७२।११।१४ मा डिसमिस फैसला भई उक्त मुद्दा अन्तिम भएको मिसिलबाट देखिन आएकोले उक्त जग्गामा यी पुनरावेदक वादीको दाबीअनुसार हक स्थापित गराएको वा स्थापित हुनसक्ने अवस्था देखिन नआउने।

आफैँ अदालतमा मुद्दा दायर गरी हक स्थापनाको लागि अग्रसर हुने र आफैँ मुद्दा डिसमिस गर्ने वातावरण तयार गर्ने यी वादीले आफूले आफ्नो दाबी प्रमाणित गर्न असमर्थ रहेको तथ्य स्वीकार गरेको मान्नु पर्ने देखिने।

व्यक्तिको स्वामित्वमा असर नपर्ने गरी मालपोत ऐन, २०३४ को दफा ७(३) बमोजिम जग्गावालाको नाम, थर, वतन उमेर वा जग्गाको कित्ता नम्बर क्षेत्रफल किसिम फरक परेमा वा दोहोरो दर्ता हुन गएमा मात्र मालपोत कार्यालयले आवश्यक जाँचबुझ गरी सो कुरा सच्याई दर्ता कायम गर्न सक्नेमा विवादित विषयमा निवेदकको नाम संयुक्त दर्तावालाको नामबाट कटाई दिँदा निजको हक स्वामित्वमा असर पर्दैन भन्न सकिने अवस्था नभएको आधारमा उक्त मुद्दामा मालपोत कार्यालयको निर्णय बदर गरिएको अवस्था देखिने।

प्रस्तुत मुद्दामा मिति २०२९।२।१० मै मोही तिर्थराज कुँवरको नाममा जग्गा दर्ता भई स्रेस्ता प्रमाणित भएको र निजको परिवारभित्रैको अंशदपोट मुद्दामा अंशियारहरूबिच भएको मिलापत्र बदर गराउन यी निवेदकले अदालतमा मुद्दा दायर गरे पनि आफैँले तारेख गुजारी मुद्दा डिसमिस हुने वातावरण सिर्जना गरेको अवस्था देखिँदा उक्त नि.नं.६०५८ मा प्रतिपादित सिद्धान्त यस मुद्दाको सन्दर्भमा आकर्षित हुने देखिएन। अतः पुनरावेदन अदालत पाटनको फैसला मनासिब नै देखिएबाट सो फैसला बदर गरी मेरो सुरू निवेदन दाबी तथा पुनरावेदन जिकिरबमोजिम गरिपाउँ भन्ने वादीको पुनरावेदन जिकिरसमेत विश्वसनीय र युक्तियुक्त नदेखिँदा सुरू मालपोत कार्यालय, काठमाडौंबाट भएको निर्णय सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला अन्यथा मान्न नमिल्ने।

तसर्थ, विवेचित आधार र कारणसमेतबाट मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंबाट भएको निर्णय सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६५।३।२९ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल वैशाख २५ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६६-CI-१०४४, फैसला बदर, *ओमकला रिजालसमेत वि. नारायण रिजालसमेत*

विवादित स्थानको मिति २०६४।३।२ मा नक्सा मुचुल्का भएको र सो नक्सा मुचुल्कामा न.नं. १७ को जग्गाको पश्चिमतर्फ विटौरी लगत नं. १२१ बाट रेश्मीराज पन्त नारायणपन्तले दर्ता गरी घर निर्माण गरी भोग गरिरहेको भन्नेसमेत सोही नक्सा मुचुल्काबाट देखिन्छ। साबिक विटौरी लगत १२२ को क्षे.फ. ०-०-२.८५ धुरको जग्गा विवादित स्थानमा नभई अन्यत्र रहेको छ भनी विपक्षीले देखाउन सकेकोसमेत नदेखिने।

लगत नं. १२१ को पूर्वतर्फ लगत नं. १२२ को जग्गा रहेको हुँदा विवादित जग्गा सोही लगत नं. १२२ कै देखिन आयो। वादी दाबीको जग्गा विटौरी लगत १२२ कायम भई तिरो भरो भइरहेकोसमेत देखियो। यस्तो तिरोभरोको प्रमाणको जग्गाको स्वामित्व निर्धारणमा महत्त्वपूर्ण स्थान रहने।

२०६३ सालमा नयाँ नापी भई विवादित लगत नं. १२२ को ०-०-२.८५ धुर जग्गा कि.नं. ५६ मा नापी भएको र सोही लगतकै आधारमा विपक्षी नगरपालिकाले ४ किल्ला सिफारिससमेत मिति २०६९।६।१ मा मालपोत कार्यालयबाट सो कि.नं. ५६ को जग्गा पुनरावेदकहरूको नाउँमा दर्ता गरी पुनरावेदकहरूले जग्गाधनी पुर्जासमेत पाइसकेको

प्रमाणमा रहेको नं. १८४ को मिसिलबाट समेत देखिन आउने।

प्रमाणमा रहेको निषेधाज्ञा मुद्दामा भएको नक्सा मुचुल्कामा यी वादीमध्येका गोविन्द रिजाल रोहबरमा बसेको भन्ने आधारमा मात्र प्रमाणहरूबाट आफ्नो हकभोग र स्वामित्वमा रहेको जग्गामा असर पर्छ भन्नु न्यायको रोहमा उचितसमेत नदेखिने।

प्रकाश चित्रकारले प्रतिवादी नारायण रिजाललाई मिति २०५२।२।९ मा पारित गरिदिएको राजीनामा लिखतमा उत्तर सडक उल्लेख भई वादी दाबीको लगत नं. १२२ को क्षे.फ.०-०-२.८५ धुर जग्गासमेत समावेश भएको देखिन आउने।

मिति २०५२।२।९ को राजीनामाको लिखतमा उत्तर किल्ला यी वादीहरूलाई देखाउनु पर्नेमा नदेखाई सडक देखाई वादीहरूको सो जग्गासमेत उक्त चौकिल्लाभित्र पारी किल्ला कायम भएको देखिन आएबाट सो फैसलाहरूबाट पुनरावेदक वादीहरूको हकमा असर पर्न गएको देखिन आउने।

उपर्युक्त आधार कारण र प्रमाणहरूबाट वादी दाबी पुग्ने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी वादी दाबी नपुग्ने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट भएको मिति २०६६।३।२३ को फैसला मिलेको नदेखिँदा उल्टी भई सो हदसम्म दाबीबमोजिम फैसला बदर र उत्तर किल्ला बदर हुने ठहऱ्याएको सुरू रूपन्देही जिल्ला अदालतको फैसला सदर हुने।

इजलास अधिकृतः केदारनाथ पौडेल
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७४ साल कात्तिक १३ गते रोज २ शुभम्।

- यसै लगाउको ०६६-CI-१०४५, किल्ला बदर, *ओमकला रिजालसमेत वि. नारायण रिजालसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६७-CI-१०९२, लेनदेन, *युगिन्द्र मगर वि. कुमारबहादुर राजभण्डारी*

विवादित कपाली तमसुक मिति २०६२।१२।१७ मा तयार भएको देखिन्छ । सो तमसुकमा प्रतिवादी युगिन्द्र मगरको ल्याप्चे सही बायाँ शिर र दायाँ पुच्छर दुवै स्थानमा रहेको देखिन्छ । लिखतको साक्षी नवराज भण्डारी र अरू साक्षीहरू डिकबहादुर श्रेष्ठ र नवराज बानिया रहेको देखिन्छ । यस कपाली तमसुकमा रहेको ल्याप्चे सहिछाप आफ्नो रहेको तथ्य प्रतिवादीले प्रतिउत्तर जिकिरबाट नै स्वीकार गरेको पाइन्छ । सो ल्याप्चे सहिछाप प्रतिवादीले अरूको लेनदेनमा साक्षी बस्नको लागि खाली लिफामा सहिछाप गरेको हो, तर वादी दाबीबमोजिमको लेनदेनको लागि होइन भन्ने जिकिर लिएको पाइन्छ । साक्षी बस्नलाई खाली लिफामा शिर पुच्छरमा आफ्नो दायाँ बायाँ दुवै बुढी औंलाको ल्याप्चेछाप नै आवश्यक पर्न जाने देखिँदैन। विवादित तमसुकमा लागेको ल्याप्चे आफ्नो रहेको तथ्य प्रतिवादीले स्वीकार गरेको अवस्थामा साक्षी बस्नकै प्रयोजनार्थ खाली लिफामा प्रतिवादीले शिर पुच्छर दुवै स्थानमा दायाँ बायाँ बुढी औंलाको ल्याप्चे छाप लगाएको तथ्य एकआपसमा तादाम्यता रहेको देखिन नआउने।

प्रतिवादीले वादीसँग मिति २०६३।१२।१६ सम्म कुनै चिनजान नरहेको भनी जिकिर लिएको पाइन्छ । आफूले मिति २०६३।१२।१७ को साँझ १७:०० बजेको समयमा वादीकै घर चाबहिल जयबागेश्वरीमा खाली लिफामा साक्षी बस्ने प्रयोजनार्थ ल्याप्चे सहिछाप गरेको हो भन्ने जिकिरसमेत रहेको छ। सुरू ओखलढुङ्गा जिल्ला अदालतमा अ.बं.७८ नं. को बयानमा समेत प्रतिवादीले सो बेहोरा स्वीकार गरेका छन् । प्रस्तुत मुद्दा मिति २०६३।१२।१८ मा ओखलढुङ्गा जिल्ला अदालतमा दर्ता भएको देखिन्छ । १७ गते लिखतमा साक्षी बसेको भनेको विषय भोलिपल्ट ओखलढुङ्गा जिल्ला अदालतमा मुद्दा दर्ता हुन उक्त बखतको यातायातको सुविधा नभएको स्थितिमा सम्भव देखिँदैन। २०६३ सालमा

काठमाडौंबाट ओखलढुङ्गासम्म सहज यातायात सुविधासमेत भई नसकेको हुँदा फिरादमा उल्लेख भएजस्तो ५ बजेसम्म काठमाडौंमा गरेको कागज भोलिपल्टै ओखलढुङ्गा जिल्ला अदालतमा दर्ता गर्न प्रतिलिपि लगेको भनी अनुमान गर्न मिल्ने नदेखिने।

वस्तुतः प्रतिवादीले जिकिर लिएझैं अघिल्लो दिनसम्म चिनजान नभएको व्यक्तिलाई साक्षी बस्नकै लागि खाली लिफामा शिर पुच्छर दुवै स्थानमा आफ्नो दायाँ बायाँ दुवै बुढी औंलाको ल्याप्चे सहिछाप गर्नुपर्ने मनासिब कारण देखिँदैन। प्रतिवादी करकापमा परेको अवस्था पनि देखिन आएको छैन। आफूले खाली लिफामा ल्याप्चे सहिछाप गरेको मिति २०६३।१२।१७ को १७:०० बजे भनी लिएको जिकिरसमेत खम्बिर हुन सकेको छैन। प्रतिवादीले आफ्नो साक्षीसमेत अदालतमा उपस्थित गराउन सकेको देखिँदैन। वादी प्रतिवादीबिच लिखतसमेत गरी रकम लेनदेन भएको देखिन आएबाट वादी दाबीबमोजिम वादीले प्रतिवादीबाट साँवा ब्याज भराई पाउने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट भएको फैसला अन्यथा भन्न मिलेन। प्रतिवादीको पुनरावेदन जिकिर तथा निजको तर्फबाट उपस्थित कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः पुनरावेदन अदालत राजविराजबाट सुरू ओखलढुङ्गा जिल्ला अदालतबाट भएको फैसला उल्टी हुने ठहर गरी वादी दाबीबमोजिम नै वादीले प्रतिवादीबाट साँवा ब्याज रकम भराई पाउने ठहऱ्याई मिति २०६६।११।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कालीबहादुर साम्यू लिम्बू

इति संवत् २०७५ साल माघ ३ गते रोज ५ शुभम्।

९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** ०७४-WH-००७५, बन्दीप्रत्यक्षीकरण, *रोशन थापा वि. बाँके जिल्ला अदालतसमेत*

संवत् २०७० सालको मुद्दा नं.२१५।३६६ को अनिता मैदालीसमेतको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी रोशन थापा भएको वैदेशिक रोजगार कसुर मुद्दामा प्रतिवादी रिट निवेदक रोशन थापा मिति २०७०।०९।१८ मा धरौट राखी थुनाबाट छुटी तारेखमा रहेको पाइन्छ। सो मुद्दामा निज प्रतिवादी मिति २०७०।१२।१३ देखि तारेख गुजारी फरार रहेको पाइन्छ। सोही फरार रहेको अवस्थामा जाहेरवाला बोमबहादुर घर्ती मगरसँग रिट निवेदक रोशन थापाले ताइवान सेक्युरिटी गार्डको वैदेशिक रोजगारीमा पठाइदिने भनी मिति २०७१।७।५ मा रू.१९,८०,०००।- को कागज गरेको पाइने।

प्रतिवादी रोशन थापाले आफूलाई ताइवानमा वैदेशिक रोजगारको प्रलोभन देखाई वैदेशिक रोजगारको कसुर गरेको भनी जाहेरवाला बोमबहादुर घर्ती मगरले मिति २०७१।१०।१८ मा जाहेरी दिई अभियोगपत्र मिति २०७१।११।०८ मा दायर भएको पाइन्छ। सोही मुद्दामा रिट निवेदकलाई वैदेशिक रोजगार कसुरमा ३ वर्ष कैद र रू.३,००,०००।- जरिवाना हुने ठहर भई मिति २०७२।१०।१२ मा फैसला भएको देखिने।

अनिता मैदालीसमेत जाहेरवाला भएको वैदेशिक कसुर मुद्दामा धरौटी राखी थुनाबाट छुटेको अवस्थामा निज प्रतिवादीले पुनः अर्को वैदेशिक रोजगार कसुर गरेको भन्ने देखिन्छ। पहिलो मुद्दा फैसला भई निवेदकलाई कैद जरिवाना हुने ठहर भएपछि दोस्रो मुद्दामा छुट्टै कैद र जरिवाना ठहरी फैसला भएको देखिने।

अभियोग लागी कारबाहीको क्रममा कुनै व्यक्ति थुनाबाट छुटी जान सक्ने अवस्था कानूनले नै निर्दिष्ट गरेको छ। त्यस्तो थुनाबाट छुटी गएकोमा निजै प्रतिवादीले पुनः अर्को कसुर गरेको र फैसलाहरू अलगअलग मितिमा भएको स्थितिमा यस प्रकारको कसुर गरिरहने पटके कसुरदारको हकमा पछि गरेको कसुरबापत ठहर भएको कैद थप गरी ठेक्न पर्ने मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. को अन्तिम प्रतिबन्धात्मक वाक्यांशले स्पष्ट पारेको देखिन्छ। वैदेशिक रोजगारको कसुरमा अभियोग लागी मुद्दा

दायर भई धरौटी तारेखमा रहेकोमा तारेख गुजारी पुनः अर्को कसुर गरेको देखिँदा निवेदकको हकमा उक्त दण्ड सजायको महलको ४१ नं. को प्रतिबन्धात्मक वाक्यांशको कानूनी व्यवस्था आकर्षित हुने नै देखिने।

कसुरदारलाई सुध्रिने अवसर दिई धरौटी तारेखमा रहेकोमा सोतर्फ सजग नरही आपराधिक गतिविधि गर्ने कसुरदारले जानीजानी कानूनको बर्खिलापजन्य कार्यहरू गरेको हुन्छ । त्यस प्रकारको कसुरदारलाई कानूनले नै पछि ठहर भएको कैदसमेत थपी कैद गर्नुपर्ने कठोर दण्डनीति अपनाएको देखियो। तसर्थ, निवेदकलाई अदालतको फैसलाअनुसार कानूनी व्यवस्थाबमोजिम नै थुनामा राख्ने गरी कैद ठेकिएको र सो ठेकिएको कैद संशोधन नहुने गरी सुरू बाँके जिल्ला अदालतको मिति २०७४।९।७ को आदेश सदर गर्ने गरी उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासको मिति २०७४।१०।२५ को आदेश गैरकानूनी नदेखिने।

अतः निवेदक कानूनबमोजिम नै थुनामा रहेको देखिँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: कालिबहादुर साम्यू लिम्बू
कम्प्युटर: चन्द्रशेर राना
इति संवत् २०७५ साल जेठ २५ गते रोज ६ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-१७१९, वैदेशिक रोजगार कसुर, *सुनिलकुमार लामा वि. नेपाल सरकार*

प्रतिवादीले जाहेरवालाहरूलाई कागज भएका मितिले ४ महिनाभित्र वैदेशिक रोजगारका लागि अमेरिका पठाइदिने भनी किनारामा साक्षीसमेत राखी मिति २०६८।८।१४ मा जाहेरवालाहरू विष्णु रानाभाट र ईना गुरूङबाट जनही रू.१०/१० लाखका दरले जम्मा रू.२० लाख रूपैयाँ लिनु दिनु गरेको र सो भाखाभित्र अमेरिका पठाउन सकिन भने तपाइँ धनीहरूले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ अन्तर्गत हुने हदैसम्मको सजाय गरी मेरो अन्य घर घरानाको चल अचल जायजेथाबाट साँवा ब्याजसमेत एकमुष्ट असुलउपर गरी लिएमा मन्जुर छ भन्ने बेहोरा उल्लेख गरेको पाइन्छ। लिखत प्रमाणलाई नै सर्वोत्तम प्रमाणको रूपमा प्रमाण कानूनले ग्रहण गर्दछ। जबसम्म लिखतमा स्पष्ट रूपमा उल्लेख भएको कुरा अन्यथा प्रमाणित हुँदैन तबसम्म सो लिखत कानूनसम्मत छ, तथ्ययुक्त छ र प्रमाणयोग्य हो भनी अदालतले ग्रहण गर्नुपर्ने।

पुनरावेदक प्रतिवादीले यस अदालतमा पुनरावेदन गर्दा मिति २०६८।८।१४ मा तयार भएको वैदेशिक रोजगार नामक तमसुक जबरजस्ती करकापमा गराइएको हो । असुरक्षाको स्थिति सिर्जना हुने गरी विपक्षीले पठाएको एस.एम.एस. मसँग छ भन्ने तर्कको सन्दर्भतर्फ विचार गर्दा निज प्रतिवादीलाई त्यस खालको सुरक्षा चुनौती थियो भने करकापबाट छुटकारा पाएपछि शान्ति सुरक्षाको माग गरेको तथा जबरजस्तीबाट छुटकारा पाएको मितिले ऐन, कानूनका म्यादभित्र सक्षम निकायबाट सो लिखत बदर गराएको पनि पाइएन । यी पुनरावेदक प्रतिवादी सुनिलकुमार लामाले वैदेशिक रोजगारमा पठाउने अनुमति लिएको देखिँदैन । वैदेशिक रोजगारमा पठाउने अनुमति नभएकाले वैदेशिक रोजगारमा पठाउने कार्य गरेमा कसुर ठहरिने, वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र दफा ४३ मा उल्लेख भएको पाइने।

वैदेशिक रोजगारमा पठाउँछु भनी जाहेरवालाहरूसँग यी प्रतिवादीले रू.२० लाख बुझिलिई लिखत कागज गरिदिएको र सो लिखत कागज अन्यथा नभएको अवस्थामा वैदेशिक रोजगारमा पठाउने अनुमति नै नलिएका यी पुनरावेदक प्रतिवादी सुनिलकुमार लामाले गरेको उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसुर गरेकै देखिन आउने।

तसर्थ प्रतिवादीले आरोपित कसुर गरेको भए

तापनि जाहेरवालाहरूलाई विदेश पठाइसकेको अवस्था भने विद्यमान नदेखिँदा निज प्रतिवादीलाई सोही ऐनको दफा ४३ बमोजिम २ (दुई) वर्ष कैद, रू. २ लाख जरिवाना, जाहेरवालाहरूको रू.२० लाख बिगो र सो बिगोको ५० प्रतिशतले हुने हर्जाना रू.१०,००,०००।- (दश लाख) समेत जम्मा रू.३०,००,०००।– (तीस लाख) रूपैयाँ जाहेरवालाहरूले प्रतिवादीबाट भराई पाउने ठहऱ्याएको सुरू वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः विकास श्रेष्ठ

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल फागुन २३ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७०-WO-१०३०, उत्प्रेषण / परमादेश, *मृगेन्द्रबहादुर प्रधान वि. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सानोठिमी, भक्तपुरसमेत*

निवेदकले काभ्रेको माध्यमिक विद्यालयबाट २०४३ सालमा टेष्ट परीक्षा उत्तीर्ण गरेको कुरामा विवाद छैन । त्यसपछि निजलाई एसोसिएसन फ्रान्स नेपाल BRIE पनौती भन्ने संस्थाको अध्यक्षसमेत रहेका फ्रान्सेली नागरिक Robert Le Foll ले फ्रान्समा लगेर अध्ययन गराएको देखिन्छ । निवेदकले Le Proviseur du Lycee "Georges CORMIER" भन्ने संस्थामा सन् १९८८ मा भर्ना भई BREVET D'ETUDES PROFESSIONNELLES भन्ने कोर्ष उत्तीर्ण गरी त्यसपछि सोही संस्थामा लगातार थप २ वर्षसहित जम्मा ४ वर्ष अध्ययन गरी BACCALAUREAT PROFESSIONAL भन्ने कोर्ष उत्तीर्ण गरी इन्जिनियरिङसरहको कोर्स पूरा गरेकाले प्रशिक्षकमा नियुक्ति दिएको पाइयो। त्यसपछि मिति २०५७।०६।११ देखि पनौती प्राविधिक शिक्षालयमा अटोमोबाइल प्रशिक्षक अधिकृत स्तर तृतीय श्रेणीको पदमा करार सेवामा रही काम गरेको र यसै क्रममा पनौती प्राविधिक शिक्षालय २०६० साल भाद्र ११ गते CTEVT लाई हस्तान्तरण भएको पाइयो। निवेदकले मिति २०६२।३।९ देखि उपप्रमुखको जिम्मेवारीसमेत सम्हालेको देखिन्छ । यसैबिचमा परिषद्बाट अटोमोबाइल प्रशिक्षकको विज्ञापन भएकोमा निवेदकसमेत २ जना उम्मेदवारको नाम नियुक्तिको लागि सिफारिस गरेबमोजिम अधिकृतस्तर तृतीय श्रेणी प्राविधिक पदमा निवेदकलाई स्थायी नियुक्ति तथा पदस्थापना गरिएको पाइयो । मिति २०६६।३।२ को अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्रबाट एस.एल.सी. उत्तीर्ण नै नगरी सोझै Le Proviseur du Lycee "Georges CORMIER" College बाट Diploma in Engineering सरहको समकक्षता निर्धारण गरेको देखिएको, तर एस.एल.सी. परीक्षा उत्तीर्ण गरेको नदेखिएको अवस्थामा प्रविणता प्रमाणपत्र तहले मान्यता पाउन सक्ने अवस्था नभएकोले विवादित पदमा नियुक्ति पाउने योग्यता पुगेको नदेखिएको हुँदा पदबाट हटाउन नपर्ने कारण भए स्पष्टीकरण पेस गर्न भनी स्पष्टीकरण सोधिएको पाइयो । निवेदकले स्पष्टीकरण पेस गरेपछि तीन महिनाभित्र आवश्यक कारबाही गर्न भनी आयोगबाट परिषद्मा लेखी पठाएको देखिन्छ । सोही आधारमा परिषद्बाट स्पष्टीकरण सोधिएको देखिन्छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कर्मचारी सेवा सर्त विनियमावली, २०४९ को विनियम ८८(६) मा रहेको "ऐन, नियमावली तथा यस विनियमावलीविपरीत काम कारबाही गरेमा" भन्ने बुँदाका आधारमा मिति २०६७।१।१५ को पत्रबाट नोकरीबाट हटाएको देखियो । निवेदकले कक्षा १० र Diploma गरेको कुरा परिषद्ले स्वीकार गरेको देखिन्छ । फ्रान्सको Le Proviseur du Lycee "Georges CORMIER" भन्ने संस्थाबाट BACCALAUREAT PROFESSIONAL भन्ने २ वर्षे कोर्ष उत्तीर्ण गरी प्रमाणपत्र प्राप्त गरेकोसमेत देखिन्छ । निवेदकले फ्रान्समा गएर ४ वर्ष अध्ययन गरी प्राप्त गरेको प्रमाणपत्रलाई त्रिभुवन विश्वविद्यालयले मिति २०५५।७।१९ मा Diploma Engineering सरह मान्यता दिने निर्णय गरेको पाइयो । तर निवेदकले

फ्रान्समा अध्ययन गरेको BREVET D'ETUDES PROFESSIONNELLES कोर्षको समकक्षता निर्धारण गर्न परिषद्को पाठ्यक्रम विकास महाशाखामा मिति २०६६।०३।१६ मा निवेदन दिएकोमा सोउपर परिषद्ले स्तर निर्धारण सम्बन्धमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ को दफा ५ मा रहेको व्यवस्थाअनुसार कुनै निर्णय गरेकोसमेत देखिएन। तथापि त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण भएको देखिँदा निवेदकले आवश्यक शैक्षिक योग्यता हासिल नगरेको भनी सम्झन नमिल्ने।

शैक्षिक योग्यताको स्तर निर्धारण गर्ने कुरा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारको विषय होइन । विभागीय कारबाहीका लागि स्पष्टीकरण सोध्ने काम पनि आयोगको देखिँदैन । आयोगले अधिकारक्षेत्र नभएको विषयमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई कारबाही गर्नु भनी निर्देशन दिएको देखिन्छ । विपक्षी CTEVT का विभागीय सजाय दिन पाउने अधिकारी स्वयम्ले आफ्नो सद्विवेक प्रयोग गरी निर्णय गर्नुपर्नेमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्देशनको कार्यान्वयनसम्म गरेको देखियो। यसरी गरिएको कारबाहीलाई कानूनअनुकूलको मान्न मिलेन । यसका अतिरिक्त प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कर्मचारी सेवा सर्त विनियमावली, २०४९ को ८८(६) बमोजिम "ऐन, नियमावली तथा यस विनियमावलीविपरीत काम कारबाही गरेमा" भन्ने आधारमा ऐ. विनियम ८९ (ङ) बमोजिम निवेदकलाई भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाएको देखिन्छ । नियमावली तथा विनियमावलीको के कुन प्रावधानविपरीत कामकारबाही गरेको हो भन्ने सम्बन्धमा कुनै स्पष्ट कुरा उल्लेख गरेको नदेखिने।

अतः निवेदक मृगेन्द्रबहादुर प्रधानलाई नोकरीबाट मिति २०६७।०१।१५ देखि लागू हुने गरी भविष्यमा सेवाको लागि अयोग्य नठहरिने गरी हटाउने भनी गरिएको मिति २०६७।१।१५ को निर्णय र जारी गरिएको CTEVT को पत्रसमेतका निवेदकलाई सेवाबाट हटाउनेसम्बन्धी भएका सबै निर्णय एवम् काम कारबाही कानूनप्रतिकूल देखिँदा उत्प्रेषणको आदेशले बदर हुन्छ। निवेदकलाई साबिकबमोजिमको पदमा पुनर्स्थापित गर्नु र निजले पाउने तलबसमेतका सुविधासमेत दिनु दिलाउनु भनी परमादेश जारी हुने।

इजलास अधिकृतः अम्बिकाप्रसाद दाहाल

इति संवत् २०७५ साल चैत १२ गते रोज ३ शुभम्।

## ३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६९-CI-००९८, रैकर परिणत जग्गा दर्ता, *तारादेवी मरहट्ठासमेत वि. रामप्रसाद मरहट्ठासमेत*

निवेदकहरू भैरवप्रसाद मरहट्ठा, रामप्रसाद मरहट्ठा र रामप्रसाद रेग्मीले विवादित कि.नं. १५ र १९ को जग्गा दर्ताको सम्बन्धमा आआफ्नो दाबी प्रस्तुत गरी मालपोत कार्यालय, कलङ्कीमा निवेदन दिएकोमा मालपोत ऐन, २०३४ को दफा ७(२) र बिर्ता उन्मूलन ऐन, २०१६ को दफा ७(क) समेतका आधारमा मालपोत कार्यालय, कलङ्कीले उक्त दुई कित्ता जग्गा निवेदकमध्येका भैरवप्रसाद मरहट्ठाका नाममा रै.प. दर्ता गर्ने गरी मिति २०६७।१२।३० मा निर्णय गरेको पाइयो। मालपोत ऐन, २०३४ को दफा ७(२) मा "जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम नापनक्सा भएको कुनै जग्गा दर्ता गर्नसम्म छुट भएकोमा उक्त जग्गाको साबिक दर्ता, तिरो र भोगसमेतको आवश्यक छानबिन गरी तोकिएबमोजिमको समितिको सिफारिसमा तोकिएको प्रक्रिया अपनाई मालपोत कार्यालयले त्यस्तो जग्गा दर्ता गर्न सक्नेछ" भन्ने कानूनी व्यवस्था रहेको पाइयो। बिर्ता उन्मूलन ऐन, २०१६ को दफा ७(क) ले गरेको व्यवस्था हेर्दा "ख" श्रेणीको बिर्ता जग्गा कमाउने व्यक्तिले यो दफा प्रारम्भ भएपछि नेपाल सरकारले तोकेको म्यादभित्र आफूसँग भएको वा आफूले जाने बुझेसम्मको सबुद प्रमाण र सो जग्गाको कित्ता नम्बर, चार किल्ला बिर्तावालाको नाम, थर, वतन, कुतबाली, तिरोसमेत खुलाई त्यस्तो जग्गा आफ्नो नाउँमा दर्ता

गर्नको लागि सम्बन्धित जिल्लाको माल वा मालपोत कार्यालयमा दरखास्त दिनु पर्नेछ" भन्ने उल्लेख भएको देखियो । विवादित कि.नं.१५ र १९ को जग्गाको फिल्डबुकको बेहोरामा जोताहा भैरवप्रसाद उपाध्याय मरहट्ठा र किसानको बेहोरामा रामप्रसाद उपाध्याय मरहट्ठा भन्ने उल्लेख भएको देखिने।

विवादित कि.नं. १५ र १९ को एकै कित्ता जग्गामा फरक-फरक व्यक्तिहरूको फरक-फरक आधार प्रमाणका आधारमा जग्गा दर्ता गरी पाउन मागदाबी लिएपश्चात् हकबेहकमा सम्बन्धित अदालतमा गई हक कायम गरी ल्याउनु भनी सम्बन्धित पक्षहरूलाई सुनाई दिनुपर्नेमा सो नगरी मालपोत ऐन, २०३४ को दफा ७(२) र बिर्ता उन्मूलन ऐन, २०१६ को दफा ७(क) अनुसार निवेदकमध्येको भैरवप्रसाद मरहट्ठाको नाममा रैकर परिणत दर्ता हुने गरी मालपोत कार्यालय, कलङ्कीबाट मिति २०६७।१२।३० मा भएको निर्णय बदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६८।९।१२ मा भएको फैसला मनासिब नै देखियो । मालपोत कार्यालयको उक्त मिति २०६७।१२।३० को निर्णय बदर गरेको कुरा प्रक्रियागत सन्दर्भको कुरा भएको र सोही कारणबाट यी पुनरावेदक भैरवप्रसाद मरहट्ठाको हकमा असर पर्ने अवस्थासमेत देखिन नआउने।

अत: पुनरावेदन अदालत पाटनको फैसलाउपर विवादित कि.नं. १५ र १९ को जग्गा आआफ्नो दाबी गरी जिल्ला अदालतमा प्रवेश गरिसकेकोसमेत देखिन आएकाले विवादित विषयमा एकैसाथ निर्णय हुनुपर्ने अवस्था रहेको र विवादित विषयमा जिल्ला अदालतबाटै यथोचित न्याय निरूपण हुने अवस्था विद्यमान रहेको यस परिस्थितिमा विवादित जग्गा भैरवप्रसाद मरहट्ठाको नाममा रैकर परिणत दर्ता गरिदिने भनी मालपोत कार्यालय, कलङ्कीबाट मिति २०६७।१२।२० मा भएको निर्णय बदर गरी सम्बन्धित अदालतबाट हकबेहक छुट्याई ल्याउनु भनी पुनरावेदन अदालत पाटनबाट मिति २०६८।९।१२ मा भएको फैसला अन्यथा भनी रहन पर्ने अवस्था नदेखिएकोले सदर हुने।

इजलास अधिकृत: धनबहादुर कार्की
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७५ साल फागुन १ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७०-CR-०११५, अपहरण तथा शरीर बन्धक, *नेपाल सरकार वि. अजय आचार्यसमेत*

कलंकीबाट स्वयम्भु लैजाने क्रममा मोटरसाइकल दुर्घटनामा पर्दा प्रहरीले प्रतिवादी लेखनाथ भट्टराईलाई पक्राउ गरी जाहेरवालालाई उद्धार गरेको देखिन्छ । जाहेरवालालाई अपहरण गरिसकेको नभई अपहरण तथा शरीर बन्धक लिने उद्देश्यले मोटरसाइकलमा लैजाँदै गर्दा दुर्घटनामा परी प्रतिवादी पक्राउ भएको देखिँदा यसलाई मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम उद्योगसम्मको कसुर गरेको मान्नु पर्ने।

प्रतिवादी अजय आचार्यलाई समेत दाबीबमोजिमको कसुरमा सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा, जाहेरवालाले निज प्रतिवादी अजय आचार्यसमेत भई आफूलाई अपहरण गरेको भनी जाहेरी दिए पनि सुरू जिल्ला अदालतमा बकपत्र गर्दा मलाई अपहरण गर्दा प्रतिवादी अजय आचार्य साथमा थिएनन् भनी बकपत्र गरिदिएको पाइन्छ । अजय आचार्यले अनुसन्धानको क्रममा बयान कागज गर्दा आफू अपहरणसम्बन्धी कसुरमा संलग्न नभएको भनी इन्कारी रहेको र सुरू जिल्ला अदालतमा समेत कसुरमा इन्कारी रहेको देखियो। अन्य कुनै प्रमाणबाट निजउपरको अभियोग दाबी समर्थित हुन आएको पाइएन। तसर्थ, अजय आचार्यलाई सफाइ दिने गरी भएको फैसला मनासिब नै भएको हुँदा निज अजय आचार्यलाई समेत दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत

हुन नसकिने।

प्रतिवादी लेखनाथ भट्टराईलाई अपहरण तथा शरीर बन्धक लिनेको महलको ७ नं. बमोजिमसमेत सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा, प्रतिवादीमध्येका अजय आचार्यलाई सफाइ दिने गरी भएको हदसम्मको फैसला सदर हुने ठहरी फैसला भएको छ । दुई वा दुईभन्दा बढी व्यक्ति मिली संगठित रूपमा कसुर गरेको तथ्य स्थापित भएको अवस्था नदेखिएको हुँदा अपहरण तथा शरीर बन्धक लिनेको महलको ७ नं. बमोजिम थप २ वर्ष सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर नपुग्ने।

मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको १२ नं. बमोजिमको क्षतिपूर्ति सम्बन्धमा भएको कानूनी व्यवस्था हेर्दा, "यस महलको १, २ वा ३ नं. बमोजिम कसुर गराएको कुरा प्रमाणित हुन आएमा मुद्दा हेर्ने अड्डाले पीडित व्यक्तिलाई पुग्न गएको शारीरिक तथा मानसिक क्षतिको विचार गरी सो कसुर गराउने व्यक्तिबाट पीडित व्यक्तिलाई कसुर भएको दिनदेखि प्रत्येक दिनको कम्तीमा पाँच सय रूपैयाँको दरले क्षतिपूर्तिसमेत भराई दिनुपर्छ" भन्नेसमेतको व्यवस्था भएकोले कलंकीबाट प्रतिवादी लेखनाथ भट्टराईले मोटरसाइकल चलाई बिचमा पीडितलाई राखी स्वयम्भुतर्फ जानेक्रममा स्वयम्भु चोकमा मोटरसाइकल दुर्घटना भएकोले सोही ठाउँमा रहेका प्रहरी कर्मचारीले निज लेखनाथ भट्टराईलाई नियन्त्रणमा लिन सफल भएको देखिन्छ । यस अवस्थामा पीडितलाई कानूनबमोजिम पाउने क्षतिपूर्ति भराई दिनुपर्ने देखिने।

तसर्थ, पुनरावेदन अदालत पाटनको मिति २०६९।१०।२१ को फैसला केही उल्टी भई प्रतिवादी सन्तोष भट्टराई भन्ने लेखनाथ भट्टराईबाट पीडित (जाहेरवाला) लाई मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महल १२ नं. बमोजिम दिन १ (एक) को रू.५००।– क्षतिपूर्ति भराई दिने ठहर्छ। सो हदसम्मबाहेक अन्य कुरामा पुनरावेदन अदालत पाटनको फैसला मनासिब नै देखिँदा सदर हुने।

इजलास अधिकृत: अम्बिकाप्रसाद दाहाल
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७६ साल जेष्ठ १ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा. श्री मनोजकुमार शर्मा,** ०७५-RC-०१२७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रेम सुब्बासमेत*

प्रतिवादी प्रेम सुब्बाको हकमा सुरूदेखि किटानी जाहेरी परेको देखिन्छ । सहअभियुक्त गणेश राई, मदन राई, भरत मगरले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान र अदालतमा भएको बयानमा समेत प्रेम सुब्बा, शेरे सुब्बासमेतले देवेन्द्र राइलाई काटी ढालेको हो भनी पोल गरेको देखिन्छ। वर्तसिंह विश्वकर्मा, भिमप्रसाद राई र रिषिराज राईले किटानीसाथ प्रेम सुब्बा र शेरे लिम्बूले घटना घटाएको हो भनी बकपत्र गरेको पाइयो। घटना विवरण कागज गर्ने दलबहादुर राई, शंकर राईसमेतले प्रेम सुब्बाले हातमा तरबार लिई हान काटमार भनी दौडँदै आएको देखेको भनी लेखाएको पाइन्छ। जाहेरवालाले मृतकको शरीरमा ४/५ ठाउँमा भएको हतियार प्रहार प्रेम सुब्बासमेतले गरेको भनी लेखाइ दिएको पाइयो प्रतिवादी प्रेम सुब्बासमेतले धारिलो हतियार प्रहार गरेको कारणबाट देवेन्द्र राईको मृत्यु भएको तथ्य प्रमाणित भएको देखिँदा सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको फैसला मनासिब नै देखिने।

प्रतिवादी राजु दर्जीका हकमा विचार गर्दा, जाहेरी दरखास्तमा वारदात घटाउनमा राजु दर्जीको भूमिका उल्लेख नगरी घटनास्थलमा उपस्थितिसम्म देखाइएको पाइन्छ । जाहेरवाला भक्तकुमार राईले अदालतसमक्ष बकपत्र गर्दा सुरू जाहेरीमा लेखिएभन्दा बढी सारभूत तथ्य कुनै फरक पर्ने गरी तथ्य खुलाएको पाइन्छ। अन्य प्रत्यक्षदर्शीहरूले राजु दर्जीले मृतकलाई प्रहार गरेको भनी किटानी गरेको देखिएको छैन । समग्र मिसिल प्रमाणबाट राजु दर्जीले आरोपित कसुर गरेको भनी विश्वास गर्न सकिने अवस्था देखिन

आएन । सहअभियुक्तहरूले समेत निजउपर पोल गरेको देखिएन। कुनै पनि व्यक्तिलाई यथेष्ट प्रमाणबिना कसुरदार ठहर गर्नु फौजदारी न्यायको सिद्धान्तअनुकूल हुँदैन। अभियोजन पक्षले शङ्कारहित प्रमाण प्रस्तुत गरी दाबी प्रमाणित गर्नु पर्दछ । केवल केही शङ्का वा सन्देहास्पद अवस्थाका कुराका आधारमा ज्यानसम्बन्धी अभियोग ठहर गर्नु न्यायोचित नदेखिने।

अतः उल्लिखित आधार कारणहरूसमेतबाट प्रतिवादीहरूमध्येका प्रेम सुब्बाको हकमा ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सजाय हुने ठहर गरेको हदसम्म पुनरावेदन अदालत इलामको मिति २०६९।१२।२७ को फैसला सदर हुने ठहर्छ । प्रतिवादी राजु दर्जीलाई ज्यानसम्बन्धीको १३(४) नं. बमोजिम सजाय हुने ठहर गरेको सुरू झापा जिल्ला अदालतको फैसला सदर गरेको हदसम्म पुनरावेदन अदालत इलामको मिति २०६९।१२।२७ को फैसला उल्टी भई राजु दर्जीले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: अम्बिकाप्रसाद दाहाल

इति संवत् २०७६ साल वैशाख ३१ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७४-WH-००४८, बन्दीप्रत्यक्षीकरण, *राजु मोहरा वि. झापा जिल्ला अदालतसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. १०

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी,** ०७५-WH-०२३३, बन्दीप्रत्यक्षीकरण, *मोहनबहादुर कार्कीको हकमा मोहनमाया कार्कीसमेत वि. गृह मन्त्रालय सिंहदरबारसमेत*

निवेदकले आफूलाई विपक्षीहरूबाट प्रवृत्त भावना लिई राजनीतिक प्रतिशोधका कारण विभिन्न अभियोगमा थुनामा नै राखिरहेको भन्ने जिकिर लिएकोतर्फ हेर्दा यी निवेदक मोहनबहादुर कार्की नेपाल कम्युनिष्ट पार्टीका पोलिट ब्युरो सदस्य रहेको भन्ने कुरा निजकै निवेदनबाट देखिन्छ। पछिल्लो पटक यस अदालतमा चलेको रिट नं.०७५-WH-०१२२ को बन्दीप्रत्यक्षीकरणको निवेदनमा मिति २०७५।१२।२४ मा आदेश जारी भई निजलाई यस अदालतका रजिस्ट्रारको रोहबरमा थुनामुक्त गर्ने आदेश भए पनि त्यसपश्चात् निजलाई क्रमशः संखुवासभा जिल्ला अदालत, काठमाडौं जिल्ला अदालत, सुनसरी जिल्ला अदालत र नुवाकोट जिल्ला अदालतमा पुऱ्याइएको स्थितिबाट यी निवेदक थुनामुक्त नभई निरन्तर थुनामा नै रहेको भन्ने देखिन्छ। यसरी एउटा मुद्दामा अदालतबाट थुनामुक्त गरे लगत्तै अर्को अभियोगमा अर्को अदालतमा लैजाने र त्यहाँबाट पनि साधारण तारेखमा राख्ने आदेशपश्चात् पनि निजलाई थुनामुक्त नगरी निरन्तर रूपमा थुनामा नै राखेको देखिने।

आफ्नो प्रहरी हिरासतमा रहेको व्यक्ति विरूद्ध के कस्तो फौजदारी कसुरको आरोपहरू छन् सबैका बारेमा राज्यले एकै पटक हेर्नु र बुझ्नु पर्ने हुन्छ। वस्तुतः फौजदारी कसुरमा राज्यले अनुसन्धान गर्न नै नपाउने भन्ने हुँदैन न त राजनीतिक आवरणमा फौजदारी कसुर गर्न छुट कसैलाई रहने नै हुन्छ । कुरा यतिसम्म हो कि निवेदक प्रहरी हिरासतमा रहेको स्थिति छ भने एकै पटक समानान्तर रूपमा मुद्दाको अनुसन्धान गर्नुपर्ने हुन्छ । एउटा मुद्दाबाट अदालतको आदेशले छुटेपछि अदालतको आदेशलाई सम्मान नगरी पुनः पक्राउ गर्दा प्रवृत्त भावना राखियो कि भन्ने पश्न उठ्छ । यसरी प्रश्न उठने गरी विपक्षीहरूबाट भएका कार्यबाट संविधानले अङ्गीकार गरेको विधिको शासन कायम हुन सक्दैन। अदालतले निवेदकलाई थुनामुक्त गर्ने पटकपटक आदेश दिँदै आएको र निवेदक एकपटक पनि थुनामुक्त नभएको स्थितिलाई हेर्दा विपक्षीहरूबाट यी निवेदकलाई प्रवृत्त भावनाकै कारण अनेकन मुद्दाको अभियोग लगाई निरन्तर थुनामा नै राखेको भन्ने नै देखिने।

कुनै पनि व्यक्तिउपर फौजदारी कसुरमा

मुद्दा चल्न वस्तुनिष्ठ आधार हुनुपर्छ । कुनै पार्टी वा समूहको विचारसँग आबद्ध रहेको भन्ने मात्र आधारमा घटेको फौजदारी कसुरमा प्रत्यक्ष वा परोक्ष रूपको संलग्नताबेगर सतही आधारमा मुद्दा चलाइनु गैरकानूनी हुन्छ । बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा थुनाको वैधता परीक्षण गर्दा थुना सारभूत रूपमा वैध छ वा छैन भनी हेरिन्छ र हेरिनुपर्छ । कुनै व्यक्तिलाई जसरी पनि थुनामा राख्छु भनी एकपछि अर्को मुद्दा चलाउँदै जाने र विधि पुऱ्याउनका लागि मात्र म्याद थप गरिने स्थितिले शक्तिको दुरूपयोग हुन गई व्यक्तिगत स्वतन्त्रता समाप्त हुने ।

निवेदकलाई मिति २०७६।३।२३ मा सुनसरी जिल्ला अदालतले साधारण तारेखमा राख्ने भनी आदेश दिएको भए पनि यी निवेदक विपक्षीहरूको हिरासतबाट मुक्त हुन सकेको देखिँदैन । यिनै निवेदकलाई जरूरी पक्राउ पुर्जी स्वीकृतिको लागि जिल्ला प्रहरी कार्यालय, नुवाकोटले मिति २०७६।३।२५ मा नुवाकोट जिल्ला अदालतमा निवेदन दिएको र सोही मितिमा नै उक्त अदालतबाट निवेदकको नाउँमा जारी भएको पक्राउ पुर्जीसमेत स्वीकृत भएको देखिन्छ । यी निवेदक २०७५।१२।२४ देखि नै निरन्तर रूपमा प्रहरीकै हिरासतामा रहेको र निज विपक्षीहरूको हिरासतबाट भागी, उम्की गएको स्थितिसमेत नदेखिँदा निजको नाउँमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उपदफा (६) बमोजिमको जरूरी पक्राउ पुर्जी जारी गर्नुपर्ने आवश्यकता पनि प्रस्तुत अवस्था र स्थितिले नदेखिने ।

निवेदक मोहनमाया कार्कीलाई सुनसरी जिल्ला अदालतले मिति २०७६।३।२३ मा साधारण तारेखमा राख्ने भनी आदेश दिएको र सोही मितिबाटै निजलाई जिल्ला प्रहरी कार्यालयमा हिरासतमा राख्न अनुमति प्रदान गरिसकेको स्थितिमा निजलाई नुवाकोट जिल्ला अदालतको जरूरी पक्राउ पुर्जी र सोपश्चात्को प्रहरी हिरासतमा राख्न दिइएको म्याद थपको आडमा निरन्तर रूपमा नै प्रहरी हिरासतमा राखिएको स्थितिबाट पनि यी निवेदकको हकमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ बमोजिमको कार्यविधिको सही ढङ्गबाट प्रयोग र पालना भएको रहेछ भनी मान्न मिल्ने स्थिति पनि देखिन आएन ।

अतः उल्लिखित आधार कारणसमेतबाट यी निवेदकलाई पछिल्लो पटक सुनसरी जिल्ला अदालतबाट मिति २०७६।३।२३ मा तारेखमा राख्ने आदेश भएपछि मिति २०७६।३।२३ बाटै जिल्ला प्रहरी कार्यालयलाई प्रहरी हिरासतमा राख्न अनुमति प्रदान गरिएको र सो गर्दा फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ को कार्यविधिको सही ढङ्गबाट पालना भएको नपाइएकोले विपक्षीहरूबाट निवेदकलाई अनुसन्धानको लागि भनी हिरासतमा राखिएको कार्य गैरकानूनी देखिँदा नेपालको संविधानको धारा १३३(३) र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल
कम्प्युटर: मञ्जु खड्का
इति संवत् २०७६ साल साउन ७ गते रोज ३ शुभम् ।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री हरिप्रसाद फुयाल,** ०७५-WH-०१६६, बन्दीप्रत्यक्षीकरण, *प्रेम न्यौपाने वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

निवेदक पदमप्रसाद पोखरेल अखिल (क्रान्तिकारी) को केन्द्रीय सदस्य भएको कुरा निजको निवेदनमा नै उल्लेख भएको देखिन्छ । निजलाई मिति २०७५।१२।२ गते प्युठानको विजुवारबाट नियन्त्रणमा लिई मिति २०७५।१२।२५ मा जिल्ला प्रशासन कार्यालयबाट रू.१०,०००।– धरौटी लिई छाडेको देखिन्छ । त्यसपछि निजलाई पुन पक्राउ गरी जिल्ला प्रशासन कार्यालय, रोल्पाबाट मिति २०७६।१।१० मा साधारण तारेखमा रिहा गरेको देखिन्छ । निज निवेदकलाई तेस्रो पटक मिति २०७५।।१।१० मा भालुवाङबाट नियन्त्रणमा लिएको भनी विपक्षीको

लिखित जवाफमा देखिन्छ । रिट निवेदकलाई २०७६।१।१० मा पक्राउ गरी बिनापुर्जी गैरकानूनी थुनामा राखिएको भन्ने निवेदन बेहोरा रहेकोसमेत पाइन्छ । निवेदक विप्लव समूह भनेर चिनिने नेपाल कम्युनिष्ट पार्टीको विद्यार्थी संगठनको केन्द्रीय सदस्य रहेको र उक्त समूहले गैरकानूनी रूपमा हातहतियार लिई हिँड्ने बम बिष्फोट गरी जनतामा भय र त्रास सिर्जना गर्ने जस्ता कार्य गर्दै हिँडेको हुँदा निजलाई नियन्त्रणमा लिई कानूनबमोजिम म्याद थप गरी थप अनुसन्धान भई जिल्ला प्रशासन कार्यालय, दाङबाट मिति २०७६।२।३ मा निर्णय भइसकेको र निज निवेदक पदमप्रसाद पोखरेल हाल थुना मुक्त भइसकेको भनी महान्यायाधिवक्ताको कार्यालयको मिति २०७६।२।५ को पत्रसाथ निर्णयको प्रतिलिपि प्राप्त भई मिसिल सामेल भएको देखियो। यसरी निवेदकको मागबमोजिम हाल निज हिरासतमा भएको अवस्था नदेखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने।

अत: उल्लिखित आधार कारणबाट रिट निवेदक पदमप्रसाद पोखरेल हाल निवेदनमा उल्लेख गरेबमोजिम गैरकानूनी थुनामा रहेको अवस्था नदेखिएको हुँदा निवेदन मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था देखिएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: तेजप्रसाद पौडेल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७६ साल जेठ ५ गते रोज १ शुभम्।

३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** ०७४-CR-१६६१, किर्ते जालसाजी, *तेतरी थरूनी वि. रामचन्द्र प्रसाद यादवसमेत*

वादीको पति पलट खाँले मिति २०२४।९।१७।१ मा गरिदिएको भनिएको लिखतमा गरेको भनिएको ल्याप्चे सहिछाप र निजको नागरिकतासमेतमा लागेको ल्याप्चे सहिछापसमेत जाँच हुँदा "विवादको लिखतमा लागेको ल्याप्चे छापहरूमा रेखागुणहरू प्रस्ट नरहेकोले नमूनाका ल्याप्चे छापसँग यकिनसाथ तुलना गर्न सकिएन" भनी विशेषज्ञको राय व्यक्त गरेको देखिने।

विवादको लिखत मिति २०२४।९।१७।१ मा खडा भएको भन्ने देखिन्छ। २०२४ साल पौष १७ गते रोज १ अर्थात् आइतबार भनी लिखतमा उल्लेख गरिएको पाइन्छ तर पौष १७ गते आइतबार नभई सोमबार हो भन्ने सो सालको पात्रोबाट देखिन्छ। यसरी सोमबार खडा भएको लिखतलाई आइतबार भनी रोज लेखेबाट लिखत सोही समयमा लेखिएको रहेछ भन्न सकिने अवस्था नदेखिने।

वादीको पतिले प्रतिवादीको छोरा हृदयनारायणलाई २०२३।१२।३ मा रू.३७२५।– मा लिखत गरेको भने पनि जिकिर लिएको देखियो। तर सो कागज कतै पेस भएको देखिएन। फेरि छोरालाई पारित राजीनामा गरेर दिएको भए पछिल्लो मितिमा बाबुलाई किन रू. ९९।– को थैली राखी राजीनामा गर्नु पर्‍यो। प्रतिवादीतर्फबाट सो कुरा स्पष्ट नहुने।

विवादको मिति २०२४।९।१७ को लिखतमा यी पुनरावेदिका वादीको पति पलट खाँको उमेर २९ वर्ष भन्ने उल्लेख भएको देखिन्छ। तर पलट खाँको नामको नेपाली नागरिकता मिति २०४३।१०।२४ मा बनाइएको र सो नागरिकतामा निजको जन्म १५ सालमा भएको भनी उल्लेख भएको देखिन्छ। निजको नागरिकतामा उल्लेख भएको जन्ममितिलाई आधार मान्दा निज पलट खाँ लिखत भएको भनिएको २०२४ सालमा ९ वर्षको नाबालक देखिन्छन्। यसरी विवादको लिखत हुँदा ९ वर्षको नाबालकको संरक्षक रोहबरमा राखी लिखत खडा हुनुपर्ने हो, सोबमोजिम संरक्षक राखी लिखत भएको हो भन्ने कुरा लिखतबाट नखुल्ने।

विवादको लिखत गरिदिने पलट खाँको मिति ०५५।६।८ मा मृत्यु भएको र निजको जीवनकालमा उक्त लिखत यी प्रतिवादीले सार्वजनिक गरेको पनि देखिँदैन। सो लिखतका कारणी व्यक्तिको मृत्युपश्चात् मात्र जहिलेको पनि मिति राखी खडा गर्न सकिने

घरसारको हदमुनिको राजीनामा लिखतलाई सीर हाली मिति २०६७।२।२७ मा दिने लक्ष्मण राउत अहिर लिने निजकै श्रीमती चम्पादेवी भई र.नं. २६६४ को हालैको बकसपत्र लिखत पारित गराएको देखिन्छ । कारणीको जीवनकालमा विवादको हदमुनिको घरसारको राजीनामा लिखत विपक्षीहरूले देखाई भएको सद्दे साँचो व्यवहारलाई वैधानिकता दिन सकेको देखिँदैन । मुख्य कारणीको मृत्युपश्चात् मात्र लिखत सार्वजनिक गरेकोले सो लिखत कारणीले नै गरेको हो भनी भन्न सकिने अवस्था देखिएन् । विवादित लिखतमा पलट खाँका काका देवशरण राउत साक्षी बसेको भन्ने हकमा फिरादमा नै देवशरणले सो कुरा इन्कार गरेको भन्ने कुरा परेको छ । निज देवशरण राउतलाई प्रतिवादीले साक्षी राखी आफ्नो कुरालाई स्थापित गराउन सकेको पनि पाइँदैन । यस स्थितिमा देवशरण साक्षी बसेको कुरा स्थापित हुन सकेको मान्न मिलेन । विवादको कि.नं.१४ को जग्गा पति पलट खाँको नामबाट यी वादीले नामसारी लिखत पारित गराउन आफ्नो सम्बन्धित गाउँ विकास समितिबाट मिति २०६९।६।२६ मा सिफारिस लिएको अवस्थासमेत देखिन्छ । यसबाट विवादको कि.नं.१४ को घरजग्गामा पति पलट खाँ र निजको मृत्युपश्चात् यी वादीले भोगचलन गरी आएको भन्ने स्पष्ट देखिने ।

अतः उल्लिखित आधार कारणहरूसमेतबाट मिति २०२४।९।१७ को लिखत जाँच हुँदा "विवादको लिखतमा लागेको ल्याप्चे छापहरूमा रेखागुणहरू प्रस्ट नरहेकोले नमुनाका ल्याप्चे छापसँग यकिनसाथ तुलना गर्न सकिएन" भनी लेखिआएको, लिखत उल्लेख भएको मितिमा उल्लिखित रोज नमिलेको, विवादको लिखत हुँदा मुख्य कारणी नाबालक देखिएकोमा रोहबरमा संरक्षक राखेको नपाइएको, विवादको घर जग्गा नामसारीका लागि वादीले समेत सिफारिस लिएको, कारणीको मृत्युपश्चात् मात्र विवादको लिखत प्रतिवादीले सार्वजनिक गरेको र अगाडिको मिति उल्लेख गरी पछि खडा गरिएको लिखत हो भन्ने स्थापित भएको हुँदा यी वादीलाई हकदैया नभएको र प्रस्तुत फिराद हदम्यादभित्र नपरेको भन्ने कुरालाई स्वीकार गर्न नमिल्ने । मिति २०२४।९।१७ को लिखत शून्य अस्तित्वको देखिँदा तत्पश्चात् भएको हक हस्तान्तरण गरी भएको लिखतहरूसमेत जालसाजी घोषित गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने गरी भएको सुरू बारा जिल्ला अदालतको मिति २०७२।१।६ मा भएको फैसला र सो फैसला सदर ठहर्‍याई उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट भएको फैसला मिलेको देखिन आएन । विवादको मिति २०२४।९।१७ को लिखत किर्ते कागजको १ नं. तथा ३ नं. बमोजिम किर्ते जालसाज गरी तयार गरेको देखिँदा शून्य घोषित हुने देखियो । मिति २०२४।९।१७ को लिखत किर्ते जालसाज गरी तयार गरेको देखिँदा उक्त लिखत शून्य घोषित भई सो अस्तित्वविहीन लिखतको आधारमा भए गरेको मिति २०६७।२।२७ को र.नं. २६६४क को हालैको बकसपत्र लिखत र मिति २०६९।६।१९ को र.नं. १९३६ को राजीनामा लिखत शून्य घोषित हुने ठहर्छ । यसरी किर्ते कागजको ३ नं. विपरीत जालसाज गरी लिखत तयार गर्ने मूल कारणी प्रतिवादी लक्ष्मण राउत अहिरको मृत्यु भइसकेको देखिँदा निजलाई कुनै सजाय गरिरहन परेन । साथै प्रतिवादीमध्येका चम्पादेवी एवम् राजवंशीप्रसाद यादवको मिति २०२४।९।१७ को लिखत तयार गर्न मिसिल संलग्न प्रमाण कागजबाट संलग्नता रहेको भन्ने पुष्टि भएको नदेखिँदा निजहरूको हकमा जालसाजमा सजाय गरिपाउँ भन्ने फिराद दाबी पुग्न नसक्ने ।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७६ साल असार २४ गते रोज ३ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७४-CI-११३७, लिखत बदर, *तेतरी थरूनी वि. रामचन्द्रप्रसाद यादवसमेत*
- ०७४-CI-११३६, लिखत बदर, *तेतरी थरूनी वि. रामचन्द्र प्रसाद यादवसमेत*

## इजलास नं. ११

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CI-१६३६, लिखत बदर, *बलराम थापा वि. राधिका लामासमेत*

विवादित जग्गा पैतृक नरहेको, पुनरावेदकले आफ्नो निवेदन पत्रको प्रकरण नं.३ (ख) मा का.जि. इन्द्रायणी गा.वि.स. वडा नं. ९ को कि.नं. १३५ र ५३६ को जग्गाहरू मिति २०६४।१२।२० गते दर्ता फारी गरी लिएको "पैतृक सम्पत्ति" हो भनी लिखित रूपमा स्वीकार गर्नुभएकाले प्रमाण ऐन, २०३१ को दफा ४ क बमोजिम अन्यथा, मानिरहनु परेन । प्रतिवादीले पैतृक सम्पत्ति खरिद गरेको नदेखिनुका साथै पैतृक सम्पत्तिबाहेक निजी आर्जनको जग्गा दाताले बिक्री गरेकाले प्रत्यर्थीले खरिद गरिलिएको देखिनुका साथै हाल खरिद बिक्री गरेको उक्त जग्गाहरू पैतृक सम्पत्ति नभएकाले दाताले मुलुकी ऐन, अंशबन्डाको १९(२) बमोजिम आफूखुसी गर्न पाउने सम्पत्तिको परिभाषाभित्र परेको देखिने।

वादीले पारित गरी लिएको र हाल बिक्रीसमेत गरेका कि.नं. १९८ र २२० का जग्गाहरू घरको मुली व्यक्ति बाबुले प्रथमतः घर व्यवहार चलाउन आधासम्म आफूखुसी गर्न पाउने हुन्छ। त्यसमा पनि अझ आधाभन्दा बढी मूल्यवान् र पैतृक सम्पत्तिसमेत वादी र यी दाताका नाममा रहेको कुरा उल्लिखित तालिकाबाट समेत स्पष्ट देखिन्छ । प्रस्तुत मुद्दासँग अंश र जालसाजी मुद्दा आएको अवस्था नहुँदा प्रस्तुत फिराद गर्नुमा वादी र बिक्री गर्ने प्रतिवादी यी दुवैजनाको सफा नियत रहेको नदेखिने।

तसर्थः घरको मुली र एकाघरका उमेर पुगेको जेठो छोरा साक्षी राखी बिक्री गरेको लिखतउपर अन्य सगोलमा बसेको अंशियारले थाहा नपाउने कुरै आउँदैन। अंशियारले वादी प्रतिवादीका नाउँमा रहेको बाँकी सम्पत्तिबाट अंश पाउने अवस्था रहँदारहँदै घरको मुख्य व्यक्तिले घर व्यवहार चलाउन आफ्नो पालामा आर्जित सम्पत्ति अंशबन्डाको १९(२) ले कानूनी अख्तियारी प्रदान गर्दा पनि बिक्री गर्न नपाउने र त्यसरी कानूनबमोजिम साधिकार निकायबाट पारित गरिएका लिखतलाई मान्यता नदिई बदर गर्दै जाने हो भने जग्गा खरिद बिक्री प्रक्रियामा कहिले पनि सुनिश्चितता नहुने।

अतः नारायणहरि फुयाल र प्रतिवादी कृष्ण थापाका संयुक्त नाम दर्ता रहेको उल्लिखित जग्गा हरिकृष्ण फुयालले हक छाडेपछि यी प्रतिवादी कृष्ण थापाको नाममा कायम हुन आएको देखिन्छ । यसै जग्गालाई प्रतिवादी कृष्ण थापाले प्रतिवादी राधिका लामालाई रजिस्ट्रेसन पास गर्दा जेठो छोरामध्येका सुरेश थापा साक्षी बसेको अवस्था देखिनुका साथै वादी बलराम थापाका नाममा उक्त जग्गाभन्दा बढी अन्य जग्गाहरूसमेत रहेको देखिएकाले घर खर्च गर्न आफूखुस गर्न पाउने जग्गालाई राजीनामाबाट हक हस्तान्तरण गरेको भन्नेसमेत देखिएबाट सगोलमै रहेका वादी प्रतिवादीको सल्लाहले रजिस्ट्रेसन पास भएको एवम् छोरासमेत साक्षी बसेको अवस्था देखिँदा सबै अंशियारको मन्जुरी लिनु पर्ने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थः विवेचित आधार प्रमाणबाट काठमाडौं जिल्ला अदालतबाट दिने श्रीकृष्ण थापा र लिने राधिका लामा भई पारित भएको र.नं.४६४३ को लिखतको ४ भागको २ भाग बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने गरी मिति २०७१।९।८ मा भएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।८।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल असार १० गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी,** ०७४-CR-०९७४, जबरजस्ती करणी, *नेपाल सरकार वि. अर्जुन भुजेलसमेत*

प्रतिवादीहरूको संयुक्त प्रयासबाट करणी भएको वा करणी हुँदाका अवस्थामा वारदातस्थलमा दुवै प्रतिवादी एकैसाथ थियौं भन्ने कुरा तथ्ययुक्त एवम् शङ्कारहित तवरबाट प्रमाणबाट पुष्टि हुन सकेको नदेखिने।

सामूहिक जबरजस्ती करणी ठहर गर्नका लागि एकभन्दा बढी संख्यामा व्यक्तिहरू एकैपटक उपस्थित भई सामूहिक जबरजस्ती करणीका मनसायले एकले अर्कोलाई सहयोग गरी पीडितालाई थुनछेक गर्ने, डरत्रास, देखाउने, धाकधम्की लगाउने वा अन्य षड्यन्त्रमूलक कार्य गरी त्यस्ता कार्यले सामूहिक जबरजस्ती करणीको कार्यलाई सहयोग गरेको देखिई त्यसमा प्रतिवादीहरूको सामूहिक जबरजस्ती करणीको नियत, मनसाय, पूर्वयोजना, तयारी, षड्यन्त्र, दुरूत्साहन र सहयोगको आदानप्रदान भई गरेकोसमेत देखिन र स्वतन्त्र प्रमाणसमेतले उक्त कुरालाई पुष्टि गरेको हुनुपर्ने।

सामूहिक करणी भए गरेको पुष्टि गर्ने कुनै आधार र प्रमाणसमेतले पुष्टि गर्न नसकेको पीडितको स्वास्थ्य परीक्षणबाट पनि सामूहिक बल प्रयोग भएको नदेखिएको अवस्थामा केवल आफ्नी पूर्वपत्नीलाई भेट गरिदिन सहयोगको आग्रह गरी निजलाई भेटघाटको वातावरण मात्र मिलाई दिएको, वारदातस्थलमा प्रतिवादीहरू एकै पटक उपस्थित नभई एक प्रतिवादीले करणी गरिसकेपछि फोन सम्पर्कको आधारमा अर्का प्रतिवादी वारदात स्थलमा पुगेको र त्यसरी पुग्दा निज पीडितालाई जबरजस्ती करणी गर्ने उद्देश्यले पुगेको नभई वारदातस्थलमा पुगिसकेपश्चात् मात्र पीडितसँग करणी गर्ने इच्छा जागृत भएको, यी अर्जुन भुजेलले करणी गर्दा प्रकाश लामिछाने वारदातस्थलमा उपस्थित रहेको किटानीसाथ भन्न नसकेको अवस्थामा निजहरूले सामूहिक जबरजस्ती करणी गरेको भनी सतही रूपमा अर्थ लगाई सामूहिक जबरजस्ती करणीजस्तो गम्भीर फौजदारी अपराधमा थप सजाय गर्न नमिल्ने।

प्रतिवादीहरू प्रकाश लामिछाने र अर्जुन भुजेलले पीडिता परिवर्तित कुलेनी एसलाई सहमतिले एक्ला एक्लै करणी गरेका हौं भनी मौकामा व्यक्त गरेको भए तापनि निजहरूउपर किटानी जाहेरी परेको तथा पीडिताको अदालतसमक्षको बकपत्र, बुझिएका प्र.ज.रामबहादुर गुरूङको कागज, वस्तुस्थिति मुचुल्काका विष्णुदत्त सुवेदीसमेतको अदालतसमक्षको बकपत्रसमेतका मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीहरू प्रकाश लामिछाने र अर्जुन भुजेलले पीडितालाई करणी गर्दा निजको सहमति नरहेको देखिई जबरजस्ती करणी गरेको पुष्टि भएको अवस्थामा सुरू जिल्ला अदालतको फैसलालाई केही उल्टी गरी निज प्रतिवादीहरूलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(५) नं. को कसुर ठहर गरी ऐ. को ३(५) बमोजिम जनही पाँच वर्ष सजाय तथा पीडितालाई रू.५,०००।- क्षतिपूर्ति भराइदिने ठहऱ्याई भएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७४।२।२।३ को फैसलालाई अन्यथा भन्न मिलेन। उक्त फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: पाराश्वर कँडेल
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७६ साल जेठ १४ गते रोज २ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६९-WO-०४९९, उत्प्रेषण / परमादेश, *सुशीला सापकोटा वि. औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, केन्द्रीय कार्यालय, बालाजु, काठमाडौंसमेत*

कर्मचारी सेवा सर्त नियमावली, २०५४ नियमावलीको नियम २४ को उपनियम २ मा प्रशासन सेवातर्फको सहायक स्तरको पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता प्रमाणपत्र तह वा सोसरह उत्तीर्ण भएको हुनुपर्ने भन्ने कानूनी व्यवस्था रहेको र सोही प्रावधानबमोजिम नै उपर्युक्त विज्ञापन प्रकाशित भएको देखिँदा र कानूनले तोकेको विधि र प्रक्रियाअनुसार

नै उक्त पदको लिखित परीक्षा एवम् अन्तर्वार्तासमेत सम्पन्न भई सफल उम्मेदवारको अन्तिम नतिजासमेत प्रकाशित गरी सफल उम्मेदवारलाई नियुक्ति दिने सम्बन्धमा पदपूर्ति समितिले निर्णयसमेत गरिसकेको र साथै सोसम्बन्धी मिति २०६८।१०।२१ को निर्णयमा कुनै बदनियत राखेको अवस्थासमेत विद्यमान नदेखिँदा उत्प्रेषणको आदेशद्वारा उक्त पदपूर्तिसम्बन्धी निर्णय बदर गर्नुपर्ने अवस्था देखिन नआउने।

अतः औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको मिति २०६८।१०।२१ को निर्णय कम्पनीको कर्मचारी सेवा सर्त नियमावली, २०५४ को नियममा कर्मचारी भर्ना गर्ने सम्बन्धमा व्यवस्था भएका र तोकिएको सबै विधि र प्रक्रियाबमोजिम नै भएको देखिएको र नियम २४ को उपनियम २ मा सहायक स्तरको प्रशासन सेवातर्फको सहायक स्तरको पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता प्रमाणपत्र तह वा सोसरह भन्ने कानूनी व्यवस्था रहेको र सोलाई नै उल्लेख गरी विज्ञापन प्रकाशित गर्नुका साथै लिखित र अन्तर्वार्ताको परीक्षामा सर्वोत्तम अङ्क ल्याएर उत्तीर्ण भएका उम्मेदवारहरूलाई नै छनौट गर्ने गरी भएको मिति २०६८।१०।२१ को निर्णयको पृष्ठभूमि एवम् निर्णय स्वयम्मा समेत कुनै बदनियत (malafide intention) रहेको अवस्थासमेत विद्यमान नदेखिँदा उक्त पदपूर्ति समितिको मिति २०६८।१०।२१ को निर्णयसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने निवेदन जिकिर पुग्न नसक्ने।

साथै विज्ञापनको सर्तबमोजिम वाणिज्य विषय अध्ययन गरेको व्यक्ति तथा प्राप्ताङ्कको आधारमा बढी अङ्क प्राप्त गर्ने व्यक्ति म निवेदकलाई नियुक्तिका लागि सिफारिस गर्न परमादेशसहितको उपयुक्त आदेश जारी गरिपाउँ भन्ने निवेदन जिकिरको सम्बन्धमा प्रतिस्पर्धात्मक लिखित तथा मौखिक परीक्षामा निवेदकको प्राप्ताङ्क अन्य प्रतिस्पर्धीभन्दा कम नै रहेको सक्कल फायलबाट देखिनुको साथै विपक्षीहरूले कानूनबमोजिम पूरा गर्नुपर्ने कर्तव्य एवम् दायित्व त्यससँग सम्बन्धित सबै कानूनी व्यवस्थाले निर्दिष्ट गरेको प्रक्रिया नै अवलम्बन गरेर पूरा गरी काम गरेको देखिएकोले निवेदकले माग गरेअनुसारको परमादेशको आदेश जारी हुने अवस्था नदेखिने।

अतः उपर्युक्त विश्लेषण एवम् विवेचनाको आधारमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको मिति २०६८।१०।२१ को निर्णय कम्पनीको कर्मचारी सेवा सर्त नियमावली, २०५४ को नियममा कर्मचारी भर्ना गर्ने सम्बन्धमा व्यवस्था भएका र तोकिएको विधि र प्रक्रियाबमोजिम नै भएको एवम् निर्णय स्वयम्मा समेत कुनै बदनियत (malafide intention) रहेको अवस्थासमेत विद्यमान रहेको नदेखिँदा उक्त मिति २०६८।१०।२१ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी पाउन माग गरेको तथा विज्ञापनको सर्तबमोजिम वाणिज्य विषय अध्ययन गरेको व्यक्ति म निवेदकलाई नियुक्तिका लागि सिफारिस गर्न परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामाकान्त यादव

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७६ साल वैशाख १५ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CI-०२२६, उत्प्रेषण / परमादेश, *मिनु श्रेष्ठ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत*

कि.नं. ५४ को जग्गामा घर निर्माण गर्न नक्सा पास भएको भनिएको मिति २०५१।१०।१२ मा बहाल रहेको नगरपालिका ऐन, २०४७ को कानूनी व्यवस्था हेर्दा सार्वजनिक जग्गा मिची घर टहरा निर्माण गरेमा नगरपालिकाको सिफारिसमा जिल्ला कार्यालयले कारबाही चलाउन सक्ने भन्ने देखिन्छ । उक्त व्यवस्थाबाट पनि सार्वजनिक जग्गाको रेखदेख संरक्षण गर्ने कार्य प्रमुख जिल्ला अधिकारीको हुने देखिन्छ । निवेदकको घर भत्काउने भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोग र काठमाडौं महानगरपालिकाले निर्णय गरेको मितिमा प्रचलनमा रहेको तत्कालीन

स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा भएको उल्लिखित कानूनी व्यवस्थामा पनि सार्वजनिक जग्गा मिची घर टहरा बनाएको पाइएमा त्यस्तो घर टहरा भत्काउन सक्ने अधिकार काठमाडौं नगरपालिकालाई रहेको देखिन्छ । उल्लिखित दुवै कानूनी व्यवस्थाले त्यस्तो घर भत्काउन सक्ने कानूनी अधिकार स्थानीय निकायमा रहेको देखिन आउने ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको लिखित जवाफमा निवेदकको घरमा सार्वजनिक जग्गा घुसेको हदसम्म सरकारी कायम गर्न सम्बन्धित निकायमा सुझाव दिने निर्णय भएको भनी जिकिर लिएको देखिने ।

आयोगको उक्त निर्णयमा ऐनको कुन दफाले प्रदान गरेको अधिकार प्रयोग गरी निर्णय गरेको हो सो खुलाएको देखिँदैन । लिखित जवाफमा दफा १२क बमोजिम सम्बन्धित निकायमा सुझाव दिने निर्णय भएको भन्नेसम्म देखिन्छ । जिल्ला प्रशासन कार्यालय, काठमाडौंको लिखित जवाफमा कि.नं. ५ र ५४ को कित्ता जग्गामा अतिक्रमित सार्वजनिक जग्गा संरक्षण गर्ने सन्दर्भमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णय कार्यान्वयन गर्न पत्राचार भएको भन्ने र काठमाडौं उपत्यका नगर विकास प्राधिकरणको लिखित जवाफमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णय कार्यान्वयनको विषयमा दायर भएको रिट निवेदन खारेज गरिपाउँ भन्ने उल्लेख छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णयसहितको मिसिल संलग्न कागजातबाट निवेदकसमेतले सार्वजनिक जग्गा मिची घर टहरा बनाएको प्राप्त सूचनाका आधारमा जग्गाधनी बुझ्ने, सर्वेक्षकसहितको टोली खटाई स्थलगत नाप नक्साको प्रतिवेदन लिनेलगायत आवश्यक प्रमाण हेरी घर टहरा भत्काउन काठमाडौं महानगरपालिका, जिल्ला प्रशासन कार्यालय, काठमाडौं र काठमाडौं उपत्यका विकास प्राधिकरण, काठमाडौंलाई लेखी पठाउने निर्णय भएको देखिन्छ । जिल्ला प्रशासन कार्यालय र काठमाडौं उपत्यका नगर विकास प्राधिकरणको लिखित जवाफ तथा स्वयम् आयोगको निर्णयको प्रकृतिबाट आयोगको उक्त निर्णय सुझाव मात्र हो भन्ने देखिँदैन । सुझाव र निर्णय फरक विषय हुन् । जिल्ला प्रशासन कार्यालय तथा स्थानीय निकायलाई कानूनले अधिकार दिएको विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट घर भत्काउन लेखी पठाउने भनी गरेको निर्णय क्षेत्राधिकारविपरीत देखिने ।

साबिक संविधानमा भएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अनुचित कार्यको अधिकार क्षेत्र नेपालको संविधानले निरन्तरता दिएको पाइँदैन । हाल भ्रष्टाचारबाहेक अनुचित कार्यमा आयोगले कारबाही चलाउन संविधानत: मिल्ने नदेखिने ।

कानूनको अख्तियारीबिना अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०६९।५।२० मा गरेको निर्णय अधिकारक्षेत्रविहीन रहेको देखिन आयो । कानूनले दिएको अख्तियारीभन्दा बाहिर गई भए गरेको कुनै पनि कार्यले वैधता प्राप्त गर्न सक्दैन । कानूनबाट सिर्जित कुनै पनि निकाय वा पदाधिकारीले कानूनले तोकेअनुसार कार्य गर्नुपर्ने हुन्छ । उक्त कार्य गर्दा पालना गर्नुपर्ने कार्यविधिलाई समेत अनिवार्य रूपमा पालन गर्नुपर्दछ अन्यथा कानूनबमोजिम भएको कार्यले समेत वैधता प्राप्त गर्न सक्ने देखिँदैन । कानूनी व्यवस्थाको कार्यान्वयनमा असर पुग्ने गरी आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कुनै निर्देशन दिन मिल्ने देखिँदैन । साधिकार निकायबाट निर्णय नहुँदै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आदेशात्मक रूपमा निर्देशन दिनु उचित नहुने देखिँदा उक्त निर्णयले कानूनी मान्यता प्राप्त गर्न सक्ने नदेखिने ।

अतः विवेचित आधार, कारण तथा कानूनी सिद्धान्तसमेतबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६९।५।२० को निर्णय अधिकार क्षेत्रभन्दा बाहिर गई गरेको देखिँदा उक्त निर्णयलाई कार्यान्वयन गर्न काठमाडौं महानगरपालिकाले मिति २०६९।११।१४ मा गरेको निर्णयसमेत बदर नगरी रिट निवेदन खारेज गर्ने पुनरावेदन अदालत पाटनबाट

मिति २०७०।१।२५ मा भएको आदेश नमिलेको हुँदा उल्टी हुने ठहर्छ । साथै अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६९।५।२० र काठमाडौं महानगरपालिकाको मिति २०६९।११।१४ को निर्णयसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ । निवेदकको मागबमोजिम कि.नं. ५४ मा बनेको घर भत्काउनेसमेतको कुनै कार्य नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाममा निषेधज्ञायुक्त परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः मेघनाथ चापागाई

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल माघ १४ गते रोज २ शुभम् ।

## इजलास नं. १३

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६८-WO-००७६, उत्प्रेषण / परमादेश, *तेजकुमारी तिवारी वि. जानुका विष्टसमेत*

मालपोत कार्यालयबाट निर्णय गर्दा, उक्त कित्ता जग्गामा निवेदक तेजकुमारी तिवारी तथा सरोजनिधि तिवारीसमेतले जग्गाधनीको हैसियत हुँ भनी निवेदन दाबी लिएकोमा सोतर्फ केही नबोली दोहोरो दाबी लिएको अवस्थामा दुई पक्षको प्रमाण बुझी हक बेहकमा निर्णय गर्नुपर्नेमा सो नगरी सिफारिस समितिको सिफारिस तथा मिसिल संलग्न प्रमाण कागजातको आधारमा जानुका विष्टसमेतका नाउँमा बिर्ता उन्मूलन ऐन, २०१६ को दफा ७(क) बमोजिम रैकर प्रमाणित दर्ता हुने भनी गरेको निर्णय मिलेको नदेखिने ।

बिर्ता उन्मूलन नियमावली, २०१७ को नियम ११(१) मा भएको कानूनी व्यवस्थालाई हेर्दा "कुनै विर्ता जग्गाको सम्बन्धमा ऐनको दफा २ को उपदफा (२) मा लेखिएबमोजिम बिर्ता जग्गा हो वा होइन भन्ने वा (क) श्रेणीको हो वा (ख) श्रेणीको हो भन्ने विवाद उपस्थित हुन आएमा त्यस कुराको निर्णयका लागि हाकिमले तोकिएको अदालतमा पठाउने छ भनी स्पष्ट रूपमा उल्लेख भएको देखिन्छ । "मालपोत कार्यालयले जग्गाको नामसारी गर्दा विवादरहित अवस्थामा लिइएको दाबीमा कानूनबमोजिम नामसारी निर्णय गर्नुपर्ने हुन्छ । नामसारी गर्दा मालपोत कार्यालयमा रहेको स्रेस्ताको आधारमा एवम् विवाद नरही हकबेहकको प्रश्न समावेश नभएको अवस्थामा मात्र एक व्यक्तिको नाउँमा रहेको जग्गा अर्को व्यक्तिको नाउँमा नामसारी गर्ने निर्णय गर्न सक्ने" (ने.का.प.२०७५, अङ्क २, नि.नं.९९४७) भन्ने नजिर सिद्धान्त स्थापित भएको देखिन्छ । मालपोत कार्यालयबाट निर्णय गर्दा हक बेहकमा निर्णय गर्नु भनी निर्णय गर्नुपर्नेमा एकतर्फी रूपमा जानुकादेवी विष्टसमेतको नाममा रैकर परिणत हुने भनी गरेको निर्णय बिर्ता उन्मूलन ऐन, २०१६ तथा नियमावली २०१७ को नियम ११(१) विपरीत तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तविपरीत देखिने ।

मालपोत अधिकारीबाट मिति २०६७।१२।३० मा गरेको निर्णयमा पुनरावेदन गर्न जानु भनी उल्लेख भए तापनि बिर्ता उन्मूलन ऐनअन्तर्गत गरेको निर्णयमा पुनरावेदन गर्ने कानूनी व्यवस्था नभएको अवस्थामा मालपोत अधिकृतबाट भएको सो निर्णय यस अदालतबाट (ने.का.प. २०४३, अङ्क २, नि.नं. २६१९) मा "कानूनले उजुरी तथा पुनरावेदन सुन्न सक्ने अख्तियारी प्रदान नगरेको स्थितिमा निर्णय गर्ने अधिकारीले पुनरावेदन गर्न जानु भनी सुनाउँदैमा र त्यसरी सुनाएको कारणले पुनरावेदन गर्न जाँदैमा क्षेत्राधिकार प्रारम्भ हुनसक्ने स्थिति नरहने" भन्ने सिद्धान्त प्रतिपादन भएको र (ने.का.प.२०४८, अङ्क ९,१०, नि.नं. ४३७२) "विवादित जग्गामा तेरो मेरो प्रश्न उपस्थित भएको अवस्थामा आफ्नो हक कायम गरी आउनु भनी सुनाउनु पर्नेमा नसुनाई विपक्षीका नाममा दर्ता गर्ने गरेको निर्णय कानूनी त्रुटिपूर्ण देखिँदा सो निर्णय सोको आधारमा भएको दर्ता प्रमाणसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने" भनी कानूनी नजिर सिद्धान्तसमेत प्रतिपादन भएको देखिने ।

तसर्थ विवेचित आधार प्रमाणहरू र यस अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसमेतका

आधारमा तेरो मेरो भन्ने प्रश्न समावेश भएको विवादित कित्ता जग्गाहरूमा हकबेहकमा निर्णय गर्नु भनी सुनाउनु पर्नेमा सो नगरी निवेदकले मालपोत कार्यालयमा आफ्नो हकसमेत रहेको भनी निवेदन परिसकेपछि सोतर्फ निर्णयकर्ताले दृष्टि नपुऱ्याई विपक्षीका नाममा रै.प. दर्ता गर्ने गरेको मालपोत कार्यालय, चाबहिलको मिति २०६७।१२।३० को निर्णय कानूनी त्रुटिपूर्ण देखिँदा सो निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अतः कानूनबमोजिम सम्बन्धित पक्षहरूलाई हक कायम गरी आउनु भनी सुनाउन मालपोत कार्यालय, चाबहिलका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः नारायण सापकोटा

इति संवत् २०७५ साल चैत १२ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६८-WO-००७७, उत्प्रेषण / परमादेश, *तेजकुमारी तिवारी वि. पुरूषोत्तम भण्डारीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. १४

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-१५४३, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. अमितकुमार साह*

जाहेरवाली र प्रतिवादीबिच प्रेमसम्बन्ध रही दुवैजनाको सल्लाह सहमतिले घरबाट भागी भारतको दिल्ली गई डेराकोठा खोजी दुवैजना सँगै बसेको तथ्य प्रतिवादीको बयान तथा जाहेरवालीको जाहेरी, प्रमाणित बयान तथा बकपत्रसमेतबाट देखिएकोमा जाहेरवालीलाई प्रतिवादीले बिक्री गरेको भन्ने तथ्य शङ्कारहित तवरबाट अभियोजन पक्षले पुष्टि गर्न सकेको देखिँदैन । पीडित भनिएकी जाहेरवाली स्वयम्ले आफूलाई प्रतिवादीले बिक्री नगरेको, दुवैजना सँगै भारतबाट फर्की घर आएकोमा प्रतिवादीको घर परिवारले घरमा राख्न अस्वीकार गरेको कारण उजुरी गरेको भनी हुलाकबाट निवेदन गरी अदालतमा उपस्थित भई सनाखतसमेत गरेको तथा यिनै प्रतिवादीसमेतलाई विपक्षी बनाई दायर भएको अंश मुद्दासमेतबाट निजहरूबिच लोग्ने स्वास्नीको सम्बन्ध रहेकोमा जाहेरवालीलाई घरमा बस्न नदिएको कारण उक्त जाहेरी दिएको भन्ने देखिन आउने ।

प्रतिवादीले यी जाहेरवालीलाई बिक्री गरेको भन्ने अभियोग दाबी मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन नसकेकोले प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।२।३२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मनकुमारी जि.एम.वि.क.

इति संवत् २०७४ साल चैत ६ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार रेग्मी,** ०७३-CR-०४५९, जबरजस्ती करणी, *गणेशबहादुर परियार वि. नेपाल सरकार*

प्रतिवादी गणेशबहादुर परियार मौकामा भएको साबितीलाई जाहेरी बेहोरा, जाहेरवालाले अदालतसमक्ष गरेको बकपत्र, पीडितले अदालतमा गरेको बकपत्रसमेतले पुष्टि गरेको देखिन्छ । पीडितको मौकामा भएको स्वास्थ्य परीक्षण प्रतिवेदनमा "Hymen turned out" भनी उल्लेख भएको र सो बेहोराले पीडितको कन्याजाली च्यातिएको भन्ने स्पष्ट देखिन्छ । पीडितले अदालतसमक्ष गरेको बकपत्रबाट यी प्रतिवादीले आफूमाथि चढी निजको लिङ्ग आफ्नो पिसाब गर्ने ठाउँमा छिराएका हुन् भनी लेखाइदिएको र पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा कन्याजाली च्यातिएको भनी खुली आएबाट प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको हो भन्ने नै देखिने ।

अर्कोतर्फ प्रस्तुत वारदातमा पीडिताको योनिभित्र वीर्य स्खलन नभएको र नगरेकोले उद्योगसम्मको कसुरसम्म भएको हो भनी प्रतिवादीले पुनरावेदन जिकिर लिएको अवस्था देखिन्छ । यसरी उद्योगसम्मको कसुरसम्म भएको हो भनी प्रतिवादी

गणेशबहादुर परियारले जिकिर लिए पनि प्रतिवादीले मौकामा बयान गर्दा आफ्नो श्रीमतीले यौन सम्पर्क गर्न इन्कार गरेकोले यौन उत्तेजना रोक्न नसकी कुनामा सुतेकी पीडित "ण" कुमारीले लगाएको ट्राउजर र कट्टु खोली उत्तेजित लिङ्ग योनिमा पसाउन खोज्दा नपसेपछि निजको योनि वरिपरि लिङ्ग दल्दै हल्लिँदै गर्दा वीर्य स्खलन भएको हो भनी आफ्नो बेहोरा लेखाएको र आफ्नो योनिमा प्रतिवादीले लिङ्ग प्रवेश गराएको भन्ने पीडितको मौकामा कागजमा उल्लेख भएको र निजले अदालतमा उपस्थित भई बकपत्र गर्दासमेत स्पष्टसँग मौकामा गरेको कागजलाई पुष्टि हुने गरी आफ्नो बेहोरा लेखाइदिएको देखिन्छ। प्रतिवादीले पीडितालाई करणी गर्न खोज्दा लिङ्ग योनिभित्र नछिरेकोले पीडितको शरीरमाथि चढी हल्लिँदै लिङ्गलाई बाहिर दलेँ भने पनि पीडिताले आफूलाई प्रतिवादीले लिङ्ग योनिभित्रै छिराएर करणी गरे भनेर अदालतमै आएर गरेको बकपत्रले पीडिताको योनि परीक्षण गर्दा Hymen turn out भनी उल्लेख भएको प्रतिवेदनले पुष्टि गरेको हुँदा प्रतिवादीले पीडितालाई जबरजस्ती करणीको उद्योगसम्म गरेको नभई जबरजस्ती करणी नै गरेको पुष्टि हुन आउँछ। योनिमा लिङ्ग छिराइन भनी प्रतिवादीले मुख्य कसुरप्रति इन्कार रही बयान गरे पनि पीडिताको कन्याजाली च्यातिएको (Hymen turned out) परीक्षणबाट पुष्टि भएपछि प्रतिवादीको कसुरप्रतिको इन्कारीलाई प्रमाण मूल्याङ्कनको रोहमा महत्त्व दिई रहन पर्ने आवश्यकता देखिन आउँदैन। यस अवस्थामा लिङ्ग प्रवेश भएको भन्ने पीडिताको भनाइलाई निज पीडिताको स्वास्थ्य परीक्षण प्रतिवेदनमा उल्लेख भएको कन्याजालीसमेत च्यातिएको भन्ने तथ्यले थप पुष्टि गरेको देखियो। यस अवस्थामा उद्योगसम्मको वारदात हो भनी भन्न मिल्ने पनि भएन। प्रस्तुत वारदातमा मिसिल संलग्न प्रमाणबाट करणीको कार्य पूरा भई पीडितको साँप्रासम्ममा प्रतिवादीको वीर्य बगेको भन्ने देखिएको र प्रतिवादी आफू अदालतसमक्ष कसुरमा इन्कारी भए पनि सो इन्कारीलाई पुष्टि हुने गरी आफ्नो सबुद प्रमाण पेस गर्न सकेको नदेखिँदा वादी दाबीबमोजिम प्रतिवादी गणेशबहादुर परियारलाई जबरजस्ती करणी महलको ३(१) नं. बमोजिम १० वर्ष कैद र हाडनाताभित्रकी झड्केली छोरीलाई करणी गरेको देखिँदा हाडनाता करणीको ५ नं. बमोजिम थप १ वर्ष कैद सजाय र पीडित 'ण' कुमारीले प्रतिवादी गणेश परियारबाट रू.१,००,०००।- (एक लाख) क्षतिपूर्तिसमेत भराइदिने भनी पुनरावेदन अदालतबाट भएको फैसला मिलेकै देखिने।

माथि उल्लिखित आधार कारणसमेबाट प्रतिवादी गणेश परियारले आफ्नो हाडनाताभित्रको झड्केली छोरी पीडित 'ण' कुमारीलाई जबरजस्ती करणी गरेको पुष्टि भइरहेको स्थितिमा प्रतिवादीलाई जबरजस्ती करणीको उद्योगसम्म कायम गरी सोहीबमोजिम सजाय गर्ने गरी भएको सुरू रूपन्देही जिल्ला अदालतको मिति २०७१।११।२६ को फैसला मिलेको नदेखिँदा केही उल्टी गरी वादी दाबीबमोजिम प्रतिवादी गणेशबहादुर परियारलाई जबरजस्ती करणी महलको ३(१) नं. बमोजिम १० वर्ष कैद र हाडनाताभित्रकी झड्केली छोरीलाई करणी गरेको देखिँदा हाडनाता करणीको ५ नं. बमोजिम थप १ वर्ष कैदसमेत सजाय गरी पीडित 'ण' कुमारीले प्रतिवादी गणेश परियारबाट रू.१,००,०००।- (एक लाख) क्षतिपूर्तिसमेत भराई लिन पाउने भनी पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।११।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७६ साल जेठ १६ गते रोज ५ शुभम्।

## इजलास नं. १५

१

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६९-CR-०२५२ र ०६९-CR-०२७६, लागु औषध साइकोट्रीपिक, *नेपाल सरकार*

*वि. दीपक तामाङ र जगदीशप्रसाद राणा खरिया वि. नेपाल सरकार*

बरामदी वस्तुको परीक्षण प्रतिवेदनबाट Phenobarbital भनी उल्लेख भए पनि औषधि व्यवस्था विभागको पत्रबाट Barbitone र Phenobarbital दुवै Bartituric Acid रहेको तथा Phenobarbital Barbitone को Derivative रहेको भनी खुलाएको र सो सम्बन्धमा अदालतमा उपस्थित भई बकपत्रद्वारा प्रस्ट पारेको देखिन्छ। यस तथ्यबाट मनोद्वीपक पदार्थ भनी राजपत्रमा उल्लिखित बार्बिटोन र फेनोबार्बिटोन एकै समूहका लवणबाट बन्ने पदार्थ भएबाट बरामदी पदार्थ लागु औषधको कोटीमा राख्न मिल्दैन भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी मोहम्मद हुसेनले होटल तिरूपातीमा यी प्रतिवादीहरूले बरामदी सामान ल्याइदिएको भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको पाइन्छ। प्रतिवादी जगदिशप्रसाद राणा सरियाले साथीले भनेबमोजिम ड्राइभरलाई पुऱ्याउन लगाएको र ड्राइभर दीपक लामाले पुऱ्याएको हो भनी बयानमा खुलाएबाट होटेलसम्म सामान पुऱ्याइदिएको कुरामा विवाद देखिँदैन। प्रतिवादी जगदिशप्रसाद राणा सरियाले आफ्ना साथी शक्ति सेहगलले पाकिस्तानी मानिस आउँछ सो सामान होटलसम्म पुऱ्याइदेउ भनी छाडेकोले उक्त सामान शक्ति सेहगलले फोन गरेपश्चात् पुनरावेदक जगदिशप्रसादले आफ्नो ड्राइभर प्र.दीपक लामालाई पुऱ्याउन लगाएको भन्ने मिसिल संलग्न कागजबाट देखिन्छ। सो सामान लागु औषध थियो भन्ने थाहा थिएन भनी बयानमा खुलाएको भए पनि बरामदी लागु औषध सम्बन्धित व्यक्तिसम्म पुऱ्याई दिने कार्यमा यी प्रतिवादी जगदिशप्रसाद राणा सरिया र प्र.दीपक लामाको सहयोग रहेको देखिन्छ। यी दुवै प्रतिवादीले लागु औषध बिक्री सञ्चय ओसारपसार नै गरेको भन्ने देखिएको छैन तर साथीको भनाइमा लागी विदेशी नागरिकलाई पुऱ्याई दिएकोसम्म देखिन्छ। पुऱ्याउँदाको अवस्थामा सामान के कस्तो हो वैधानिक हो वा होइन सबै विचार गरी मात्र लिने पुऱ्याउने कार्य गर्नुपर्नेमा, बिक्री ओसारपसार गरेको भन्ने प्रस्ट रूपमा खुल्न नआएको भए तापनि त्यस्तो सामान एउटा साथीकै भनाइको भरमा पुऱ्याउने कार्य गरी सहयोगीको भूमिकासम्म निर्वाह गरेको देखिने।

लागु औषधको कोटीमा पर्ने सामान प्रतिवादी मोहम्मद हुसेनबाट बरामद भएको र सङ्कलित मिसिल संलग्न प्रमाणबाट यी प्रतिवादी जगदिशप्रसाद राणा र प्र.दीपक लामा तामाङ कारोबारमा संलग्न रहेको भन्ने देखिँदैन। यी प्रतिवादीहरूले शक्ति सेहगलले छाडेको सामान प्र.मोहम्मद हुसेनसम्म पुऱ्याई सहयोग गरेको र सो सामान मोहम्मद हुसेनले लाहोर लिई जान लाग्दा त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलमा बरामदीसहित पक्राउ परेको अवस्था हुँदा यी प्रतिवादी जगदिशप्रसाद राणा र प्र.दीपक लामाले ऐ. १७ नं. बमोजिमको कसुर गरेको देखिन आउने।

वादी नेपाल सरकारले प्र.जगदीशप्रसाद राणा सरियाको बैंकमा रहेको रकम लागु औषधको कारोबारबाट आर्जन गरेकोले जफत गरिपाउँ भनी जिकिर लिए पनि सो कुरालाई प्रमाणित हुने गरी ठोस तथ्ययुक्त आधार प्रमाणबाट प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार शङ्कारहित तवरबाट पुष्टि प्रमाणित गराउन सकेको नदेखिँदा लागु औषध बिक्री गरेको कुरासमेत कहीँकतैबाट पुष्टि प्रमाणित नभएको अवस्थामा केवल शङ्का र अनुमानकै भरमा लागु औषध कारोबारबाटै आर्जित सम्पत्ति हो भनी भन्न मिल्ने आधार देखिँदैन। जुन कुराको दाबी लिएको हो सो दाबीलाई तथ्यगत प्रमाणहरूबाट पुष्टि भएको अवस्थामा मात्र दाबी प्रमाणित हुन आएको मान्न मिल्ने हुन्छ। अन्यथा लागु औषधजस्तो मुद्दामा बिनाप्रमाण सोबाट आर्जित सम्पत्ति भनी अनुमानकै आधारमा व्यक्तिको सम्पत्तिसम्बन्धी अधिकारमा प्रतिकूल असर पर्ने गरी बलपूर्वक परिभाषित गर्न मिल्ने नदेखिने।

अतः माथि विवेचित आधार प्रमाणबाट सुरू फैसला केही उल्टी गरी प्रतिवादी जगदिशप्रसाद राणा सरियालाई लागु औषध (नियन्त्रण) ऐन,

२०३३ को दफा ४(ङ) र (च) को कसुरमा सोही ऐनको दफा १४(१)(झ) बमोजिम २ वर्ष ६ महिना कैद र रू.१,००,०००।– (एक लाख) जरिवाना गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०६८।१२।२१ को फैसला नमिलेकोले सो फैसला उल्टी भई सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६६।५।१५ को फैसला सदर हुन्छ। यी पुनरावेदक प्रतिवादी जगदिशप्रसाद राणा सरियालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ को कसुरमा सोही ऐनको दफा १७ बमोजिम १ वर्ष ३ महिना कैद र रू.५०,०००।– जरिवाना हुने।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल चैत २७ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CR-०७७७, लागु औषध ब्राउन सुगर, *नेपाल सरकार वि. इन्द्रबहादुर थापासमेत*

वादी पक्षले ओसारपसार तथा बिक्री वितरणतर्फको कसुर हो भनी जिकिर लिए पनि कुन ठाउँबाट कहाँसम्म ओसारपसार गरेको र को-कसलाई बिक्री गर्ने गरेको भन्ने कुरा यकिनका साथ प्रमाणित हुने गरी खुलाउन सकेको पाइँदैन। अभियोग लगाउनु मात्र पर्याप्त नभई फौजदारी मुद्दामा त्यसको तथ्यगत आधार र प्रमाण, प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम प्रमाणित गरेको अवस्थामा मात्र बिक्री व्यवहार गरेको भनी भन्न सकिने। बिक्री वितरण, सञ्चय, ओसारपसार गरेको कसुर कायम गर्न यो यस तरिकाबाट ओसारपसार गरेको र यो यसलाई बिक्री वितरण गरेको भन्ने प्रस्ट देखिनुका साथै बरामद भएको लागु औषधको परिमाण पनि बिक्री व्यवहार गर्नेसम्मको हुनु आवश्यक देखिन्छ। प्रस्तुत मुद्दामा प्रतिवादी विनोद छन्तेल र इन्द्रबहादुर थापाबाट बरामद भएको लागु औषधको ज्यादै न्यून परिमाण रहेको र उल्लिखित तथ्यबाट खरिद बिक्री प्रयोजनको लागि ल्याएको भन्ने नदेखिएकोले प्रतिवादीहरू विनोद छन्तेल र इन्द्रबहादुर थापालाई सेवन प्रयोजनका लागि लागु औषध ल्याएको ठहर गरी सुरूले गरेको फैसला सदर गरेको पुनरावेदन अदालत बुटवलबाट भएको फैसलालाई अन्यथा मान्नु पर्ने नदेखिने।

सहप्रतिवादी इन्द्रबहादुर थापा तथा विनोद छन्तेलबाट बरामद भएको लागु औषध देबु क्षेत्री भन्ने देवबहादुर खत्रीबाट खरिद गरेको भनी मौकामा पोल गरेको र अदालतसमक्षको बयानमा सो कुरालाई अस्वीकार गरी बयान गरेको पाइन्छ। यी प्रतिवादी देवबहादुर खत्रीबाट कुनै लागु औषध बरामद भएको देखिँदैन। प्र.देवबहादुर खत्री कसुरमा इन्कार रही बयान गरेको अवस्था छ। मौकामा सहप्रतिवादीले गरेको पोल मिसिल संलग्न कुनै पनि प्रमाणले पुष्टि भएको पाइँदैन। यस अगाडि निज कसुरदार ठहर भएको प्रमाणसमेत वादी पक्षले प्रस्तुत गर्न नसकेको हुँदा यी प्रतिवादी देबु क्षेत्री भन्ने देवबहादुर खत्रीलाई सफाइ दिने गरी भएको सुरू फैसलालाई सदर गरेको पुनरावेदन अदालत बुटवलबाट भएको फैसला मनासिब नै देखिन आउने।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी देवबहादुर खत्रीले अभियोग दाबीबाट सफाइ पाउने र प्रतिवादी विनोद छन्तेललाई ११ महिना कैद एवम् प्रतिवादी इन्द्रबहादुर थापालाई ११ महिना १५ दिन कैद हुने र बरामद रू.१,८५५।– जफत हुने गरी भएको सुरू रूपन्देही जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७०।८।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल चैत २७ गते रोज ३ शुभम्।

## इजलास नं. १६

१

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-१५९१, वैदेशिक रोजगार कसुर,

*सुवास राई वि. नेपाल सरकार*

प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष जाहेरवालाबाट पेस भएको कागजलाई स्वीकार गरी जाहेरवालालाई वैदेशिक रोजगारमा जर्मन पठाइदिने भनी रू.६,५१,०००।- लिएको र पछि विविध कारणले जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउन सकिएन भनि कसुर गरेको कुरालाई स्वीकार गरी बयान गरेको पाइन्छ। सुरू न्यायाधिकरणमा लिखत व्यहोरा झुट्ठा हो, आफूलाई जाहेरवालासमेतका ८ जनाले गोंगबुको म्याग्दी गेष्टहाउसमा लगी तयार गरी राखेको कागजमा पढ्नसमेत नदिई एपेक्स मेनपावरको डाइरेक्टर भेटाइदेउ भनी २/४ मुक्का हानी धाक धम्की दिई जबरजस्ती सहिछाप गर्न लगाएका हुन् आफूले वैदेशिक रोजगारमा पठाउन भनी रकम लिएको हैन भनी कसुरमा इन्कार रही बयान गरे तापनि आफ्नो इन्कारी बयान तथ्ययुक्त र विश्वासयोग्य प्रमाण प्रस्तुत गरी प्रमाणित गराउन सकेको नपाइने।

प्रस्तुत मुद्दामा जाहेरवाला रविन्द्रकुमार लिम्बू उपस्थित भई आफूले वैदेशिक रोजगारीमा जानका लागि प्रतिवादी सुवास राईलाई रू. ६,५१,०००।- (छ लाख एकाउन्न हजार) दिएको हुँ, रकम फिर्ता भएको छैन उक्त कागज प्रतिवादीले राजीखुसीले गरिदिनु भएको हो । प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय भई बिगो र हर्जानासमेत भराई पाउनुपर्छ भनी जाहेरी दरखास्तलाई समर्थित हुने गरी बकपत्रसमेत गरी दिएको पाइन्छ। प्रतिवादीले यी जाहेरवालाउपर काठमाडौं जिल्ला अदालतमा दु.फौ.नं ०२९७२को करकाप मुद्दा दिएकोमा सो मुद्दामा काठमाडौं जिल्ला अदालतबाट वादी दाबी पुग्दैन भनी ठहर फैसला भएकोसमेत देखिँदा लिखतलाई अन्यथा ठान्नुपर्ने अवस्थासमेत रहेको पाइँदैन । त्यसैले प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताको बहस एवम् प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रतिवादीले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने अनुमति नलिएको, वैदेशिक रोजगारमा पठाइदिन्छु भनी कागज गरेको, जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउन नसकेको र जाहेरवालाको रकमसमेत फिर्ता नगरेको अवस्था हुँदा प्रतिवादीलाई आरोपित कसुरको कसुरदार ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मनासिब नै देखिने।

तसर्थ उपर्युक्त विवेचित आधार प्रमाणसमेतबाट प्रतिवादीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० बमोजिम इजाजतपत्र प्राप्त नगरी प्रतिवादीले जाहेरवालाबाट वैदेशिक रोजगारका लागि जर्मन पठाउँछु भनी रकम लिएर खाएको देखिएको हुँदा यी प्रतिवादीले उक्त ऐनको दफा १० र ४३ बमोजिम कसुर गरेको देखिएको र प्रतिवादीले जाहेरवालालाई विदेश पठाई नसकेको अवस्थासमेतलाई विचार गरी निज प्रतिवादी सुवास राईलाई ऐ. ऐनको दफा ४३ बमोजिम तजविजी १।६।० (एक वर्ष छ महिना कैद) र रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना तथा जाहेरवालाबाट लिए खाएको लिखतबमोजिमको बिगो र सोको ५०% प्रतिशत हर्जनासमेत प्रतिवादीबाट जाहेरवालाले भरी पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।१०।५ मा भएको फैसला मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद बस्याल

कम्प्युटर: विजय खड्का

इति संवत् २०७५ साल चैत २६ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-१९०४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. संजय यादव*

जाहेरवाला तथा मौकामा कागज गर्ने व्यक्ति शम्भु यादवसमेतको भनाइबमोजिम मृतक रिभादेवीलाई यी प्रतिवादी संजय यादवले जबरजस्ती विष खुवाएको हुन्थ्यो भने घटनामा मृतक र प्रतिवादीबिच संघर्षको चिह्नहरू देखिनु पर्ने, मृतकले सेवन गरेको विषको प्रकृति झोल नभई ट्याब्लेट देखिँदा एउटा बयस्क स्वास्नी मानिसलाई जबरजस्ती ट्याब्लेट खुवाउने कुरा सहज

किसिमको नहुने जस्ता मिसिलबाट देखिएको स्वतन्त्र तथ्यहरू प्रस्तुत मिसिलको सन्दर्भमा विचारणीय रहेकोसमेत पाइन्छ। यसको साथै यदि मृतकलाई मार्ने उद्देश्यले विष सेवन गराएको हुन्थ्यो भने भमिट गराएर बचाउने प्रयास प्रतिवादीबाट किन भयो होला ? मृतकले विष सेवन गरेको थाहा पाउने वित्तिकै उपचारको लागि किन अस्पताल पुऱ्याई बचाउने प्रयास गरिन्थ्यो होला ? तत्कालै माइतिपट्टि खबर गरी घटनाको बारेमा किन जानकारी गराइन्थ्यो होला ? यी प्रश्नहरू अनुत्तरित रहेको अवस्थासमेतलाई न्यायको रोहमा विचार गर्नुपर्ने नै देखिन्छ । कसुरदार ठहऱ्याउनको लागि शङ्कारहित प्रत्यक्ष एवम् स्वतन्त्र प्रमाणको आवश्यक हुन्छ। त्यस्तो प्रमाणको अभावमा कसैलाई पनि ज्यान जस्तो गम्भीर प्रकृतिको अपराधको कसुरदार ठहऱ्याउन फौजदारी न्याय सिद्धान्तसमेतले अनुमति प्रदान नगर्ने।

तसर्थ उक्त विवेचित उल्लिखित आधार प्रमाणबाट प्रतिवादी संजय यादवले मृतक रिभादेवी यादवलाई विष खुवाई मारेको भन्ने अभियोग दाबी तथ्ययुक्त आधार एवम् वस्तुनिष्ठ स्वतन्त्र प्रमाणबाट पुष्टि भएको अवस्था नदेखिँदा अभियोग दाबीबमोजिम प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिमको कसुरमा कसुरदार ठहर गरी भएको सुरू धनुषा जिल्ला अदालतको फैसलालाई उल्टी गरी पुनरावेदक प्रतिवादी संजय यादवलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०७२।१।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद बस्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल चैत २६ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७४-CR-०३२२, *कर्तव्य ज्यान*, *रामउदगार सदा वि. नेपाल सरकार*

प्रतिवादी रामउदगार सदाले अनुसन्धान तथा अदालतसमक्षको बयानमा कसुर गरेउपर साबित रही आफू र मृतकबिच अनैतिक सम्बन्ध रहँदै आएको र अन्य व्यक्तिहरूसँग यौन सम्बन्ध नराख्नु भनी सम्झाउँदै आएकोमा मिति २०७१।६।२९ गते वारदातस्थलमा बोलाई भेटी पूर्वकसम मृतकले तोडेको भन्ने विषयमा कुराकानी भई निजलाई करणी गरिसकेपछि पोल खुल्ने डरले घाँटी थिची मारेको हुँ भनी आफ्नो बेहोरा लेखाएको पाइन्छ। निजको मौका तथा अदालतसमक्षको बयान बेहोरालाई शव परीक्षण प्रतिवेदन, मौकामा बुझिएका वस्तुस्थितिका मानिस राजेन्द्र सदा, घटनास्थल लास प्रकृति मुचुल्काका मानिसहरू रामप्रसाद सदा तथा बाबुराम सदाले प्रतिवादी रामउदगार सदाले कर्तव्य गरी गीतादेवी सदालाई मारेका हुन् भनी अदालतसमक्ष बकपत्र गरी पुष्टि गरिदिएको देखिने।

प्रस्तुत वारदातको सन्दर्भमा हेर्दा, प्रतिवादी रामउदगार सदा र मृतक काकी भतिज नाताका रहेका र यी दुवैबिच लामो समयदेखि अनुचित सम्बन्ध रहँदै आएको भन्ने देखिन्छ। प्रतिवादीले वारदातको दिन उखुबारीमा मृतकलाई घाँस काट्न जाने बहाना बनाई बोलाई दुवैजना उखुबारीमा बसी मृतकले अन्य मानिससँग यौन सम्पर्क नगर्ने भनी मृतकले खाएको पूर्वकसम तोडेको भनी यी प्रतिवादीले भन्दा आइन्दा अन्यसँग यौनसम्पर्क नराख्ने भनी मृतकले भनेपश्चात् करणी भएकोसमेत देखिन्छ। यसरी करणी भएपश्चात् निजहरूबिच कुनै वादविवाद तथा झगडा भएको भन्ने देखिँदैन । प्रतिवादीले मौका र अदालतसमक्ष गरेको बयानबाट समेत निजहरूबिचको अनैतिक सम्बन्धको पोल खुल्ने डरले मृतकको घाँटी थिची हत्या गरेको भनी आफ्नो बयान बेहोरा लेखाएबाट समेत आवेशमा आएर मृतकको हत्या गरेको हो भनी निजले लिएको जिकिरलाई स्वाभाविक रूपमा समर्थित हुने आधार कारण र प्रमाणको अभावमा सत्य साँचो भनी भन्न मिल्ने नदेखिने।

प्रतिवादीले आफू विदेश मलेसिया जाने तयारी गरेका र निजहरूबिच रहेको यौन सम्बन्धको

चर्चा र होहल्ला गाउँघरमा चलिरहेको अवस्था हुँदा पोल खुल्ने डरले एकान्तस्थल उखुबारीमा बोलाई करणी गरी मृतकको घाँटी थिची हत्या गरी काठमाडौं गएको देखिँदा मृतकलाई मार्ने पूर्वयोजना बनाई वारदात घटाएको भन्ने घटना घटाउनुपूर्वको क्रियाले पुष्टि हुँदा उक्त वारदात आवेशप्रेरित हत्याभित्रको नभई मनसायप्रेरित हत्याभित्रकै देखिन आयो । तसर्थ सुरू सिराहा जिल्ला अदालतले यी प्रतिवादी रामउदगार सदालाई तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद गर्ने ठहऱ्याई भएको फैसलालाई सदर गरेको उच्च अदालत जनकपुर, राजविराज इजलासको फैसला मिलेकै देखिँदा परिवर्तन गरिरहन नपर्ने ।

प्रस्तुत मुद्दाको तथ्य, वारदातको प्रकृति, अपराध हुँदाको अवस्था र परिस्थितिसमेतलाई विचार गर्दा, प्रतिवादी रामउदगार सदाले मृतकलाई मार्ने मनसाय, पूर्वयोजना र तयारीसाथ एकान्तस्थल उखुबारीमा मृतकलाई बोलाई करणी गरी करणीपश्चात् घटना घटाई निज काठमाडौं गएको देखिँदा प्रतिवादीको उक्त कार्य मुलुकी ऐन, अ.बं.१८८ नं. को भावना र मर्मविपरीत देखिन आएको अवस्था एकातर्फ छँदै छ । सोको अलावा मुलुकी ऐन, अ.बं.१८८ को व्यवस्थालाई हेर्दा मिसिलमा भएको तथ्य र वारदातको प्रकृतिसमेतबाट न्यायकर्ताको चित्तले महसुस गरी यकिन गरिने कुरा भएकोबाट प्रतिवादीले अ.बं.१८८ नं. को प्रयोग भएन भनि लिएको जिकिर सान्दर्भिक नहुनुका साथै मनासिब पनि नदेखिने ।

सर्वश्वको हकमा विचार गर्दा वर्तमान मुलुकी अपराध (संहिता), २०७४ मिति २०७५ साल भाद्र १ गतेदेखि लागू भएको र उक्त ऐनको दफा ४० को उपदफा (२) मा "कानूनमा कुनै कसुरबापतमा सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भनी व्यवस्था गरेको देखिन्छ । त्यसैगरी फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्दछ" भन्ने व्यवस्थासमेत रहेको हुँदा सर्वस्व गरिरहन नपर्ने ।

अतः विवेचित तथ्य, आधार र कारणसमेतबाट प्रतिवादी रामउदगार सदालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुरमा ऐ.१३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय ठहर गरी सुरू सिराहा जिल्ला अदालतबाट मिति २०७१।१२।२९ मा गरेको फैसलालाई सदर गरेको उच्च अदालत जनकपुर, राजविराज इजलासको मिति २०७३।११।११ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: उषा श्रेष्ठ

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७६ साल असार ८ गते रोज १ शुभम् ।